गुञ्जन

त्रैमासिक

गुञ्जन ११
त्रैमासिक

२१

नववर्ष २०५९ को सुखद उपलक्ष्यमा
समस्त ग्राहक एवं शुभचिन्तकहरूमा सुख,
शान्ति तथा प्रगतिको लागि हार्दिक
मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

अरुण वनस्पती उद्योग लि.
दुहवी, सुन्सरी

प्रो. शिव नन्दन शाह
रामजानकी कोल्ड स्टोर्स
रामजानकी टायर रिसोलिङ
गा.वि.स. विन्ही ३ (लादोवेला) धनुषा फोन- २२६१५

प्रो. कृष्णप्रसाद देवकोटा
देवकोटा सेलर एण्ड राइस मिल
आँबुखैरेनी-६, तनहुँ/ फोन ०६५-४००४९

गुञ्जन

त्रैमासिक

(साहित्यिक, आर्थिक, मनोरञ्जनात्मक एवं विविध सामग्रीयुक्त

वर्ष ६ अंक १ २०५९ वैशाख

प्रकाशक / सम्पादक

रविन्द्र श्रेष्ठ

तेर्सापट्टी, पोखरा

फोन नं. ०६१-२३५८४

कार्यालय

घट्टेकुलो, काठमाडौं, नेपाल
फोन : ४-३४४४५
पो. ब. नं. : १३९६७, काठमाडौं ।

सहयोग

एक प्रतिको रु. ३०।-
आजीवन रु. २०००।-

प्रकाशित प्रति : ५०००
कम्प्युटर टाइपसेटिङ्ग : अञ्जन घिमिरे (कान्तिपुर श्री कम्प्युटर सर्भिस्, बागबजार, फोन : २४२०८०)
आवरण : दुर्गा बराल

मुद्रण :

पारु अफसेट प्रेस
डिल्लिबजार, काठमाडौं।
फोन : ४३०७९९

अनुरोध

- स्तरीय कथा, लघुकथा, कविता, गीत, गजल, मुक्तक, नाटक, कला, संस्कृति, इतिहास, स्वास्थ्य, खेलकुद, चुट्किला, हास्यव्यंग्य, आर्थिक लेख, समालोचना, राजनैतिक तथा अन्य मनोरञ्जनात्मक विविध लेख रचनाहरूको **गुञ्जन** हार्दिक स्वागत गर्दछ।
- लेख/रचनामा अभिव्यक्त विचारप्रति स्वयं जिम्मेवार हुनुपर्ने हुँदा आफ्ना रचनाहरूप्रति गम्भीर हुन अनुरोध गरिन्छ।
- लेख/रचना टाइप गरिएको वा स्पष्ट अक्षरमा कागजमा एकापट्टि मात्र लेखिएको हुनुपर्छ। फोटोकपी गरिएको वा कार्वन कपिको रचनालाई स्वीकृत गरिने छैन।
- अस्वीकृत लेख/रचना फिर्ता गरिने छैन।
- आफ्नो रचना पठाउँदा सकेसम्म पि. पि. वा अटो साइजको तस्वीरसमेत पठाउनुहुन अनुरोध गरिन्छ।
- स्वीकृत स्तरीय रचनाहरूको पारिश्रमिक आजीवन सदस्य शुल्कमा परिणत गरिनेछ।

तपाईंले गरेको धुम्रपानले तपाईं आफूलाई मात्र हैन, तपाईंका वरपरका एवं गर्भमा रहेकालाई समेत हानी हुने हुनाले धुम्रपान त्यागी स्वस्थ जीवन बिताऔं र बिताउन दिऔं।

-गुञ्जन परिवार

सम्पादकीय

संसारलाई सुन्दर देख्न आफ्नै आँखा सुन्दर हुनुपर्छ । आँखाका पर्दाभित्र जीवनले धेरै सपना सजाउँछ, तर आस्था र विश्वासको दरिलो जग भएरै पनि त्यो त्यसै कोपिलामै झर्न पुग्छ । विश्वासमा उन्यूँ पनि फुल्छ, तर धमिराले खाएको राष्ट्रमा सपना आँखाका डिलबाट सुटुक्क खसिसक्छ । हो, देश धमिराले खोक्रो भएको छ । भ्रष्टाचारले नैतिकता मक्किएको छ, हिंसाले मानवता घाइते भएको छ, राजनीतिले अविश्वास मौलाएको छ, त्यसैले देशलाई सन्चो छैन । देशलाई स्वस्थ र सुन्दर सपनामा फुलाउने सृजनाकर्मीको विचारले राष्ट्रलाई विउँताउन सक्छ । आहाल बसको वर्तमानमा साहित्य कमल बनेर मुस्काउन सक्तछ । हाम्रो प्रयास हो– तपाईंको हातमा रहेको यो अङ्क ।

शिशिरको चिसाले उजाडिएका रूखहरूमा नयाँ पालुवा वसन्तलाई स्वागत गरेर नयाँ वर्षलाई भित्र्याउन हतारमा छन् । जीवनलाई आस्थाले हेरेर कर्तव्यको यात्रा रोज्नुपर्छ– पीडा र असफलताले कहिल्यै बाटो रोक्तैन । हृदयको चोट खाटा बस्छ, तर जीवन नयाँ आशा र विश्वासमा फुल्न कहिल्यै रोकिँदैन, रोकिनु पनि हुँदैन । जीवन पछाडि फर्केर आँसु बगाउन होइन, अगाडिको यात्रा रोज्न हो । समयको घुमाइमा यौटा वर्षले विदा लिएर अर्को नयाँ वर्ष जीवनको ढोका ढकढक्याउन आइपुगेको छ । कामना गरौं– अव वुद्ध जन्मेको देशमा हामी सबै शान्तिपूर्वक निर्वाध बाँच्न पाऊँ । आदरणीय पाठक यस नयाँ वर्षले हाम्रो जीवनमा मृत्युको होइन, जीवनको खुशी ल्याओस् भन्ने कामना गर्दछौं ।

साहित्य, कलाका क्षेत्रमा कार्यरत बौद्धिक व्यक्तिहरूको लागि नयाँ वर्ष यौटा उमङ्ग, खुसी आएको छ । वर्षौंको प्रयास र मागपछि 'प्रतिलिपि अधिकार' ऐन आएको छ । निश्चयै पनि यसले रचना र सृजनाको पक्षमा सकारात्मक परिवर्तन ल्याउनेछ । अर्काको खूवीलाई आफ्नो स्वार्थअनुरूप प्रयोग गर्न अव पाइने छैन । यसले सृजनकारितालाई पक्कै पनि मलजल गर्नेछ भन्ने विश्वास लिएका छौं भने आफ्नो बौद्धिक सम्पदाको मूल्य पनि सृजनाकारले पाउने हुँदा व्यवसायिक दृष्टिले यसको आफ्नो महत्त्व रहने नै छ ।

साहित्यको वाटिकामा नयाँ सौन्दर्य छर्ने हाम्रो प्रयास हो र यसमा हामीले 'गजल विशेषाङ्क'को प्रकाशन गरेका थियौं । निश्चयै हाम्रो यो सानो प्रयासले नेपाली साहित्य वाटिकामा यौटा सुन्दर फूल थपिनेछ । यस अङ्कलाई हामीले अन्य अङ्क सरह प्रकाशन गरेका छौं । कविता, लघुकथा, निबन्ध, समालोचना र लेख समावेश गरी यो नयाँ फूल पाठकसमक्ष समर्पण गरेका छौं । सुझाव र सल्लाहको ढोका खुल्ला राख्दै यो अङ्क जस्तो भयो त्यो यहाँहरूसमक्ष प्रस्तुत छ ।

◆

पाठक प्रतिक्रिया

म 'गुञ्जन' बाट ज्यादै प्रभावित छु । यसले नयाँ लेखकहरूलाई महत्त्व दिई लेखनतर्फ प्रोत्साहित, उत्साहित पारेको पाएको छु । आशा छ यस्तो निरन्तरा सदा कायमै रहिरहोस् भन्ने कामनासहित 'गुञ्जन'को प्रगतिको कामना गर्दछु ।

उषा श्रेष्ठ र जया श्रेष्ठ
तुल्सीपुर, दाङ्ग

'गुञ्जन' २० औं अंक 'गजल' विशेषाङ्कको रूपमा पढ्न पाउँदा ज्यादै खुशी लागेको छ । सानो आकारमा निकालिएको भए तापनि इतिहासदेखि वर्तमानसम्मलाई समेट्ने कोशिशलाई सहानीय नै मान्नु पर्दछ । भविष्यमा यस्तै विविध विषयमा विशेषाङ्क निकाल्नुहुन समेत अनुरोध गर्दछौं ।

अमृता सिंह
इटहरी, सुनसरी
अन्जना आचार्य, धरान, सुनसरी

'गुञ्जन' पत्रिका पढ्न पाउँदा धेरै खुशी लाग्यो । यसले समय सान्दर्भिक सम्पूर्ण साहित्यि प्रेमीहरूको तीता-मीठा कथाव्यथालाई समेट्न सफल भएको छ । आउँदा अंकहरूमा यस्तै मीठा-मीठा लेख-रचनाको अपेक्षाका साथै साहित्यानुरागी मित्रहरूको ढुकढुकी यस 'गुञ्जन'को प्रगतिको कामना गर्दछु ।

पूर्णिमा घर्ती मगर 'सन्ध्या'
नारायणपुर-८, सन्नी, कैलाली

यस अंकका स्रष्टाहरु

गजल / कविता / गीत / मुक्तक

सि.नं.	लेखक	पेज नं.
१.	मनु ब्राजाकी	१
२.	ध्रुव मधिकर्मी	२
३.	श्रेष्ठ प्रिया 'पत्थर'	३
४.	संजिता देउजा	३
५.	सविना मिश्र	४
६.	साधना प्रतीक्षा	४
७.	मन्दिरा कोइराला	५
८.	पुष्पा शर्मा अधिकारी	६
९.	सृजना कार्की	७
१०.	कमला 'निर्दोषी'	७
११.	ईश्वरी कार्की 'वर्षा'	८
१२.	जसध्वज गुरुङ्ग	८
१३.	किशनसिंश धामी	९
१४.	रेणुका भट्टराई	९
१५.	जगत नवोदित	१०
१६.	राधाकृष्ण काफ्ले	११
१७.	रोशन शेरचन	१२
१८.	आई.वहादुर गुरुङ	१३
१९.	श्रीराम अर्याल	१३
२०.	मिनकुमार श्रेष्ठ 'नवोदित'	१४
२१.	ऋचा लुइँटेल	१६
२२.	पूर्णिमा घर्ती मगर 'सन्ध्या'	१७
२३.	भाग्यशाली अधिकारी	१८
२४.	सुरेश हाँचेकाली	१९
२५.	दिव्य गिरी	२०
२६.	खगेन्द्रप्रसाद बस्याल	२१
२७.	नरेन्द्रप्रसाद जोशी	२२
२८.	मुन पौडेल	२२
२९.	हृदय लेकाली	२३
३०.	अमृतलाल श्रेष्ठ	२३
३१.	चंकी श्रेष्ठ	२४
३२.	हरिहर तिमिल्सिना	२५
३३.	वालकृष्ण श्रेष्ठ 'विनीत'	२६
३४.	येहाङ	२७
३५.	आनन्द घिमिरे	२८
३६.	कृसु क्षेत्री	२९
३७.	राधाकृष्ण भट्टराई	३०
३८.	राजेश्वर रेग्मी	३१
३९.	मनोज न्यौपाने	३१
४०.	गोविन्द गिरी 'प्रेरणा'	३२
४१.	मधुसूदन गिरी	३३
४२.	व्याकुल माहिंला	३३
४३.	गोविन्दराज विनोदी	३४
४४.	अमर त्यागी	३४
४५.	अशोक वोहरा 'असीम पीडा'	३५
४६.	दीपक पाठक 'अपूर्ण'	३६
४७.	काशीराम विरस	३६
४८.	विवश पोखरेल	३७
४९.	भेषराज पोखरेल	३८
५०.	महेश मार्सेली	३८
५१.	राजेन्द्र पौडेल	३९
५२.	वसन्त खनाल	३९
५३.	दिनेश निरौला 'आशा'	४०
५४.	निशान लिम्बू 'अभिलाषी'	४१
५५.	टी.एन. पौडेल	४१
५६.	मणि लोहनी	४२
५७.	दीपक लोहनी	४३
५८.	चूडामणि नेपाल 'अकिञ्चन'	४३
५९.	वलबहादुर भुजेल	४४
६०.	दिनेश 'आशा'	४४
६१.	जीवन्त	४५
६२.	ओमनाथ कडरिया	४६
६३.	पुष्करराज भट्ट	४७
६४.	बेनीबहादुर थापा	४८
६५.	दामोदर पुडासैनी 'किशोर'	४९
६६.	लक्ष्मण केसी	५१
६७.	लावण्य सापकोटा	५२
६८.	अच्युत घिमिरे	५३
६९.	सिर्जना दुवाल	५४
७०.	इशा श्रेष्ठ	५५

कथा / लघुकथा / व्यङ्ग्य / दर्शन / विविध

सि.नं.	लेखक	पेज नं.
७१.	ललिता 'दोषी'	५६
७२.	आत्रेयी दीक्षित	६०
७३.	आहत परागण	६२
७४.	अरुणवहादुर खत्री 'नदी'	६३
७५.	शिवहरि अर्याल	६४
७६.	इन्द्रकुमार श्रेष्ठ 'सरित्'	६७
७७.	गोपालप्रसाद सङ्ग्रौला	७१
७८.	नवराज कट्टेल	७९
७९.	सुमन कट्टेल	९७
८०.	इशहाक हुसेन	१०१
८१.	ऋषेश्वर दुवाडी	१०७
८२.	धनञ्जय तिमिल्सिना	११०
८३.	आर.पी. ढुङ्गेल	११४
८४.	रविराज श्रेष्ठ	११८
८५.	राकेश शास्त्री	१२१
८६.	अन्तरवार्ता	१२५

नववर्ष २०५९ को सुखद
उपलक्ष्यमा समस्त लेखक,
साहित्यकार, पाठक एवं
शुभचिन्तकहरूमा हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।



गुञ्जन
परिवार

गजल

मनु ब्राजाकी

हाँस्छ्यौ भने हाँस तर हाँस्न कहाँ सजिलो छ ?
कहिले हाँसो साह्रै मीठो कहिले भने अमिलो छ ।

जिन्दगीमा वाढी नआई बाँच्न कहाँ सकिएला ?
यिनै वाढीहरूले नै बगर पनि मलिलो छ ।

लेख्छ्यौ भने लेख चिठी आफैंलाई भए पनि,
व्यहोरा त प्रष्ट रै'छ ठेगाना पो धमिलो छ ।

लाए हुन्छ मायाँ तर तिम्रो मायाँ यस्तै रै'छ
भावना त गहिरो छ, विचार पो कलिलो छ ।

एउटै छ स्वाद यहाँ, पसिना र रगतको
अझ भनूँ भने हाम्रो आँसु पनि नुनिलो छ ।

पोल्ने आगो जस्तो मित्र कोही छैन दुनियाँमा,
पानीभन्दा पनि यहाँ तिर्खा साह्रै गुनिलो छ ।

फक्रिएको फूल हेर्ने चाहना छ, सबैलाई
फुलेपछि झरिजाने फूल यहाँ रुदिलो छ ।

खुकुलो नै गरी तिमी बाँध आफूलाई तर
जति जति फुकाउँछ्यौ उति उति नै पो कसिलो छ ।

कहाँ जान खोजेकी हौ 'मनु'सँग तिमी आज ?
खुट्टा तिम्रा लुला नै छन् हात भने दरिलो छ ।

—ललितपुर

◆

गजल

ध्रुव मधिकर्मी

दियोमुनि अँध्यारो कसले देख्यो ?
दिउँसै शहर अँध्यारो कसले देख्यो ?

भनियो शीर्षक मात्र राख्न वाँकी छ
कथा अझै अपूरो कसले देख्यो ?

किन केही सुन्दैनन् यहाँका मान्छेहरू,
प्रत्येक मान्छे वहिरो कसले देख्यो ?

सपनाहरू बेचिए यसमा छैनन्, साक्षी
आँखामा हालेको छारो कसले देख्यो ?

मिश्री घोलेर मोलिरहेछ यो मान्छे
भित्र छ कि छुरी ? कसले देख्यो ?

कहिले परेन हाम्रो हिस्सामा घाम
हकको रित्तो कहतारो कसले देख्यो ?

विश्वास र विवशताको कुरा नगर 'ध्रुव'
प्रतिपल गइरहने पहिरो उसले देख्यो ?

–भक्तपुर

◆

गजल

श्रेष्ठ प्रिया 'पत्थर'

सोच्या कुरा पुग्छ अरे, आँट्न मात्र सक्नुपर्छ
धक्का खाई केही कहर, काट्न मात्र सक्नुपर्छ।

पूरा हुन्छ अभीष्ट ती, मनमा भए जति सबै
ठूलावडाका पैतलालाई, चाट्न मात्र सक्नुपर्छ।

वाक्पटुतामा भात मार्न, केही गाह्रो छैन यहाँ
चनाखो भै मीठा भाषण, छाँट्न मात्र सक्नुपर्छ।

भारी मूल्य पाइन सक्छ, किनवेचको वजारमा
व्यक्तित्वलाई अभिजातमा, साँट्न मात्र सक्नुपर्छ।

कति सजिलो छ यहाँ, विश्वास गुमाई घात गर्न
पानी नचुहिने गरी, ढाँट्न मात्र सक्नुपर्छ।

◆

–कैलाली

गजल

संजिता देउजा

मारेर जीउ नभन मलाई
अमृत पिऊ नभन मलाई

दिएर फेरि लिनुपर्छ भने
मुटु यो दिऊँ, नभन मलाई

सिलाउँदा लुगा दाग बस्छ
उघारी मन सिऊ नभन मलाई

सह्माल्दा पहाड भएँ चिसो म
विन्ति हिउँ नभन मलाई

विष पिएर बाँचिरहेछु
अमृत पिऊ नभन मलाई

◆

गजल

गजल

सविना मिश्र

हेर्दा नजिक बुझ्दा सबै टाढा लाग्यो जिन्दगी
मलाई त तारा जस्तै एक्लो लाग्यो जिन्दगी ।

जब तिम्रो नशा पनि उत्र्यो दिलबाट
अनि वास्तवमै खल्लो लाग्यो जिन्दगी ।

भो कुरै नगरौं यसको दूषितपनको
टाढावाट हेर्दा मात्रै सङ्लो लाग्यो जिन्दगी ।

कति क्षणभङ्गुर कति असत्य यो
केहीबेरमै जली सिद्धिने सल्लो लाग्यो जिन्दगी ।

यो छोइनसक्नुको वजारमा
अरू सब महङ्गो सस्तो लाग्यो जिन्दगी ।

◆

-घट्टेकुलो, काठमाडौं

गजल

गजल

साधना प्रतीक्षा

आकाश साँघुरो भएर हो कि तल झर्दैछन् तारा हजूर
कति सुन्नु वाक्क लाग्यो थोत्रा भैसके अब नारा हजूर ।

महङ्गीले भेट्टाउला कि भनी अग्लिन थाल्यो सगरमाथा
औचित्य छैन भाषणको अभावको खाडलमा धसिंदैछन् सारा हजूर ।

कहीं छैन शान्ति-सुरक्षा हरपल आतङ्कित छ, समय
बन्दै भैसक्यो जनताको प्रगती, नदेऊ बन्दको इशारा हजूर ।

क्रमश: ख्याउटिदैछन् जनताहरू, क्रमश: मोटाउँदैछन् नेताहरू
फर्की हेर हिजोलाई लाग्ला शहीदको रगतको भारा हजूर ।

डोका जत्रो मुख बाएथ्यौं, तिमीले आश्वासनका पोका बाँड्दा
लौन खोजौं हाम्रो दिन फिर्ने छ कि संविधानमा धारा हजूर ।

◆

—कीर्तिपुर

गजल

मन्दिरा कोइराला

मेरो उजाड फूलवारीमा प्रेमको विरुवा रोप्यौ किन ?
मेरो कोमल भावनालाई जवर्जस्ती भोग्यौ किन ?
॥१॥
दुःख सुख एकआपसमा बाँडौं भन्थ्यौ सधैँभरि
प्रेमपथमा अघि लगाई उल्टै मलाई छल्यौ किन ?
॥२॥
सुनेकीथेँ प्रेमका कथा, पीडाभरि गीत-गजल
मीठा-मीठा आश्वासन मेरो मन जित्थ्यौ किन ?
॥३॥
वाचा कसम गर्‍यौ सधैँ बाँच्ने-हाँस्ने जीवनभरी
बाचा बन्धन बिर्सिएर धोका दिई भाग्यौ किन ?
॥४॥
आफ्नो प्रेम होलसेलको तराजुमा जोख्यौ अनि
सुन जोख्ने तराजुमा मेरो प्रेम तौल्यौ किन ?
॥५॥
आकांक्षा थ्यो सुहागरात तिमीसँगै विताउने
कायर भई अधरमात्र चुमी भाग्यौ किन ?
॥६॥
ओइलिएर झर्न लागे यौवनका फूलहरू
भमराको रूप छली 'मधु' चुस्न भुल्यौ किन ?
॥७॥

—सुनसरी

◆

गजल

✍ **पुष्पा शर्मा अधिकारी**

भाग्यको सितारा कतै झरेछ कि कुन्नि !
बलेको जीवनको दियो यतै निभेछ कि कुन्नि !!

बस्ती जो बसाएथें आफ्नै सानो संसारको,
थाहै नपाई बाढी त्यहाँबाट पसेछ कि कुन्नि !!

कसको साथ मागूँ म अब कस्को हात थामूँ ?
आफन्तहरू अन्तै बसाइँ सरेछन् कि कुन्नि !

बहिरा छन् सबै यो कोलाहलमा लाटा छन्,
चर्को अन्तर्द्वन्द्वले कानको जाली फुटेछ कि कुन्नि !

सलल बग्दै थियो नदी जस्तै यो जिन्दगी मेरो
बाटो आफै बनाउँछु भन्दा भास्सिएछ कि कुन्नि ।

◆

–बुटवल

गजल

सृजना कार्की

तिहारको वेला सयपत्रीझैं धपक्कै फुल्यौ कि
मलाई भेट्न हिंडेकी तिमी अन्तै पो भुल्यौ कि ।
लेकमा हेर लालि र गुराँस ढकमक्क फुलेको
मौरीझैं तिमी भीरपाखा संसार डुल्यौ कि ।
परीझैं लाग्छ स्वर्गकी तिमी धपक्कै वलेकी
हँसिला मुहार आज तिम्रो जूनझैं खुल्यौ कि ।
सगरमाथाझैं उच्च शीर तिम्रो सधैं नै
धानका वालासँगै लहलह तिमी झुल्यौ कि ।

◆

गजल

कमला 'निर्दोषी'

सन्देश पठाउँदैछु यसमा मायाको वात छ
सम्हालेर पढ्नु यसमा मायाको खात छ ।

नियती हो हाम्रो दुई दिनको बिछोड तर
अँध्यारोमा पनि आउने उज्यालोको प्रभात छ ।

तिमीभन्दा पर कोही छैन मेरो मायालु ।
तर हेर मलाई पछ्याउनेको ठूलो जमात छ ।

भेदभाव किन मायामा ए मेरो हजूर
मायामा केवल मायामात्र एउटा जात हुन्छ ।

◆

–सुनसरी

गजल

ईश्वरी कार्की 'वर्षा'

जिन्दगी त नशा रहेछ एकै घुड्को पिएपछि
जिउनु नै दशा रहेछ गन्तव्य नै भुलेपछि
पिउनेहरूलाई के थाहा नपिउँदा जीवन कस्तो हुन्छ
पिउनुको मादकतामा दुनियाँ नै भुलेपछि
नशाको मातले जिन्दगी नै खोक्रो भयो
वेहोशी भई बाँच्नुपर्ने नशामा झुलेपछि
लर्खराए पाइलाहरू कतै ढली जान्छ कि
थाहै नपाई जिन्दगी सबै सेतै फुलेपछि
पश्चात्ताप सिवाय बाँकी छैन अब केही
अन्तिम अवस्थामा होस खुलेपछि ।

–मैतिदेवी

◆

तीन मुक्तक

जसध्वज गुरुङ्ग

जात उस्तै धर्म उस्तै फरक केही छैन
लवाइ उस्तै खवाइ उस्तै फरक केही छैन ।
पूर्खाको वण्डापत्रमा हिसाव मिलेको थिएन कि कुन्नि
रिफ्यूजीहरू जस्तै हामी उस्तै फरक केही छैन ॥

मैले मेरो रूप गोल्टिन ऐनामा हेर्ने गरेको छु ।
कैले मेरो रूप सङ्लो पानीमा हेर्ने गरेको छु
अरूलाई भुलिन्छ कि भनेर फोटोमा हेर्ने गरेको छु ॥

हिजोको गर्भ आज बालक हुन सक्छ
आजको बालक भोलि तन्नेरी हुन सक्छ
उमेरसँगै फुलेको कपाल र मनसँगसँगै दौडन सकेन भने
चितामा चढ्ने बेलाको बूढो कट्मिरो हुन सक्छ ।

–ताप्लेजुङ

◆

मुक्तक

दुई टुक्रा

✍ किशनसिंह धामी

१. घर

त्यो घर घरभित्रको कस्तो घर ?
ठेकेदारको पनि ऊ ठेकेदार
उसलाई था' पनि छैन शायद,
माटो ढुङ्गा अनि विषबिनाको जहर ।

२. राष्ट्र

राष्ट्रभित्रको त्यो देश
शासनभित्रको त्यो शासन
कति सुन्नु खै आज
नक्कली प्रजातन्त्रका ती घोषणा ।

◆

–दार्चुला

मुक्तक

दुई मुक्तक

✍ रेणुका भट्टराई

म रोएर पनि तिमीसँग हाँस्न थालेको छु
भित्र भित्र सधैं दुखेर पनि बाँच्न थालेको छु ।
तिमीसँगको साथलाई विश्वासको थाती राखेर
आफैंभित्र कहाँ कहाँ गहिराइमा डुब्न थालेको छु ॥

स्वाभिमानको पर्खाललाई पौरखले थेग्दै
खुकुरी धारबीचमा पैंताले टेक्दै ।
धेरै हिंडे यात्राहरूमा लगातार मैले–
आँसुसँग सुखका दिनहरू गन्दै ॥

◆

–काभ्रे

चार मुक्तक

जगत नवोदित

१. अभिलाषाको अन्तिम शिखर चढ्न सकिनँ
अरूको त के कुरा आफ्नै मनलाई पढ्न सकिनँ
दुनियाँले छिः छिः दुर-दुर गरे पनि मलाई
आफ्नो विरुद्धमा म आफैं लड्न सकिनँ ।

२. खान छोडेर भो अचार नवाँड
लक्ष्य तोडेर भो विचार नभाँड
मनमा एकभारी रीस र ईर्ष्या बोकेर
भो मित्र, मलाई शुभकामना नछाड ।

३. सम्झनाको डोरी नगाँस –यो त आँसुको भेल हो
सपनाको डोरी नसाँच –यो त कल्पनाको मेल हो
कसैलाई नवुझी व्यर्थ आफूलाई समर्पण नगर
कसैलाई जिन्दगी सुम्पनु त अस्तित्वको खेल हो ।

४. निंदको के मतलब भो, आँसु झरिरहेको बेला
हाँसोको के पर्वाह भो, दिल जलिरहेको वेला
दुनियाँको के फिक्कर भयो र ? मलाई,
आफै अन्त्येष्टिको अचानोमा परिरहेको बेला ।

–खोटाङ

◆

दुई मुक्तक

राधाकृष्ण काफ्ले

हरेक सम्मेलनमा, शहरका सडकहरू बन्ने गर्छन्,
सम्मेलन सकिनासाथ सडकहरू फेरि खन्ने गर्छन् ।
खन्ने र बन्ने यस्तै घटना दोहोरिने भएर होला,
बिचरा जनता त्यसैलाई, 'विकास' भन्ने गर्छन् ॥

* * *

रिस उठ्यो भनेर टाउको फोर्न मिलेन,
आफ्नै टाउको फुट्न के बेर
निर्बलियो भएपछि निहुँ खोजेर के काम,
बलियाले आफैंलाई कुट्न के बेर ।

महिला मुक्तिको नारीस्वर गुञ्जेको बेला,
घरैमा पनि बोल्न होस गर्नू ।
श्रीमतीज्यू भनेर जथाभावी बोल्दा,
धान चुटेझैं चुट्न के बेर ॥

◆

–मातातीर्थ, काठमाडौं ।

आगामी अङ्कहरूमा कविशिरोमणी लेखनाथ पौड्याल र आदिकवि भानुभक्त विशेषाङ्क निकाल्ने हुनाले लेख-रचना पठाई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

–गुञ्जन परिवार

रूखका औंलाहरू समाएर पहाडका

रोशन शेरचन

त्यो कस्तो हावा ?
रूखका औंलाहरू समाएर पहाडका
शिखरमा पुग्यो र मुस्कुरायो –प्राप्तिको

त्यो कस्तो हावा ?
पानीको तरलतासँग मिसियो खोलाको
र पानीलाई जीवनवादी वनाइदियो– भित्रैसम्म भिज्ने

त्यो कस्तो हावा ?
वादलका आकृतिहरूसँग नाँच्यो आकाशको
र वादललाई गतिशील वनाइदियो– चञ्चल

त्यो कस्तो हावा ?
घामको प्रथम किरणहरूसँग नाँच्यो क्षितिजको
र घामलाई उज्यालो वनाइदियो– हिउँजस्तो

त्यो कस्तो हावा ?
प्रेमिकाको सम्पूर्ण देहमा त्यो प्रवेश गऱ्यो
र सुगन्धित वन्दै आकासियो– अमर हुन

त्यो कस्तो हावा ?
कविको कवितालाई त्यसले स्पर्श गऱ्यो
र कवितालाई वनाइदियो–कालजयी

त्यो कस्तो हावा ?
सानो वालकको कपाललाई हल्लाएर
गहिरा सुन्दर आँखा छोपिदियो– झन् सुन्दर वनाउन

त्यो कस्तो हावा ?
मनमष्तिष्क व्यस्त गर्दै मभित्र प्रवेश गऱ्यो
र मलाई वनाइदियो–मान्छे

◆

कविता

रमाइलो बेगनास ताल

✍ आई. बहादुर गुरुङ

उत्तरपट्टि बेगनास गाउँ छ
दक्षिणपट्टि पिकनिक जाने ठाउँ छ ।
बिहानैदेखि विदेशी पर्यटक आउँछ
डुङ्गा चलाउने दिनदिनै धाउँछ
वारिपारि चराचुरुङ्गीले गीत गाउँछ
तालैभरि माछाको माऊ छ
बिहानैदेखि माछाहरू थरिथरि पाउँछ
बजारको एकै किसिमको भाउ छ
मान्छे सबैको पैसा कमाउने दाउ छ
यहाँको मान्छेले सफा लुगा लाउँछ
कति रमाइलो बेगनास ताल नाउँ छ ।

–कास्की

◆

कविता

अन्तर्द्वन्द्व

✍ श्रीराम अर्याल

तिरस्कृत मनबाट परिस्कृत विचार निस्कँदैनन्
कुण्ठित हृदय, आत्मग्लानीको भारबाट पीडित हुन्छ ।
स्वच्छ दिमागबाट स्फूर्त मनस्थिति बिचलिंदैनन्
जहाँ स्वच्छ हुन्छ, त्यहाँ हराभरा जिन्दगीको कल्पना हुन्छ ।

बादलपारीको शहर, अनकन्टार भीर पाखा भएर जान्छ ।
भावनाको लहरहरू तरङ्गिंदै पुग्न खोज्छन् ।
बिराना देशको स्वर्णीम साँझ, विरक्तिएर जान्छ ।
जब भावनाहरू कठोर चट्टानमा ठोकिन पुग्छन् ।

झ्याउँकिरीको आवाज शून्यताको पहिचान हैन
कोलाहलले थिचिएको भ्रान्ति मात्र हो ।
बिरूप सुन्दरी वास्तवमा असुन्दरी हैन
यो मानसपटलको अन्तर्द्वन्द्व मात्र हो ।

◆

म रोएको साँझ

मिनकुमार श्रेष्ठ 'नवोदित'

म रोएको साँझ
कथाकथिक कोही नरोऊन्
नवक्षितिजका गोरेटा खन्दा खन्दै
ती गोरेटाहरू नमेटिऊन्
ती त युगौ युगसम्म अमिट रहिरहून्
मुग्लान र अरब जाने सपनामा
भौंतारिंदा भौंतारिंदै
काठमाडौंको गल्लीवाट नै
पलायन नहोऊन्
यद्यपि म रोएको साँझ कोही नरोऊन्
शहरको गल्ली र चोक
दर्द र पीडाले छटपटाउँदा
गाउँको झुपडीमा
मकै र भटमास भुटिन छाड्दा
एउटा बटुवाले आश्रय नपाउँदा
फलतः
वस्ती वस्तीमा स्वार्थको
प्रगाढ बक्ररेखा कोरिंदा
साँझ बितिसक्दा पनि
कतै बत्ती नबली
निष्तब्धताको जड गाडिंदै जाँदा
म रोएको साँझ कोही नरोऊन्
कसैले पनि हल्ला नगरून्
सबै मौन रहून्

हरेक दिनको साँझ
पर्खंदा पर्खंदै
हरेक समयको सूक्ष्मकण
हेर्दा हेर्दै
म त मूर्तिवत् हुन्छु
शून्यवत् हुन्छु ।
भ्याउँकीरीको भ्याउँभ्याउँ
जुनकीरीको पिलपिलाइसँगै
म रोएको साँझ
अरू कोही नरोऊन् ।
म हाँसेको विहान सबै खित्का छोडी हाँसून्
सिंहदरबार र ठूल्ठूला भवनसँगै
गाउँका झुपडी पनि हाँसून्
तर, रोल्पा र डोल्पाको झुपडीसँगै
कोही नरोऊन्
यो देखेर
म रोएको साँझ
अरू कोही नरोऊन्
सिंहदरबारभित्रको पौठे जोडीसँगै
राष्ट्रको अस्तित्वलाई नचपाऊन्
बुद्धको शान्तिलाई कुल्चेर
आफू-आफूमा बन्दुक हानाहान गरेर
समयलाई नबिछ्याऊन्
सन्ध्याको मधुरतामा
कोही विलीन नहोऊन्
म रोएको साँझ कोही नरोऊन् ।

–खोटाङ

◆

कविसँगको झगडा

✍ ऋचा लुइँटेल

एउटा कविले
अर्को कविसँग झगडा गर्छ
यहाँ कविले कविलाई
र बन्धुत्वलाई घृणा गर्छ
यहाँ घृणित कविलाई
सन्त बनाइदिने कुनै व्यक्ति छैन
कविको झगडा छिन्ने
कुनै अदालत छैन
न्यायधीश छैन
न्याय नभएको देशमा
कवि कसरी बाँच्न सक्छ ?
कविता कसरी हाँस्न सक्छ ?
आपसमा द्वन्द्वता भएपछि
तर दुर्भाग्य !
कविहरूको झगडा गर्ने रहर होइन
बाध्यता हो
भोका कविहरूलाई दया गर्ने कोही छैन
कविको आफ्नो भन्ने कोही छैन
कविहरू यहाँ
देवकोटा भएर मर्नुपर्छ
रत्ननिधि रेग्मी भएर बाँच्नुपर्छ
कविभन्दा तुच्छ कोही छैन
कविभन्दा अपमानित कोही मानिस छैन
त्यसैले एउटा कविले अर्को कविसँग झगडा गर्छ
त्यसैले झगडा गर्नु बाध्यता बन्ने गर्छ ।

◆

–कैलाली

कविता

पूर्णिमा घर्ती मगर 'सन्ध्या'

छाती भित्रको कथा र व्यथा
हृदय खोली पोखूँ, म कसलाई ?

गुराँस सरी, यो माया
सुटुक्क साटूँ, म कसलाई ?

चाहनाको फूल, फुलेको छ दिलमा
पिरतीको माला, गाँसूँ म कसलाई ?

ननिभ्ने गरी, बलेको छ मनमा
आशाको दियालो, हेरूँ म कसलाई ?

अकेली मन, रुँदैछ वनमा
विरही भाका, सुनाऊँ म कसलाई ?

आँसु पिई, बाँचेछु जीवनमा
हाँसोको भीख, मागूँ म कसलाई ?

◆

–टिकापुर

कविता

✍ भाग्यशाली अधिकारी

हिजोआजका बजारहरूमा
दिग्गज कहलाएका विद्वान्हरूको कुनै कमी छैन
तर तिनीहरू आजका यी हुलहरूमा
चुरोटका खिली सल्काएर
एकोहोरो क्वार-क्वारती नियाली रहेछन् ।
त्यही बट्टा बाहिर लेखिएको
"धुम्रपान स्वास्थ्यको लागि हानिकारक छ"
हेर्दाहेर्दै कैयौं खिल्लीहरू
धुँवामा उडाएर खरानी बनाइसके ।
तिनीहरू यस समाजमा आफूलाई
महा धुरन्धर प्रतिष्ठित विद्वान्को संज्ञा दिन चाहन्छन् ।
ती कत्ती नबुझेका पटमूर्ख होइनन्
त भन्न पनि मिल्दैन
तर त्यसमा आफूहरू साह्रै प्रफुल्लित छन्
बेला-बेलामा हा ! हा ! हा ! का अट्टहास पनि छोडिरहेका हुन्छन् ।
घमण्ड पनि चडेका छन्
ती खिल्ली सल्काएर खरानी बनाएकोमा
र तिनलाई धूवाँमा उडाएकोमा ।
आमाहरूले कति अनुनय विनय गरे
क्वाँ-क्वाँती डाँको छाडेर रोए
विन्ती छ, बाबू ! पाउ समाउछौं बरु
धूवाँमा उडाएर खरानी नबलाइदेऊ ।
जजर्किएर भने किन धूवाँमा उडाएर खरानी नबनाउने ?
झन् झन् धूवाँमा उडाएर खरानी बनाउँदै गए
तर तिनले उनीहरूलाई नै खरानी बनाइसकेका थिएं ।

उनीहरूमा ठूलो शेखी थियो हामीलाई कसले खरानी बनाउन सक्छ ?
तर आज उनैका आमाहरू
डाँको छोडेर क्वाँ-क्वाँ रुन थालेका छन् ।
अपसोच
अब त त्यहाँ कस्तै बेजोड शक्ति पनि निस्फल भइदिन्छन्
बितिसके खरानी भइसकेका छन्
कसैको केही लाग्नेवाला छैन
किनकि त्यो बेकम्मा गलत बाटो अपनाएका थिए
बेलैमा सोच्नु थियो, सोचेनन् ।
आजको संसार कोही कतै यसमा अछुतो रहन सकेन
सारा विश्व नै यिनै यस्तै नियम प्रक्रियाभित्र जकडिन पुगिरहेछ ।

◆

—लमजुङ

कविता

वनैया चरी

सुरेश हाँचेकाली

दगुरिरहेको खोलाको ऐनामा
वनैयाचरी आफ्नो प्रतिविम्ब खोज्छे
आफ्नो उखेलिएको प्वाँख खोज्छे
हुन्डरीले उडाएको गुँड खोज्छे
आतङ्ककारी छालमा हराएको चारो खोज्छे ।
डराएर नभाग खोलो,
वनैया चरीको सिङ हुँदैन
ऊ त हेलाको प्रश्नलाई मायाको उत्तर दिन्छे ।
वनैया चरीलाई,
उसको उड्ने आकाश फिर्ता देऊ
उसको हेर्ने प्रकाश फिर्ता देऊ
उसको मुटुका टुक्राहरू फिर्ता देऊ ।
वनैया चरीलाई,
उसको चिर्बिराउने बोली फिर्ता देऊ
उसको लटरम्म भोलि फिर्ता देऊ
उसको गरिखाने चुच्चो फिर्ता देऊ ।

—खोटाङ

◆

गजल

दिव्य गिरी

रिमझिम् रिमझिम् पानी परिरह्यो वर्षादमा
मनभित्र सम्झनाको बाढी उर्लिरह्यो रातमा ।

तिमी आउने बाटो हेरिरहें, साँझसम्म पर्खिरहें
छली गयौ कि अन्तै या अर्को कोही थियो साथमा ?

टिल्पिल् टिल्पिल् चम्केको, मोतीझैं झल्केको
पानी हो कि, शीतको थोपा या आँसु थियो पातमा ।

तिम्रो सम्झना आंउँदा मनमा, छोएझैं लाग्छ तनमा
पीडाले घाइते भएको मुटु राखिदिऊँ कि हातमा ।

लडखडाउँछन् पाइलाहरू तिमीलाई देखेपछि
कतै तिम्रो हेराइले मलाई पारेछ कि मातमा ।

◆

केही गजल

खगेन्द्रप्रसाद बस्याल

देशभित्र मान्छे शरीरको घुन्छ मान्नुस्
अचेल भित्ताले पनि सुन्छ मान्नुस्

जो देख्छु के भा'को कैदी नै कैदी
जेलले कहाँ साँच्चीकै थुन्छ मान्नुस्

एक होइन दुई होइन कति झुक्किनु
हाँस्या हौ दर्शक ए दिल त रुन्छ मान्नुस्

कति हेऱ्या हो आकाशमा यसरी हजूर
यसो हेर्नुस् त धरतीमै जून्छ मान्नुस्

गुदी नभाका मीठा स्वरले के गरुँ
बोल्न खोजेको लोलीले मन धुन्छ मान्नुस्

अब विकार काल ढिलो भो खगेन्द्र भन्छ
गजल्ले पनि मान्छेको मयल धुन्छ मान्नुस्

–पाल्पा

◆

गजल

गजल

नरेन्द्रप्रसाद जोशी

घर आफ्नै आज बिरानो भयो
निमुखा जनता अचानो भयो

राजनीति यो घरको खै के भनूँ
जति टाले पनि चुहिने छाना भयो

पार्टीबाट छानेर आएका मूली
'अन्धाहरूमा राजा कानो' भयो

भरेर लिंदा उहाँ पाथी भरि लिन्थे
हिसाब देखाउँदा भने मानो भयो

बडेमाको देखेथें यो प्रजातन्त्र
आज आएर सानो मा 'सानो' भयो

–भक्तपुर

◆

गजल

गजल

मुन पौडेल

तिम्रो कर्के नजरको हेराइले माऱ्यो
मस्की मस्की त्यो आँखा सनकाइले माऱ्यो ।

छिनमा छतमा तिमी छिनमा फूलबारीमा
छिनमा झ्यालवाट तिम्रो चियाइले माऱ्यो ।

आँखाको भाखाले बोलूँला झैं गरी
बोल्दा मुन्टो बटारी हिंडाइले माऱ्यो ।

एक त फूलले मन हरेकै थियो
झन् गुलावी अधरको फकाइले माऱ्यो ।

मस्त मुस्कानको त थिए नै शहीद
आगोमा घिउ थप्ने हँसाइले माऱ्यो ।

हेरी हेरी मलाई पाठो लि काखमा
च्वाप्प थुतुनोमा खाएको म्वाइले माऱ्यो ।

प्रेमको रोग पीडित छ पौडेल तर
दुनियाँको तीतो टर्रो दवाइले माऱ्यो ।

–जनकपुरधाम

◆

गजल

✍ **हृदय लेकाली**

प्रजातन्त्र अब हजूर गलगाँड भयो
सोच्नै नसकिने भो यहाँ ठूलो भाँड भयो ।
महँगी अति भो तस्करी र भ्रष्टाचार
देश अब कसैलाई रक्सी र जाँड भयो ।
जसलाई हामी विश्वासको पगरी गुथायौं
ऊ नै आज हामीसँग ठूलो साँढ भयो ।
न शान्ति छ कुनै दिन न स्थिरता यहाँ
शान्ति सुरक्षा त छाडिएको बाण भयो ।
प्रजातन्त्र अब हजूर गलगाँड भयो
सोच्नै नसकिने भो यहाँ ठूलो भाँड भयो ।

◆

–बुटवल

गजल

गजल

✍ **अमृतलाल श्रेष्ठ**

रुँदा रुँदै आँखावाट आँसु रित्तिसके ।
पर्खिंदा पर्खिंदै उनलाई जिन्दगी वितिसके ॥

मनभित्र बल्दछ दनदन्ती आगोको ज्वाला ।
थाम्दा थाम्दै असन्तुष्टिका विद्रोह उठिसके ॥

कति थाम्नु पीडा र दु:खका बोझ ।
पर्खिंदा पर्खिंदै आकांक्षाका महल भत्किसके ॥

कति कुण्ठित हुनु बैंसका फूलहरू झरिसके ।
रोक्दा रोक्दै जिन्दगीका समय वितिसके ॥

◆

गजल

✍ चंकी श्रेष्ठ

हिंड्दा हिंड्दा जिन्दगीमा यौटा यस्तो बिहान भेटें,
भन्नु मात्र बिहानी हो, रक्तरञ्जित निशान भेटें ।

डुल्दै थिएँ, रमाउँदै रङ्गीचङ्गी फूल हेर्दै,
डुल्दा-डुल्दै अचानक बगैंचामा चिहान भेटें ।

हिंड्दै छ है हत्यारा त खुलेआम आज पनि,
अपराधमा थुनिएको एउटा निर्दोष किसान भेटें ।

हवेलीमा बस्नेहरू समानताको कुरा गर्ने,
सडकको जिन्दगी नै बरु मैले समान भेटें ।

मायावी छ दुनियाँ नै, सधैं सधैं सत्य बन्दी,
विधि भन्नु मात्र न हो मौन बस्ने विधान भेटें ।

हिंड्दा हिंड्दा जिन्दगीमा यौटा यस्तो बिहान भेटें,
भन्नु मात्र बिहानी हो, रक्तरञ्जित निशान भेटें ।

◆

–भक्तपुर

गजल

हरिहर तिमिल्सिना

आकाशको बादल कालो धर्तीको अँगार कालो
त्यही कालो टोकि'रा छ आज मलाई पालै-पालो

सीताजीको सत् नै भुक्यो बुद्धको त घाउ नै दुख्यो
त्यही घाउ दुखिरा'छ आज मलाई पालै-पालो

बिरालो झैं म्याउँ गर्दै पछ्याउँथ्यो ऊ सधैं-सधैं
त्यही मान्छे भुकिरा'छ आज मलाई पालै-पालो

छातीमाथि कुल्चिएरै जसलाई जान दिएँ
त्यही बाटो छेकिरा'छ आज मलाई पालै-पालो

न्यायका यी कुरा सुन्दा अधिकारका कुरा सुन्दा
अङ्ग-अङ्ग जलिरा'छ आज मलाई पालै-पालो ।

◆

गजल

बालकृष्ण श्रेष्ठ 'विनीत'

सुनाउँदा मनको कथा, तिमीसँगै निदाएछु
झस्किएर ब्युँझदामा, रविसँग उदाएछु ।

कुँजिएका रहरहरू गुराँससँगै फुल्न खोज्दा
तिम्रो न्यानो अँगालोमा पूरै रात बिताएछु ।

नैतिकताको पर्खाल सम्झी एउटा साँध लगाएथें
अन्जानमै साँध ढली तिमीलाई सताएछु ।

सम्झेकोथें धेरै कुरा गर्नु थियो तिमीसँग
रातभरि सपनीमै सारा कुर बताएछु ।

ज्वालामुखी भै दन्किन्थें तिमीबाट टाढा हुँदा
तिम्रो साथ पाउँदा फेरि भूत सम्झी डराएछु ।

तल्लीन थे औंलाहरू कल्पनामै उचाइ नाप्न
तिमीलाई भन्न् खोज्दा नीदबीच कराएछु ।

—ओखलढुङ्गा

◆

गजल

✍ येहाङ

यौटा गजल पढी बुझें राम प्यारो छ
आज-भोलि किन होला दाम प्यारो छ।

अर्थतन्त्र गोडौं, मलौं मरी जाला कि
किनभने अब काम, माम प्यारो छ।

कोही गए तीर्थ अनि धामतिर पो
दु.खी ओत दिने मान्छे ठाम प्यारो छ।

उज्यालोमा रात हुन्छ गाउँघर रे
त्यसो भए शिक्षारूपी घाम प्यारो छ।

खेती गर्छु वस्तु पाली दही खान्छु म
हलो बोकी हिंड्ने मलाई याम प्यारो छ।

युवा कवि मोतीराम भट्ट हुन् है
साहित्यमा हाम्रो उनको नाम प्यारो छ।

◆

गजल

आनन्द घिमिरे

॥१॥

म भित्रको देशभक्ति लौ न ! क्या'र्नुपर्छ ? ।
छाती चिरी, मुटु झिकी, कहाँ खार्नुपर्छ ? ॥
सिर्जनाको वारीभंरि श्रम डोब्दै डोब्दै ।
कि त मैले पसिनाको धारा झार्नुपर्छ ? ॥
प्रतिभाका कुकुनामा प्यार छम्किएर ।
अब मैले माटो भरी, मुटु सार्नुपर्छ ? ॥
पराइले सीमा झम्टी, देश घाइते छ ।
ज्यानको बाजी थापी मैले शत्रु मार्नुपर्छ ? ॥
घरै ऐले डढेलोले खाइरहेको छ ।
आफ्नै दाजुभाइ मैले एकै पार्नुपर्छ ॥

॥२॥

जताततै रगतको कुण्ड देख्दैछु ।
देशको नाममा आज यौटा चिट्ठी लेख्दैछु ॥
आफ्नै गला आफैं घोटी को विजेता बन्यो ?
यै भएर चेतनाको लट्ठी टेक्दैछु ॥
आतङ्कले लखेट्दैछ भागोस् देश कहाँ ? ।
ठुन्किएछ मानवता, शोक थेग्दैछु ॥
समस्याले आत्तिएर कतै भाग्नुहुन्न ।
विश्वासको यै सूत्रले मुटु सेक्दैछु ॥
यात्रा छैन, गति छैन, प्रगतिको बाटो ।
रगतको नदी बग्ने स्रोत छेक्दैछु ॥

◆

–लमजुङ

गजल

कृसु क्षेत्री

किशोरीवय मै जब तिम्रो मोज बढ्दैछ
परिवारलाई अनायासै बोझ बढ्दैछ

जति लुकाउन खोजे पनि यस्तो लाग्छ
बढ्दो उमेरसँगै तिम्रो उरोज बढ्दैछ

नजरको बाठाले जबदेखि हान्न थाल्यौ
टोल-टोलमा भेटघाट र भोज बढ्दैछ

मुस्कानको जादूले लट्ठ यो दुनियाँमा
सदाबहार तिम्रो रूपको खोज बढ्दैछ

हरिणको चाल गरी जब हिंड्छयौ नजिकै
'कृसु'को मनमा भुइँचालो रोज बढ्दैछ

◆

गजल

राधाकृष्ण भट्टराई

एउटाको घर छ तर के लाग्छ जब रजाई छ अर्केको
घाइते यो छातीमा पनि के लाग्छ जब मपाई छ अर्केको ।

राष्ट्रियताको विवाद छैन कतै कुनै असन्तोष देखिँदैन
सहमति यसैमा मात्रै के लाग्छ जब लडाईं छ अर्केको ।

कसैले भन्दैछ : बौद्धिकता पनि खण्डहरू भैसक्यो अचेल
आँखामा छोपेर लाज के लाग्छ जब सोचाइ छ अर्केको ।

आघातको अँगेनु नदेखी सँघारमै डढे थुप्रै योजनाहरू
मरिहत्ते पछ्याउँदैमा खै ! के लाग्छ जब पर्खाइ छ अर्केको ।

तपाईंको चलाखीमा यसरी अझै ल्याप्चे ठोक्दैछ 'राधाकृष्ण'
तमसुक च्यातेर पो के लाग्छ जब भर्पाइ छ अर्केको ।

–सर्लाही

◆

गजल

राजेश्वर रेग्मी

थाहा छ ऐले म कुन मोडमा छु
झण्डै झण्डै पतनको निचोडमा छु

जीतहरू सधैं हुन्छन्, माथि माथि
मुन्तिर झर्नेहरूको होडमा छु ।

टुक्राहरू जोड्न कहाँ सजिलो होला-
सम्पूर्ण जिन्दगीको तोडफोडमा छु ।

प्राप्ति सधैं मसँग किन टाढा हुन्छ ?
चाहनाको अविरल विछोडमा छु ।

चारैतिरबाट फगत आक्रमण छ
शहरको बीच मेनरोडमा छु ।

◆

–विराटनगर

गजल

गजल

मनोज न्यौपाने

कपाल फुल्दैमा कोही ज्ञानी हुँदैन ।
व्युँझाउन नसक्ने बिहानी हुँदैन ॥

मूल स्वच्छ हुनुपर्छ, फोहर छ भने,
तलतिर पनि सफा पानी हुँदैन ।

पिँजडा भनेको पिंजडा हो, त्यसैले-
त्यसको रोमाञ्चक कहानी हुँदैन ।

पुच्छर लुकाउने, हल्लाउने कुकुर
जति गरे पनि स्वाभिमानी हुँदैन ।

उपदेश तिनीहरू ज्यादा दिन्छन्
जससँग बैंस र जवानी हुँदैन ।

◆

गजल

गोविन्द गिरी 'प्रेरणा'

जता हेर्‍यो जसलाई हेर्‍यो केवल हतारै हतार छ
मध्य शहरको सडकमाझ हतारको अजिङ्गर लम्पसार छ

बिहानलाई दिउँसो हुने हतार छ, साँझलाई रात हुने हतार छ
हतारै हतारको भीडमा हतारै हतारको मारामार छ

लोसेहरू सुतिरहेछन् उठे पनि उभिरहेछन् झुमिरहेछन्
तिनको थाप्लोमा अहिले हतारको गतिलो प्रहार छ

अड्डा पुग्न नपाउँदै हाकिमहरू साँझ सम्झन थाल्छन् ।
मध्य दिनमै म्यारेज र सुरापानको प्लान बनाउन हतार छ

देश बिग्र्‍यो भन्दै दुःखी हुनेहरू प्रशस्त छन् यो देशमा
देश बनाउनभन्दा देश बिग्रेकोमा दुःखी हुन हतार छ

आफ्नो काम के हो, कर्तव्य के हो बिर्सिरहेछन् सारा जन
अर्काको खोट देखाउन र आलोचना गर्न हतार छ

अहो ! यो युगले त कोल्टे फेर्ने बेला भैसकेछ ।
त्यसैले पनि हजूर सारालाई अकुत सम्पत्ति थुपार्ने हतार छ ।

◆

गजल

गजल

मधुसूदन गिरी

कोही भन्छन् घाम जून सुनौला छन् आभा यहाँ ।
कोही भन्छन् आँसु रगत बगेका छन् लाभा यहाँ ॥

पानी खस्छ भन्छन् कोही हुरी, आँधी, चट्याङ कोही
धर्ती बन्यो भन्छन् कोही तातो रातो तावा यहाँ ।

खै के भनौं म त हजूर घामे झरी थापेकै छु
पानीमै छु आधा शरीर कस्तो हुन्छ आभा यहाँ ?

टाढा बल्छ बत्ती कतै सुनै सुनको दर्बारमा
जूनको राप तापेकै छु दिनको गर्छु दावा यहाँ !

◆

गजल

गजल

व्याकुल माहिंला

जिन्दगीमा तिमीसित, यस्तो प्रीति गाँस्छु
सुख कतै गुमे पनि, तिम्रै यादले हाँस्छु

जूनभन्दा चट्टानकै लाग्यो फूल प्यारो
जे जे भनून् भन्नेहरू, काँडाबीचै हाँस्छु

इमान र विश्वासको देऊ मलाई आधार
कसम खाई ला'को माया, जीवनभर साँच्छु

मान्छेभन्दा धन सम्पत्ति हुँदै होइन ठूलो
चाहिन्न भो' धन सम्पत्ति, तिम्रै साथले बाँच्छु

हीरा-मोतिसित कहाँ जोखिन्छ र माया ?
हाम्'लाई छेक्ने बारबन्धन, जसरी'नि भाँच्छु ।

◆

गजल

✍ गोविन्दराज विनोदी

तिमी झल्झली याद आयौ मलाई
कसोरी झझल्को पठायौ मलाई ?

सुतेको थिएँ राग हाली सिरानी
अनायास केले जगायो मलाई ?

अहो ! प्रीतिको दिव्य जादू छ कस्तो
विना नीर वर्षा भिजायौ मलाई !

बनी स्वप्न आयौ तिमी सप्तरङ्गी
र त्यै तिर्सनाले रंगायौ मलाई

तिमी दूर छौ बिम्ब तिम्रो ममा छ
प्रिये ! मोहनी के लगायौ मलाई ?

◆

–शारदानगर

गजल

✍ अमर त्यागी

विकट छ जिन्दगीको बाटो हजूर
टेकी हिंड्नुपर्छ भासको माटो हजूर !

आत्मीयता बाँड्दै जाँदा आफन्तमा
बढ्दैछ झन् परस्पर फाटो हजूर !

लाग्या' धेरै हुँदा पनि अस्मितामा
मेटिएन कलंकको टाटो हजूर !

बल्झिएर दु:खी आत्माको यो घाउ
उप्किरह्यो बारम्बार खाटो हजूर !

उज्यालो छ यहाँ एक पाटो धर्ती
अँध्यारो छ अझै अर्को पाटो हजूर !

तोडी सीमा रच्छु भन्छ देश नयाँ
अमर त्यागी बाठो हो कि लाटो हजूर !

◆

–कलैया, बारा

गजल

✍ **अशोक बोहरा 'असिम पीडा'**

जिन्दगीमा पहिलो चोटी कसैबाट धोका पाएँ ।
नजानेर प्रीत जोडे दुःखै दुःखका पोका पाएँ ।

गल्ती होइन भूल होइन फेरि पनि बिन्ति गर्दा ।
वैगुनीको दिलमा पस्ने सवै वन्द ढोका पाएँ ॥

आँखाबाट दिलमा पसी दिलको दह हेर्दा ।
क्षणमै उठ्ने क्षणमै फुट्ने पानीका ती पोका पाएँ ॥

सवै उनका नालीबेली थाहा पाउँदा पाउँदै ।
तड्पी तड्पी मरिरहेका कति जना भोका पाएँ ॥

द्रष्टव्य ती नयनका अद्वितीय मोहनीले नै ।
'अशु' जस्तै धेरै धेरै प्रक्षेका ती बोका पाएँ ॥

–कैलाली

◆

गजल

दीपक पाठक 'अपूर्ण'

जिन्दगीमा सक्छौ भने केही थालेर हेर
पौरखी दुई हातमा पसिना गालेर हेर
यसो गर्छु, उसो गर्छु भन्न त भन्छन् सबै
चढ्न सक्छौ शिखरमै पाइला चालेर हेर
सम्झे वरपर सबै तिम्रै इष्टमित्र नै छन्
मनभित्रको कालो मैलो दाग फालेर हेर
मनमा व्यथा लुकाएर नबस है अँध्यारोमा
बस्न सक्छौ उज्यालोमै 'दीपक' वालेर हेर
कहिलेकाहीं एकान्तमा मन चुप नलागेमा
अविश्वासका सबै सबै प्वाल टालेर हेर

◆

–काठमाडौं

गजल

काशीराम विरस

अचानकै वैरी किन मीत भयो हजूर
वर्गीय भाव सबै अपरिचित भयो हजूर
कति छिट्टै आफैलाई आफैले बिर्सेको हेर
'विरस'को सामु पर्दा भयभीत भयो हजूर
अभावका शाखाहरूमा रस तिमी भर्छु भन्थ्यौ
योजनाका 'रस' सबै केन्द्रमै सीमित भयो हजूर
अचानकै वैरी किन मीत भयो हजूर
वर्गीय भाव सबै अपरिचित भयो हजूर

◆

–भक्तपुर

दुई गजल

विवश पोखरेल

आजभोलि तिम्रो घरको वाटो पनि अर्कै लाग्यो
सँगै खेली हुर्किएको माटो पनि अर्कै लाग्यो ।

पीडा बोकी आँसुका तलाउमा डुबेपछि
एकाएक जिन्दगीको पाटो पनि अर्कै लाग्यो ।

यदाकदा दुख्ने गर्छ –सम्झनाका पापी घाउ
कोट्याई हेरें घाउको खाटो पनि अर्कै लाग्यो ।

ओठभित्र कतै छन् कि ! स्नेहका दाग तिम्रा
ऐनाभित्र खोजी हेरें, टाटो पनि अर्कै लाग्यो ।

सपनाको ऐलानीमा वाँधेकाथ्यौ एउटा घर
बन्धन सबै खुस्किएछ, माटो पनि अर्कै लाग्यो ।

◆

खुशी मागेको थिएँ आँखामा पानी दियौ
एकान्तमा सम्झी रुने अनौठो बानी दियौ ।

थाहै नपाई ओठहरू अनायास ढुङ्गा भए
उपहारमा हरे ! यो कस्तो जवानी दियौ ।

मुटुमा टाँसेर तिम्रो तस्वीर अचेल रात वित्छ
पीरमा टाउको लुकाउने भ्रमको सिरानी दियौ ।

उज्यालोको मोहमा कुटाएर एउटा सिङ्गो रात
प्राप्तिमा खग्रास लागेको रोगी विहानी दियौ ।

खुशी मागेका थिएँ आँखामा पानी दियौ
एकान्तमा सम्झी रुने अनौठो बानी दियौ ।

◆

गजल

भेषराज पोखरेल

पग्लिएन तिम्रो मुटु ढुङ्गो रुन खोज्यो बरु ।
जसलाई घात गरें उही आफ्नो हुन खोज्यो बरु ॥
वर्षौं वर्ष देव सम्झी दानवको पूजा गरे ।
दैत्य ठानिएकोले चैं दागधुन खोज्यो बरु ॥
मेरो माया तिम्रो लागि कालो छायाँ सिद्ध भयो ।
त्यसैभित्र मायालुले घाम-जून खोज्यो बरु ॥
साँट्यौ किन व्यभिचारी आँखासँग आँखाहरू ।
मेरो मनमा चियाउनेले राम छुन खोज्यो बरु ॥
पग्लिएन तिम्रो मुटु ढुङ्गो रुन खोज्यो बरु ।
जसलाई घात गरें उही आफ्नो हुन खोज्यो बरु ॥

◆

–इनरुवा

गजल

महेश मार्सेली

तिम्रो र मेरो नाता फूल र माली झैं लाग्छ
हामी दुईको सम्बन्ध खेत र बाली झैं लाग्छ
तिम्रो र मेरो माया यति गाढा थियो कि
सम्झँदा आज मलाई दूध र छाली झैं लाग्छ
मैले चढ्न नसक्दा तिम्रो भावनाको शिखर
ती क्षणहरू आफूलाई फोहर र नाली झैं लाग्छ
सँगै मर्ने र बाँच्ने गरेका ती प्रणहरू
अहिले सम्झिँदा त बनावटी र जाली झैं लाग्छ
कहिलेकाहीँ तिम्रो बाहिरी रूप नियाल्दा
आज नढाँटी म भन्छु दुर्गा र काली झैं लाग्छ

◆

–विराटनगर

गजल

✍ राजेन्द्र पौडेल

कहिलेकाहीं पिएको त ठिकै जस्तो लाग्छ
होस डुवाई पिएको चैं बिखै जस्तो लाग्छ
विहानी नहुँदा नहुँदै पूजा गर्छु घण्टी वजाई
दिन झरेपछि मस्तीको मन फिकै जस्तो लाग्छ
मौसमले नमागी-नमागी हालतले नचाही-नचाही
लहडवाजीको जिन्दगानी दिक्कै जस्तो लाग्छ
आदत परे नलागी नलागी घुमी घुमी झुमी झुमी
प्यालासँग नाता गाँस्नु निकै जस्तो लाग्छ
वाँकी नै नराखी नराखी सुराही नै खन्याई खन्याई
लर्खराउँदै नशा चुम्नु हिरिक्कै जस्तो लाग्छ

◆

–रातोपुल, काठमाडौं

गजल

गजल

✍ वसन्त खनाल

जाँदा-जाँदै पाइला, मोड्नुपर्ने भयो
सफलता छुने वाचा, तोड्नुपर्ने भयो

परिवेश उल्टियो, मौसम बदलियो
सपनाको सुन्दर ऐना, फोड्नुपर्ने भयो

खेल्नु खेल्यो समयले गर्नु घात गर्‍यो
विवशतासँग नाता, जोड्नुपर्ने भयो

खूवै दुख्यो मुटु मेरो आँखा डुविगए
लिनै पर्ने चिज यतै, छोड्नुपर्ने भयो

◆

–वाँके

गजल

दिनेश निरौला 'आशा'

१. मायासँग माया साँट्न वाचा गर्नुपर्छ
बाँच्दा सँगै बाँची मर्दा सँगै मर्नुपर्छ
नमूना यो हाम्रो प्रीत समाजले देखेपछि
समाजले हामीसँग पछि सर्नुपर्छ
एकअर्कामा माया गर्दा केचैं गल्ती भयो
अनि व्यर्थै तिमी हामी किन उर्नुपर्छ
तिम्रो हाम्रो एकअर्कामा मन मिलेपछि
किन तिम्रो बाबु-दाइले आँखा तर्नुपर्छ
एक आपसमा समझदारी कायम राखिकन
जिन्दगीको जँघार हात समाई तर्नुपर्छ

२. मेरो उसलाई गुनासो छ
जसको रूप मलाई पासो छ
के छ खवर भनी सोद्धा
भन्छ तँलाई के चासो छ
मैले गरेको समर्पण
उसलाई केवल हाँसो छ
अब आफै फिर्ता लेवस्
जुन उसको माया नासो छ
यो आत्महत्याको निर्णय
'दिनेश'लाई खूब खासो छ ।

३. ए हजूर मेरो हृदय हरायो
मृत्युसँगको भय हरायो
जिन्दगी एउटा गजल थियो
गाउँ भनेको त लय हरायो
अब यात्रा रोक्नु पर्‍यो यहीँ
हिंड्ने वाटोको तय हरायो
अब वाँच्ने इच्छा सँगसँगै
आकाङ्क्षा कतिपय हरायो
कस्तो रहेछ लेखन्त पनि
दिनेशको सयका सय हरायो

◆

–ओखलढुङ्गा

गजल

निशान लिम्बू 'अभिलाषी'

प्रिय ! तिमी रुँदा मेरो चित्त दुख्छ
पीडाले छट्पटिंदा मेरो शीर झुक्छ ।

वेश्यालयको कोठी माझ भेट्दा
यस आँखाले विद्रोहको शंख फुक्छ ।

तिम्रो शरीर लुब्न देख्दा लाम
सूर्य पनि आफ्नो भाग्यलाई थुक्छ ।

प्यासीहरूले भीडलाई नियाल्दै
कर्कश आवाजमा कुकुर भुक्छ ।

छ व्यर्थ रुनु नजन्मिएपछि छोरा
पर्ख ! नरोऊ रोए तिम्रो आँसु सुक्छ ।

◆

–मोरङ

गजल

गजल

टी.एन. पौडेल

प्यारो नग्नता नै देखाउने भए जुहारको के काम छ ?
आफै विपत्ती निम्त्याउने भए गुहारको के काम छ ?

स्वार्थले तिमीलाई पासाम बनाइसक्यो भने
फगत सिंगारिएको मानव मुहारको के काम छ ?

मन, मुख, मस्तिष्क अशुद्ध छ भने
लुछ्ने ति दाँतका सु-हारको के काम छ ?

अरु मारी आफू बाँच्नु मरेभन्दा नि नीच छ,
शिशु प्यासै रहन्छ भनें छातीका जुहारको के काम छ ?
आफै विपक्षी निम्त्याउने भए गुहारको के काम छ ?

–झापा

◆

गजल

✍ मणि लोहनी

किन तिमी हाँस्छ्यौ त्यसै, किन फेरि रुन्छ्यौ सधैं
के परेको छ र त्यस्तो, आँखा मात्रै धुन्छ्यौ सधैं

स्वास्नीमान्छे जातै यस्तै, भन्थे सबै अरूहरू
सागर लुक्ने आखाभरि, सपना मात्रै बुन्छ्यौ सधैं

नच्यातेको हैन फोटो, तिम्रो नाम पनि मेटें मैले
तर मनको कुना-कुना तिमी मात्रै हुन्छ्यौ सधैं

मेरा छातीका रौंहरू, सपना थिए बिर्स अब
'हजूर'सँग बस्दा पनि अँध्यारो नै चुन्छ्यौ सधैं

कहाँ भूल गऱ्यौं हाम्ले, किन फेरि बाँच्यौं हामी
के दियो र भगवान्ले मूर्ति मात्रै छुन्छ्यौ सधैं

भाँचौं अब परिधी र, बन्धनहरू तोडौं सबै
जवानीको चाहनालाई किन तिमी थुन्छ्यौ सधैं

◆

–महाराजगञ्ज

गजल

गजल

दीपक लोहनी

किन व्यर्थै रिसाउँछ्यौ ? ओ जिन्दगानी !
किन आँधी मिसाउँछ्यौ ? ओ जिन्दगानी !
रंगमञ्च यो सोचेर नै गर्दैछु म नाटक
किन तिमी खिस्याउँछ्यौ ? ओ जिन्दगानी !
हुँ म चिसो चिसो गुइँठा, बल्लबल्ल बल्दैछु म
अझै कति चिस्याउँछ्यौ ? ओ जिन्दगानी !
हिंड्दा हिंड्दै धेरै हिंडे अझै ठाँटी भेटिएन
किन वह बिसाउँछ्यौ ? ओ जिन्दगानी !
बुख्याँचाझैं आफै एक्लो, ठिङ्ग छु म वस्तीवीच
किन मलाई तर्साउँछ्यौ ? ओ ! जिन्दगानी

◆

–महाराजगञ्ज

गजल

गजल

चूडामणि नेपाल 'अकिञ्चन'

रातभरी कुकुर भुक्छन् चोर कहाँ लुकेका छन्
तनभरी लागे घाउ भित्र-भित्रै दुःखेका छन् ।
आफ्नो बाली आफैं लगाऊँ, नेपालको बीउ जोगाऊँ
होशियार बनौं हामी साँडे धेरै फुकेका छन् ।
युद्ध होइन शान्ति रोजौं, आफ्नो भाग्य आफैं खोजौं
स्वाभिमानी नेपालीका शीर धेरै झुकेका छन् ।
रगतका खोला बगे यहाँ, मुहान नै बन्द गरौं
अमृतझैं पानी बगाऊँ, धेरै आत्मा सुकेका छन् ।
रातभरि कुकुर भुक्छन् चोर कहाँ लुकेका छन्
तनभरि लागे घाउ भित्रभित्रै दुःखेका छन् ।

◆

गजल

बलबहादुर भुजेल

लौन के भो आकाशका जून तारा खस्न लागे,
भाले पसे ओथारामा पोथीहरू बास्न लागे !

शत्रु मित्र छुट्याउन कसी लाउनु पर्ने भयो,
राम नाम जस्तै छुरा पिठ्यूँवाट धस्न लागे !

पूजारीकै नियतमा शङ्का हुँदा चोरहरू,
रामनामी वस्त्र ओढी मन्दिरभित्र पस्न लागे !

कस्तो शरम पचाएका दोधारे यी मानिसले,
जसलाई थुक्थे हिजोसम्म आज चिल्लो धस्न लागे !

धनवान् र वलवान्कै मुट्ठीमा छ यो दुनियाँ,
निरीहका ढाड भाँची काँडे पासो कस्न लागे !

◆

–मोरङ

गजल

गजल

दिनेश 'आशा'

आफ्नो चिहान आज मैले आफै खन्नुपऱ्यो
कैले आउला मृत्यु भनी दिन गन्नुपऱ्यो

अव मेरो बाँच्ने आधार के पो रह्यो बाँकी
मुटु थिची हजूरलाई वाइ वाइ भन्नुपऱ्यो

चामल पुऱ्याइ अर्कोकोमा आज आफूलेचैं
कनिकाको लागि हरे ! भुस निफन्नु पऱ्यो

आफ्नो जीवन अर्कोकोमा बन्धक राखिकन
प्राण राख्न दिनेशले पसुसरी बन्नुपऱ्यो

न त सक्छ केही गर्न न त सक्छ भने
यौटा गजल लेख्न पनि ठस् ठस् कन्नु पऱ्यो

◆

–ओखलढुङ्गा

गीत

जीवन्त

तिमी मुस्कुरायौ
अरू के चाहियो
खुशी पार्न सकें
अब के चाहियो

सोचेको थिएँ मैले
तिमी टाढा भयौ
मलाई बिर्सिदियौ
पर पर गयौ
मैले दिल खोलें
तिमीभित्र पस्यौ
तिमी बासै बस्यौ
अरू के चाहियो

यसै यसै त्यसै
बहकिएको थिएँ
झूठ झूठतिर
लहसिएको थिएँ
म मिथ्या बाँचें
तिमी सत्य बाच्यौ
माफ गरी हाँस्यौ
अरू के चाहियो

◆

–पोखरा

गीत

ओमनाथ कडरिया

नियतीले छुटाइदियो तिम्रो मेरो नातालाई ।
पराइ भयो आफ्नै मुटु भुलिदियौ बातलाई ॥

अजम्बरी भन्थे माया पहराको छाती हो कि ।
मरेपछि रोएको छु बेठेगान हुने हो कि ॥
टिपी लग्यो खुशी मेरो जनम जनम भरलाई
नियतिले .... ।

रङ्गीचङ्गी सपनाहरू जिन्दगीमा कता कता छुटे ।
ओभानो भो उनको सिउँदो क-कसले लुटे ॥
पिरतीले तोडिदियौ प्यारो प्यारो चाडलाई ।
नियतीले .... ।

◆

–झापा

मान्छेभित्रको अल्कोहल

पुष्करराज भट्ट

मान्छेभित्रको अल्कोहल
जब
चलमलाउन थाल्छ,
तब
मान्छे मान्छे
नभएर
अरू केही भइदिन्छ।
त्यतिखेर मान्छे
चिन्तक भइदिन्छ।
दार्शनिक भइदिन्छ।
वीर भइदिन्छ।
योद्धा भइदिन्छ।
नेता भइदिन्छ।
गायक भइदिन्छ।
ऊ जे पनि भइदिन्छ।
त्यतिखेर त
ऊ
मस्ताना भइदिन्छ।
दिवाना भइदिन्छ।
विदूषक भईदिन्छ।
परपीडक भइदिन्छ।
दयावान् भइदिन्छ।
होश हराएको वेला,
मानिस
जे पनि भइदिन्छ।
नशाले मातिएको वेला
मानिस
मानिस नभएर
अरू कोही
भइदिन्छ।

–कैलाली

◆

ख्यालै गरेन अरिले जनजीवनैको

✍ बेनीबहादुर थापा

१. सर्वज्ञ मानिस कुनै जगमा हुँदैन ।
सर्वाधिकार पनि प्राप्त हुँदै हुँदैन ॥
यो धर्तीको धनी बनेर मनुष्य आयो ।
शक्ति समान जनता सहकर्मी पायो ॥

२. आराध्य देव जनका शिव-पार्वतीले ।
सत्कर्म, धर्मतिर, लिप्त हुनै सिकाए ॥
मर्यादा राम रघुनन्दन जानकीले ।
फैलाए नैतिक, सदाचरणै दुवैले ॥

३. आदर्श बुद्ध भगवान् यहीं उदाए ।
सर्वत्र विश्वभर शान्ति पनि फिंजाए ।
हिंसा विरोधी जन, धर्मको पक्षपाती ।
यै धर्तीबासी जन पुग्दछ स्वर्गमाथि ।

४. लोभादि, क्रोध, मदमा नभूली कसैले ।
सर्वत्र सर्वजनहित गरेर ऐले ॥
स्वदेशको र सबकै उपकार गर्नु ।
नेता-नरेश पनि पूज्य, विशिष्ट बन्नु ।

५. यो शान्ति क्षेत्र किन भो कुरुक्षेत्र जस्तो ?
दर्बारदेखि घरवार बीभत्स भाको ।
बाखै सरी वलि परे नर, नारी ऐले ।
यो देशलाई नरकुण्ड बनायो कल्ले ?

६. नरेश, नारी, नरको कुभलो नगर्नै ।
कङ्गालीलाई पनि अमीरतुल्य पार्नै ॥
लोकोपकारी जनले जनराज्य ल्याए ।
ऐले अनिष्ट अनि दुष्टहरू मोटाए ॥

७. यो जन्मदेखि परलोक कतै नहेर्ने ।
उन्मत्त दानव सरी जन घात गर्ने ॥
मनुष्य सृष्टि गर्ने परमेश्वरैको ।
ख्यालै गरेन अरिले जनजीवनैको ॥

◆

कविता

✍ दामोदर पुडासैनी 'किशोर'

फुटेका नाङ्गा खुट्टाले पुसे सिरेटोमा
चुरुम-चुरुम तुसारो,
ऐंसेलु र चुत्राका काँडामाथि टेक्दै
अघि बढिरहनुहुन्थ्यो
हामीलाई राखेर न्यानो खोकिलामा

पाँचमानेबाट उकालो चढ्नुहुन्थ्यो
भांगेबाट उकालो चढ्नुहुन्थ्यो
अर्घौंताबाट उकालो चढ्नुहुन्थ्यो
रात बिरात नसुती उकालो चढ्नुहुन्थ्यो ।
कहिलेकाहीं
मध्यरातमै पारि बारी पुगेर
थुन्सेभरी घाम ल्याई
भिसमिसेमै हामीहरूलाई अंजुलीभरि बाँड्नुहुन्थ्यो
सबै सन्ततिको जिन्दगीमा उज्यालो ताप छर्न
फेरि पनि घामसँगै पौठाजोरी खेल्न हिंड्नुहुन्थ्यो ।

घामको पूजा गर्नुहुन्थ्यो
कामको कुरा गर्नुहुन्थ्यो

सधैं बाबाका परिश्रमी हातहरूमा
आफ्ना हात मिलाउनुहुन्थ्यो ।

पसिना पुछेपछि हाँस्नुहुन्थ्यो
विरौटो खनेपछि नाँच्नुहुन्थ्यो
ललरि त धेरै गाउँले होइन
अविरल ठूलो खोला र टारा खोलासँग
मीठो सुस्केरा साँट्नुहन्थ्यो ।

हामीहरू आमाको सुस्केरामा
अलिकति कावा खान्थ्यौं परेवा जस्तो
पराइले आँखा उठाए
अलि धेरै धावा बोल्थ्यौं सिपाही जस्तो
सत्यताको लिङ्गोमा कसले सिंगौरी खेल्दैनथ्यो त्यतिखेर

कुँजिनुभएको छ आमा अहिले
भतभती मुटु पोलिरहेछ भन्नुहुन्छ
धरधरी रगतले भिज्दैछु भन्नुहुन्छ
आमा गाँजिनुभएको छ
प्रसव वेदनाभन्दा पनि चर्को पीडामा ।

◆

–जनकपुरधाम

कविता

जिन्दगी

✍ लक्ष्मण केसी

कुइरोभित्र हराएका पाइला
गोरेटो पैल्याउन खोज्दा खोज्दै
जिन्दगी आफैसँग हराएझैं
परेलाभरि आँसु लुकाई
हृदयभरि व्यथा बल्झाई
जिन्दगी आफैसँग बाँच्न परिरहेछ
आकाश रोएझैं रोएको जिन्दगी
आफैभित्र दुःख लुकाउनु परिरहेछ
वसन्तको फुलेको फूलझैं जिन्दगी
जिन्दगी फूल ओइलेझैं ओइलिरहेछ
पतझडझैं नाङ्गो रूखझैं जिन्दगी
जिन्दगी फ्याँकिएको बोतलझैं भइरहेछ।

◆

–पाल्पा, तानसेन

जति खायो उति मिठो

लावण्य सापकोटा

यो हिमाली काखामा
यो नेपाली पाखामा
जे खायो त्यही मिठो
जति खायो उति मिठो ।

फापर खाए फापर मिठो
पापर खाए पापर मिठो
कोदो खाए कोदो मिठो
खुदो खाए झन् मिठो ।

कट्टुस खाए कट्टुस मिठो
काफल खाए काफल मिठो
काभ्रो खाए हाब्रो मिठो
लाभ्रो खाए जिब्रो मिठो ।

गट्टा खाए गट्टा मिठो
मुन्टा खाए मुन्टा मिठो
भन्टा खाए भन्टा मिठो
भाटा खाए झन् मिठो ।

लट्टे खाए लट्टे मिठो
खट्टे खाए खट्टे मिठो
लट्टे-खट्टेभन्दा छिटो
काट्टो खाए झन् मिठो ।

स्याउ खाए स्याउ मिठो
च्याउ खाए च्याउ मिठो
घिउ खाए घिउ मिठो
हिउँ खाए झन् मिठो ।

पानी खाए पानी मिठो
कानी खाए कानी मिठो
हावा खाए हावा मिठो
कावा खाए झन् मिठो ।

मास खाए मास मिठो
भटमास खाए भटमास मिठो
चरेस खाए चरेस मिठो
हरेश खाए झन् मिठो ।

इस्कुस खाए इस्कुस मिठो
हर्लिक्स खाए हर्लिक्स मिठो
कोकिस खाए कोकिस मिठो
किस खाए झन् मिठो ।

सिंगडा खाए सिंगडा मिठो
पकौडा खाए पकौडा मिठो
लड्डू खाए लड्डू मिठो
लाउडा खाए झन् मिठो ।

प्रोटिन खाए प्रोटिन मिठो
भिटामिन खाए भिटामिन मिठो
सबैभन्दा छिटो मिठो
भाषण खाए झन् मिठो ।

यो हिमाली काखामा
यो नेपाली पाखामा
जे खायो त्यही मिठो
जति खायो उति मिठो ।

◆

–विराटनगर

कविता

मान्छे किन बाँचेको होला ?

अच्युत घिमिरे

झुप्रा घरहरू
छरपस्टिएका भोका पेटहरू
जाडाले कठ्याङ्ग्रिएर
न आङभरि लुगा नै छ
मान्छे किन वाँचेको होला ?
अक्षर चिनेको छैन मान्छेले
चिने पनि जागीर पाएको छैन
वाँच्नको लागि धैरै गल्ली चाहर्दा पनि
मनभरि हाँसेर जीवन विताउने ठाउँ भेटेको छैन मान्छेले
खिच्चा कुकुर जस्तै वरालिएर बाँच्नुको के अर्थ ?
मान्छे किन बाँचेको होला ?
बाटामा सयौं कुष्ठ रोगी
लम्पसार परेर २-४ पैसा भीख माग्दैछन्
पीडा दुखाएर किन वाँच्न मन लागेको तिनलाई ?
ती बाँच्दा राष्ट्रलाई केही फाइदा छैन
मर्दा दु:ख हराएर जान्छ
भार भएर बाँच्नुको कुनै अर्थ नहुने यी मान्छेहरू
किन मृत्युवरण गर्न सक्दैनन् ?
मान्छे किन वाँचेको होला ?
बल्लबल्ल भोक मेटाउन वाटो भेट्टाएकाहरू
आङभरि लुगा भेट्टाएकाहरू पनि
खै कहाँ सुखी छन् र ?
कसैका तीता वचन सहेर
अशान्ति र पीडाहरू बोकेर
मन दुखाउन जीवनभरि
मान्छे किन बाँचेको होला ?

◆

–झापा

गाउँकी छोरी

सिर्जना दुवाल

हातमा हँसिया र डोको बोकेर
बिहानीको झिसमिसेमा
जंगल पस्नुपर्छ, गाउँकी छोरी
मनमा अनेक डर साँचेर
कहिले जंगली जनावरसँग डराउनु पर्छ
कहिले मानव आकृतिमा
राक्षसीपन बोकेका सज्जनहरूसँग भाग्नुपर्छ
सकी-नसकी काँढाले घोची रगताम्य भएका
खुट्टा टेकेर
भारी बोकी फर्कनु पर्छ
घण्टौं हिंडी गाग्री भरेर पानी ल्याउनै पर्छ
अया ! भनी एकैछिन बस्दा
कस्ती अल्छीनी छोरी पाएछु भनी
भट्भट्याउन थाल्छिन् आमा
मनमा दुःख र पीडा बोकेर
ओठमा हाँसो ल्याउनै पर्छ
आँखाको आँसु दबाएरै
खुशीको रेखा देखाउनै पर्छ
खेल्ने, रम्ने बेला गाउँकी छोरीहरू
वहेली भएर अरूको दासत्व स्वीकार्ने
वाध्य भइरहेका छन्
नाकमा सिंगान राखेरै पनि
पटुकाले कम्मपर कस्नुपर्छ
एउटा निर्जीव मेशिनझैं
निरन्तर चलिरहनु पर्छ
बिहानीको मिर्मिरेदेखि मध्यरातसम्म
घरको चूल्हो र घरकै काममा रमाउन जान्नुपर्छ ।

◆

–बनेपा

You

Isha Shrestha

You've taken birth as human
You've known to be superior
Never forget what you can do
Do your best everyday
And remember-
You most never quit!

Love, luck I fame
Known to be the best in life
But who knows
Hatred and bad luck comes together
And with all the feelings combined
You tend to live a beautiful life

What's there to worry
When you know you can do it
Just believe in yourself
Truct yourself- always
With a strong belief and hardwork
You'll surely reach to the height of success.

◆

-Maitidevi, KTM.

कथा

शिकार

ललिता 'दोषी'

कान्छी खुट्टाले आफ्नो भार पनि नथेग्ने बेलादेखि थुप्रै धनीहरूको घरमा काम गर्न बसी । उसले कुनै धनी जेल गएको कहिल्यै देख्न र सुन्न पनि पाइन ।

कान्छी जब यौवनले मस्त भई, मालिक्नीहरूले 'यसलाई घरमा राख्यो भने अर्को आपत् आइलाग्ला' भनेर उसलाई जन्मघर पुऱ्याइदिए ।

कान्छी रूपवती त थिइन तर वानी-व्यवहार भने राम्रो थियो । उसको चरित्रमाथि कसैले आक्षेप लगाउन सकेका थिएनन् । जब उसको विवाहको उमेर पूर्ण भयो, प्रत्येक युवतीले झैँ उसले पनि भविष्यको सपना देख्न थाली । घरमा आएको विवाहप्रस्तावलाई उसले निःसङ्कोच नै स्वीकार गरी ।

मान्छेको नियति न उसले वुझी न त उसको परिवारले नै । विवाहपश्चात् उसले लोग्नेलगायत कसैमा पनि मानवता भेटिन । उसले लोग्ने र सासू-ससुराको वुहार्तन सहनु नै पर्‍यो । जीवन जस्तो भएपनि सहँदै धानिरहेकी थिई । उसलाई सवैले घृणा गर्नुको एउटै कारण थियो –ऊ सुन्दरी थिइन । उसको मन मात्र सुन्दर थियो । कुनचाहिँ पापीले पो मनको सुन्दरता हेर्थ्यो र ?

कान्छीका दिन उदासीनतामा वितिरहेका थिए । सानैदेखि सहरियाका घरमा वसेर काम गरेकी हुँदो भीर-पाखासँग सिँगौरी खेल्न पूरै विर्सिसकेकी थिई । विवाहपछिका दिनहरूमा उसले भीर-पाखासँग भिड्नु पर्‍यो ।

घाँस-दाउरा गर्दा कान्छी आफूलाई वडो चलाखीले जोगाउँथी । यस्तो दिन पनि आयो जव उसले आफूलाई लड्नबाट जोगाउन सकिन । भीरबाट शरीर घिसारिनाले उसका अङ्ग पिल्सिए । वाहिरी शरिरमा लागेको चोटलाई त उसले सहन गरी तर पेटमा भएको दुई महिनाको शिशु रगतको डल्लो भएर गएको सहन गर्न नसकेर अचेत जस्तै भई ।

सकी-नसकी घर पुगेपछि कान्छीका लोग्ने, सासू-ससुरा र छिमेकीले एकै स्वरमा झन् उसको आलो घाउमा नून-खोर्सानी छर्न थाले– "यसले जानी-जानी

वच्चा तुहाई ।"

मान्छेको तुच्छ सोचाइ देखर उसको मन रोयो । लोग्ने उमेशलाई 'के खोज्छस् कानो आँखो' भनेझैं भयो । कान्छी उसलाई ऐँजेरुसरि भइरहेकी थिई ।

बलेको आगो ताप्ने समाजमा कान्छीको साथ दिने कोही भएन । वरु सबैले वुझ्दावुझ्दै पनि 'भ्रूण हत्या गरिस्' भन्न पछि परेनन् । समाजले न्याय नदिए पनि अदालतमा न्याय पाउँछु भनेर कान्छी ढुक्क भई, किनकि उसले सुनेकी थिई अदालतमा दूधको दूघ पानीको पानी हुन्छ ।

तर अदालतले दूध र पानी राम्रैसँग छुट्टयायो– भ्रूण मिल्काएको अभियोगमा पन्ध्र वर्षको जेल- सजाय । कान्छी 'म हत्यारा होइन' भनेर धेरै रोई-कराई तर कसैको मन परलेन । कसैले उसलाई न्याय दिएन । उपेन्द्रले खर्चेको पैसा नै ठूलो भयो कान्छीको जिन्दगीको मूल्यभन्दा ।

कान्छी सत्र वर्षको उमेरमा नै जेलको चिसो छिँडीसँग मितेरी लगाउन पुगी । उसलाई आफूले देखेका दृश्यहरूले आफैँलाई गिज्याइरहेझैँ लाग्यो– 'कान्छी ! तँ जेलमा सजाय यस अर्थमा भोगिरहिछेस् किनकि तँ गरिव र वेसहारा छेस् । हेर् कान्छी, हामी धनीलाई त छ महिनाको बच्चा नर्सिङ होममा गएर फ्याँक्दा पनि सजाय हुँदैन । तर तँ जस्ता गरिवलाई भवितव्यमा पर्दा पनि सजाय हुन्छ । कान्छी, कानुन गरिबलाई मात्र लाग्छ । हो गरिबलाई मात्र ।'

उसको लाटो मस्तिष्कले पनि गरिबलाई मात्र कानुन लाग्छ भन्ने कुरालाई अस्वीकार गर्दैन । ऊ सम्भिन्छे–उसका हातहरूले नर्सिङहोममा बच्चा फ्याँकेर आउनेलाई स्याहार गरेर तेल लगाइदिएका थिए मालिक्नीहरूसँग नर्सिङ-होममा जाँदा सयौंको सङ्ख्यामा बच्चा फ्याँक्न आएका आमाहरूलाई देखेर ऊ मनमनै ती पापी 'आमा'हरूलाई थुक्दै रोएकी थिई, उसको हृदय दुखेको थियो ।

बच्चा फ्याँक्न आउनेहरूलाई यसरी कुरा गर्दा उसको मन कटक्क खान्थ्यो । कोही भन्थे– "दुइटा बच्चाबच्ची हुँदाहुँदै झुक्कियो अनि फ्याँक्न आएको ।" कोही भन्थे– "पेटमा छोरी छ भन्ने थाहा पाएर फ्याँक्न आएको ।" त्यहाँ सर्वसाधारणका श्रीमती मात्र नभएर ठूलाबडाका छोरी-वुहारी पनि आएका हुन्थे ।'

कान्छीले त्यस्ता धेरै नारीहरू देखेकी हुनाले उसलाई पत्तो पनि थिएन– भ्रूणहत्या गर्नेलाई सजाय हुन्छ ।

आज उसलाई पत्तो भयो– पापी कानून जिउँदो रहेछ । जेलमा आएका प्रायः नारीहरूको कथा पनि ऊसँग मिल्दोजुल्दो रहेछ । विचित्र जेलयात्रामा थुप्रै खाऊँखाऊँ-लाऊँलाऊँको उमेरका अवलाहरू रहेछन् । जसको टेक्ने लौरो र समाउने हाँगो छैन त्यसको रक्षा कसैले गर्दो रहेनछ ।

कान्छीका आँखाले सधैंझैं आज पनि विश्राम पाएनन् । आङभरि नीलडाम अनि चार र दुई वर्षका छोराहरू लिएर आएकी मखमलीलाई देखेर । मखमली सुन्दरी थिइन न त धनी नै । गरीबलाई शिकारमा पार्न बनेको खोरभित्र कान्छीले चार वर्ष लामो जेलयात्रामा धनीहरूको नामनिसान देखेकी होइन । आखिर देखोस् पनि कसरी ? गरीबहरू नर्सिङ होममा गर्भपतन गर्न जान सक्दैनन् । धनीहरू नर्सिङ-होमबाहेक अन्त गएर गर्भपतन गर्दैनन् ।

जेलको चिसो छिंडीमा निदाउन बानी परेका कान्छीका आँखाहरूमा यसरी नीद चुँडिन्छ कि कैयौं प्रयत्नका बावजुद ऊ निदाउन सक्दिन । उसलाई मखमलीको कहानीले भित्रभित्रै पोल्छ ।

कान्छीले जिज्ञसा राख्दा मखमलीलले आफ्नो कथा अघि बढाउँदै भन्छे– "अरूले विश्वास नगरे पनि तिमीले विश्वास गरौली भनेर पीडा ओकल्दैछु । गछर्यौ होइन ?"

"दिदी, तपाईंलाई यहाँको रीत नै थाहा छैन । रहँदा-बस्दा बिस्तारै जान्नुहुनेछ । म तपाईंको कुरामा किन विश्वास नगर्नु ! यहाँ वास्तविक अपराधी कोही छैनन् । हामी सबैको कथा उस्तै-उस्तै छ । कतै तपाईंको अलि बेग्लै छ कि ?"

मखमली आश्चर्यमा पर्छे– "त्यसो भए तिमीले पनि कुनै भूल गरेकी थिइनौ ?"

कान्छी लामो सास फर्दै भन्छे– "दिदी, बच्चा पाउने रहर मात्र फुलाएकी थिएँ, चिप्लियो सारा जिन्दगी ।"

मखमली भन्छे– "बहिनी कान्छी, त्यसो भए यहाँ हामीजस्ता मात्र आउँछन् त ?" उत्तर आफैं दिन्छे– "हो नानी, हो नत्र मेजरकी बुहारी पनि त यहाँ आउनुपर्थ्यो । लोग्नेचाहिंले क्युरेट गर्नुपर्दैन भनेपछि खोइ के-के बच्चा मार्ने औषधी खाइदिइन्छ । ठ्याक्कै पाँच महिनाको छोरो गयो । उसको आँगनमा पुलिसको चरो-मुसो गएन । हेर बहिनी, यी दुईवटी छोरी भएपछि 'छोरो पाउनका लागि स्वास्नी ल्याउँछु' भनेर लोग्ने धम्की दिन्थ्यो । सासू-ससुरा, हामी तीन

आमा-छोरीलाई पेटभरि खान दिँदैनथे । केही दिनअगाडि हाम्रो घरमा एउटा जोगी आयो । सबैले हात देखाए । मैले पनि देखाएँ । जोगीले मेरो पेटमा छोरो छ भनेपछि छोरीले रोटी चोरेर खाएको निहुँमा लोग्नेलगायत सासू-ससुराले मेरो पेट र ढाडमा खुट्टामा लट्ठीको वर्षा गरे । त्यसपछि म रगतको पोखरीमा परें । उल्टै मलाई बच्चा फ्याँकेको अभियोग लगाई जेल चलान गरे । उनीहरू छोरो नपाएको बहाना बनाएर अर्की केटी ल्याउन ठिक्क परेका रहेछन् । हेर बहिनी, म एक्लै भए त आनन्दले यहीं वस्थें । यी छोरीहरूको जिन्दगी पनि मेरोसँगै भत्किने भयो । मलाई बाह्र वर्षको सजाय सुनाएको छ ।"

कान्छी ती बालिकाहरूको अँध्यारो भाग्य देखेर काँपी । उसले सोची– 'मखमलीभन्दा त म पो भाग्यमानी रहिछु । मैले त आफ्नो मात्र पीर बोक्नुपरेको छ । तर त्यो नरभक्षीको शिकारमा त स्वास्नी मात्र नभएर कलिला कोपिलाहरू पनि छन् ।' कान्छीले मनमनै सङ्कल्प गरी– 'आफू जेलवाट मुक्त भएपछि प्रत्येक नरभक्षीको शिकार गरेर थुप्रै निर्दोष अवलाहरूलाई खुशी दिनेछु ।"

–बुद्धनगर, काठमाडौं ।

◆

नववर्ष २०५९ सालको उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग
तथा शुभचिन्तकहरूमा हार्दिक मङ्गलमय शुभकामना
महाप्रबन्धक गुरुदत्त तिमिल्सिना
निलकमल गोबर ग्यास कम्पनी लिमिटेड
केन्द्रीय कार्यालय– भरतपुर, चितवन
शाखा कार्यालय– कावासोती, नवलपरासी
यहाँ अनुभवी विशेषज्ञ डाक्टरद्वारा बालरोग, स्त्रीरोग र अन्य रोगहरूको जाँच गरिन्छ साथै यहाँ एक्स-रे र ल्याव सुविधा पनि छ ।
प्रो. आई. बहादुर गुरुङ्ग
आयुमेडिको फर्मा
लेखनाथ नगरपालिका–११, बेगनासताल, कास्की
फोन– ०६१-६०१३६

असमानता

आत्रेयी दीक्षित

मुनालाई आज साह्रै दु:ख लागिरहेछ –भोलि चारखाल जान पर्ने कुराले। छोरा-छोरीको मुख सम्झ्यो अनि के के भए जस्तो लाग्दैछ। संसार नै बिरानो लाग्न थालेको छ। जेसुकै भए पनि छोरीको कर्म भनेको छोरीकै हो हारेको।

मुना, बावु आमाको एक्ली छोरी दुईजना दाजुहरूकी एक्ली वहिनी। जताततै माया नै माया छाएको थियो। उसको जिन्दगीमा बी.ए. पास भएपछि एक प्रतिष्ठित फाइनान्समा जागीरे भई। रु. ४००० मासिक आम्दानी थियो। परिवार पनि सबै खुशी थिए। के खाऊँ, के लाऊँ भन्ने पिर थिएन। दाजु-भाउजु सवै शिक्षित थिए र सबैको नोकरी थियो।

मुनालाई आफू सुहाउने वर भेट्टाउन मुस्किल भएको थियो। रक्सी, जाँड खाएर सभ्य बन्नेहरूको त कमी थिएन तर आफ्नो मर्यादा र प्रतिष्ठामा वस्ने व्यक्तिको चाहना बोकेकी थिई मुनाले। वल्लबल्ल त्यस्तै एक व्यक्ति अमितको कुरा उसकहाँ आयो। अमित बंगलादेश वैंकमा अधिकृत थियो। अति इमान्दार र निष्ठावानमा उसले नाम कमाएको थियो। घरमा बूढा बावु-आमा, दुई भाइ र एक वहिनी थिए। दुई दिदीहरूका विहे भैसकेको थियो। एक ज्यानले सवैको पालन-पोषण गर्नुपर्थ्यो। जायजेथा जे भने पनि उसको एउटा घर थियो। तल्लो फ्ल्याट बहालमा गएको र जसको आय ४ हजार थियो भाइ बहिनीको पढाइमा नै त्यो आय लाग्दथ्यो।

अव मुनाले पनि दाजु-भाइसरहै अंश पाई। पैतृक सम्पत्ति पनि प्रसस्तै भएकाले नगद र जिन्सी पनि समान नै पाई। १० तोला सुन २ रोपनि जग्गा उसको भागमा पऱ्यो। ऊ मख्ख थिई। अव अमितसँग मुनाको विवाह भयो। दुवैजना एकआपसमा दु:ख-सुख बाँड्थे र आफ्नो घरको दैनिककार्य सञ्चालन गर्दै थिए। वैवाहिक जीवनको ४ वर्ष वित्यो। एक छोरा र एक छोरीका वावु-आमा पनि भए। एवं रीतले १० वर्ष वित्यो। आफ्नो सुखी जिन्दगी देखेर मुना दङ्ग थिइन्। तर दुई महिनाअगाडि उसलाई माइतमा छलफलको लागि बोलाइयो, जसको विषय थियो– अंश फिर्ता गर्नु।

उसले पाएको अंश अव उसले फिर्ता गर्नुपर्ने भयो किनकी उसले विवाह गरी। ऊ छानावाट खसेजस्तै भई। सुन त उसले आफ्नो देवर र नन्दहरूको

विवाहमा केही खर्च गरिसकेकी थिई । जग्गामात्र बाँकी थियो । अब किनेर भए पनि उसले दिनुपर्ने भयो ।

उसलाई थाहा थियो यो सबै भाउजुहरूको कुरामा लागेर उसका दाजुहरू माग्दै थिए । ऊ संझन्छे । ऊ पनि त एकै सन्तान हो नि । किन यत्रो भेदभाव 'छोरी' भन्नेबित्तिकै पलासँको फूल जस्तै कसैलाई मन नपर्ने भगवान्लाई नचढ्ने जड वस्तु हो र ? उसको पनि आत्मा हुन्छ । उसलाई पनि त समाजमा वसुन्ज्याल सबै थोक चाहिन्छ । कतिको छोराले बाबुआमालाई हेला गरी छोरीले सहारा दिएको पनि देखिएको छ तर मुनाको त बावु आमादेखि दाजुहरूसम्म सर्म्पत्ति फिर्ता पाउन अदालत धाए । यो कस्तो विडम्बना । उसलाई लाग्यो नारीहरूले समानताको लागि नारा लगाउनु 'कौवालाई वेल पाक्यो हर्ष न विस्मात'को उखान जस्तै हो । जबसम्म समाज हुन्छ नारीको समानता कोरा कल्पना नै हुन्छ ।

बिहान भयो मन मारेर काम गरी आज मुनाले । छोराछोरीलाई स्कूल पठाई । अमित मुनाको भाव बुझेर पनि केही भन्न सकिरहेको थिएन । ऊ अफिस गयो । आखिर ४ बजे मुनाले चारखालबाट छुट्कारा पाई । उसलाई लाग्यो एउटा ठूलो बोझ बिसाई । समाजको विसङ्गति थियो यो ।

◆

नव वर्ष २०५९ को सुखद उपलक्ष्यमा सुख, शान्ति तथा प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना

प्रो. प्रकाश पंगेनी
लुम्बिनी सः मिल
सेभरी, नवलपरासी

ई. बलराम श्रेष्ठ
कम्प्युटर एण्ड इन्जिनियरिङ सर्भिसेस्
बुट्वल, रूपन्देही

लघुकथा

स्टाफ-मिटिङ

आहत परागण

"यो काउछोको मालालाई कसरी तह लाउने होला ?" नेत्रमानलाई रातभरि निद्रा लागेन– "देखेपछि लोभ गर्ने बानी नै बसेको छ आफ्नो । त्यत्तिका घुस खाएर कत्रो फोर्सले प्रमुख भइयो । बेलैमा केही जोरजाम गर्न सकिएन भने त ... ।"

भोलिपल्ट कार्यालय पुगेपछि नेत्रमानको व्यवहार हेर्न लायकको थियो । हाँसीखुशी बात गरे, हात मिलाए –सबैसँग । भरौटे कर्मचारीहरू त मख्ख छँदै थिए । पटक-पटक हप्कीदप्कीका साथ, "बानी नसुधारेमा तपाईंलाई टाढै सरुवा गरिदिन्छु", भन्ने भनाइ खाँदै आएका गुणराजसमेत छक्कै परे । अझ गुणराजलाई त बढ्तै खातिर गरेर एकबजेतिरै चियापसलतिर पनि लगे । परिचर हर्षमान भित्रबाहिर गर्नमा व्यस्त थियो । अन्ततः पाँच बज्यो ।

"आज एकछिन सबैजना बसौं है ।" अकस्मात् नेत्रमानको स्वरले गुणराज झस्किए । "आखिर मलाई नै गाली गर्न त होला । मैले के बिराएको छु र ! दुनियाँ भ्रष्टाचार गरेर देशको कलङ्क बन्नेलाई म के पूजा गरूँ ? के मानवता यही हो ?" उसले गान्धी, लिङ्कन, मण्डेला र यस्तै अन्य महापुरुषहरूलाई झल्याकझुलुक् सम्झ्यो ।

सबै त्यतैतिर लागे । स्टोर-रुममा वियरको कार्टुन, हर्षमान मासु भुट्नमा तल्लीन । गुणराजले मनमनै 'एऽऽऽ' भन्यो । नेत्रमान हाँसी-हाँसी गफिँदै थियो । टोलाएर उभिएको गुणराजलाई भन्यो, "बसौं न ढुक्कले गुणजी ! कहिलेकाहीं त यसो रिल्याक्स पनि गर्नुपर्छ नि !"

त्यो वातावरणबाट बाहिरिन खोज्दा गुणराज साथीहरूबाट छेकियो ।

कक्टेल पार्टी सुरु भई मध्यमा पुग्यो । मुखिया, पार्वती यहाँ देखिन्नथी । केही समयपछि, बाहिर 'स्टाफ-मिटिङ' लेखिएको फाइल लिएर ऊ आइपुगी । सबैतिर डुलाई, सही गर्दै गए । गुणराजले वियरको नशामा पनि होस गुमाएको थिएन । फाइलको निर्णय पढ्न थाल्यो, "... अबदेखि कार्यालय परिवारबाट भएको कुनै पनि गोप्य काम कुराको बारेमा कसैले कतै सुनाएमा उसको कार्यदक्षता घटेको मानिनेछ । उसले बढुवाका लागि सिफारिस पनि पाउने छैन ... ।" गुणराजले एकपटक नेत्रमानको अनुहार हेऱ्यो –बत्तिसी हल्किरहेका थिए । पार्वतीतिर नजर सोझ्यायो– मुसुक्क हाँसिरहेकी थिई । ऊ घोरियो, "म खरिदार भएको पनि चौध वर्ष भइसक्यो !" गोजीबाट कलम निकाल्दा हात कामिरह्यो ।

◆

–ओखलढुङ्गा (०५८/१०/२१)

लघुकथा

अविश्वास

अरुणबहादुर खत्री 'नदी'

सुरेन्द्रले आफ्नी वहिनी रमाको शुभ-विवाहको निमन्त्रणा आफू काम गर्ने अफिसको सम्पूर्ण कर्मचारीहरूलाई गऱ्यो । उसँगै स्कूलमा पढ्दा मिल्ने कोही कोही साथीको घरमा पनि निमन्त्रणा कार्ड लिएर गयो । "मेरो बहिनीको विवाहको दिनमा सवैजना आउनुपर्छ नि है" भन्यो । "किन आउदैनौ र कर्मचारीहरूलाई गऱ्यो । उसँगै स्कूलमा पढ्दा मिल्ने कोही साथीहरूको घरमा पनि निमन्त्रणा कार्ड हामी तिम्रो वहिनीको विवाहमा आइहाल्छौँ नि" साथीहरूले भने ।

विवाहको दिनमा, उसले निमन्त्रणा गरेकाहरूको संख्या गनेर भोजको लागि व्यवस्था गऱ्यो । उसको नाता पर्ने र छिमेकीहरू पनि आएका थिए । तर उसको अफिसका र आफूसँगै पढ्ने साथीहरूचाहिँ कोही पनि आएनन् । तयार गरेको भोज निक्कै वढी भएर खेर गयो ।

विवाह सकिएपछि ऊ आफ्नो अफिसमा गयो । सवैजनाले एकैस्वरमा सोधे– तपाईंको बहिनीको विवाह कस्तो भयो ? हामी त्यस दिन अन्त पनि जन्ति जान परेकाले तपाईंको वहिनीको विवाहमा आउन सकेनौँ । "अव तपाईंको् विवाहमा चाहिं हामी जसरी भए पनि आउछौँ" भनेर सवैले एकै स्वरमा भने । मेरो वहिनीको विवाहमा नआएका तपाईंहरू प्रति मेरो विश्वास छैन । मेरो विवाहमा तपाईंहरूलाई म वोलाउदिन उसले भन्यो ।

जरुरी

एकदिन अफिसवाट म आफ्नो घर फर्कदै थिएँ । वाटोमा दश वर्ष पहिले वैंकमा जागीर खाएकी महिलासँग भेट हुन पुग्यो । मैले महिलासँग सोध्न पुगेँ । दिदी मलाई चिन्नु भयो ? अफिसवाट फर्कनु भएको होइन ? ती महिलाले मेरो प्रश्नको जवाफ दिन मानिनन् । अध्यारो अनुहार लगाउँदै नसुने झैँ गरेर आफ्नो वाटो लम्कन पुगिन् । त्यसको केही वर्ष वितेपछि ती महिलालाई जरुरी काम परेर मेरो अफिसमा आउन वाध्य वनायो । त्यो दिनको सम्झनाले मैले चाहि चिनेको झैँ गर्न पनि सकिन र उनीले गाह्रो मान्दै मेरो एउटा काम परेर आएकी हुँ भन्न पुगिन् । मैले केहीवेर वोल्न सकिन । केहीवेरपछि उनीले मलाई तपाईं रिसाउनुभयो कि मसँग भन्न पुगिन् । मैले किन रिसाउनु भनेर जवाफ दिएँ । तपाईंको के सहयोग मैले गर्नु पऱ्यो भनेर सोधेँ । मेरो एउटा फइल खोजिदिनु पऱ्यो भन्न पुगिन् र मैले फाइल खोजेर भेट्टाइकन उनीलाई दिएँ ।

◆

–सामाखुशी, काठमाडौं ।

खुकुरी

✍ शिवहरि अर्याल

आज एक्काइसौं शताब्दीमा आइपुग्दासम्म पनि र हजरौं प्रकारका जैविक, रासायनिक र पारमाणविक हातहतियारको विकास भैसक्दा पनि विश्वका वैज्ञानिकहरू थप नयाँ-नयाँ हतियार उत्पादनको लागि अनुसन्धानमा आफ्नो खप्पर खियाइनै रहेका छन् । आज विकसित भनाउँदा देशहरू पनि ढुक्क छैनन् । सधैं आफ्नो टाउकोमाथि खतराको घण्टी झुन्डिरहेको छ भन्ने लागेको छ उनीहरूलाई । अझ कम विकसित र अल्पविकसित देशहरूको त कुरै छाडौं । उनीहरू त सधैं चारैतिरबाट घेरिएको, लाचार र विवश ठान्दछन् आफूहरूलाई, तर यी सबका बाबजुद पनि नेपाल एउटा यस्तो देश हो, जो यस मामलामा सधैं ढुक्क छ । विश्वमा हातहतियारको यत्रो होड चलिरहेको छ, छिमेकी देशहरू आणविक हतियारले सम्पन्न भैसके । तर पनि नेपाल ढुक्क छ । चिन्तामुक्त छ । न लालच छ, न अरूको ईर्ष्या छ ।

यहाँ एउटा स्वभाविक प्रश्न उठ्न सक्छ, अरू देशको जस्तो हातहतियार खरिद, अनुसन्धान आदिमा खर्च गर्न सक्ने ह्याउ र ल्याकत पनि त हुनुपर्‍यो नि । अनि खुम्चिएर नवसे के गर्ने त ? आदि आदि । तर कुरो त्यसो होइन । जसलाई जुन कुराको आवश्यकता नै छैन भने त्यस कुरामा धन र बुद्धि खर्च गर्नुलाई विद्वान्हरू मूर्खता भन्छन् । जब नेपाललाई ती कुनै वस्तुको आवश्यकता नै छैन भने ती विषयहरूमा किन टाउको दुःखाएर बसिरहने ? अब अर्को प्रश्न उठ्न सक्छ, किन ?, किन दुनियाँलाई नभै नहुने कुरा नेपाललाई मात्र नभए पनि हुने ? के नेपालमा त्यस्तो शान्ति, सुशासन र सुव्यवस्था छ, जहाँ कहिल्यै पनि कुनै हतियारको आवश्यकता पर्दैन ? पर्छ । अवश्य पर्छ । तर कुरा के भने –विश्वले सोचेजस्तो आतंकवाद यहाँ छैन । यहाँको आतंक आफ्नै मौलिक किसिमको छ । विश्वले सोचेजस्तो अशान्ति पनि यहाँ छैन । यहाँको अशान्ति पनि आफ्नै माटो सुहाउँदो छ र विश्वले सोचेजस्तो सुशासन र सुव्यवस्थाको गिर्दो हालत पनि यहाँ छैन । त्यो पनि यहाँ आफ्नो संस्कृति र परम्परा सुहाउँदो छ र यी सबलाई

नियन्त्रण र व्यवस्थित गर्न हतियारको आवश्यकता पनि पर्छ । तर आयातित होइन, आफ्नै देशमा निर्मित स्वदेशी । त्यसैले भनेको नेपाल ढुक्क छ । चिन्तामुक्त छ किनकि ऊसँग 'खुकुरी' छ । कुनै बाह्य देशको मुख ताक्न पर्दैन उसलाई किनकि ऊसँग पर्याप्त मात्रामा खुकुरी छ । ऊ खुकुरीमा आत्मनिर्भर छ ।

अब अर्को स्वभाविक जिज्ञासा उठ्न सक्छ । आजको यो क्षेप्यास्त्रको जमानामा आएर पनि त्यो खुकुरीको आडमा ढुक्क हुन खोज्ने ! आखिर त्यो खुकुरी भन्ने चिज हो के ?

यो 'खुकुरी' भन्ने चिजको महत्त्व र विशेषता वर्णन गरेर गरिनसक्नु छ । यसको लीला अपरम्पार छ । प्राणीमात्रको ईहलीला समाप्त पार्न त सक्षम छ नै, इतिहास बनाउन र भूगोल बिगार्न सक्ने ल्याकत पनि छ यसमा । सत्ता परिवर्तनका त के कुरा, व्यवस्था परिवर्तन गर्न सक्ने क्षमता छ यस खुकुरीमा । एकपटक पछाडि फर्केर हेऱ्यौं भने यसका चर्तिकलाहरू सब छर्लङ्ग हुन्छन् । यदि खुकुरी नहुँदो हो त पृथ्वीनारायण शाहले शायद नेपाल एकीकरण गर्न सक्दैन थिए होलान् । यदि खुकुरी नहुँदो हो त कोत पर्व हुँदैन थियो होला । कोत पर्व हुँदैन थियो त जङ्गबहादुरको उदय हुँदैन थियो होला । खुकुरीले नै राणाहरूको उदय गरायो भने खुकुरीले नै राणाहरूको पतन पनि गरायो । खुकुरीले नै देशमा प्रजातन्त्र (२००७) ल्यायो भने खुकुरीले नै प्रजातन्त्र समाप्त पनि पाऱ्यो (२०१६) । खुकुरीकै कारणले अङ्ग्रेजसँगको युद्धमा नेपाली सपूतहरूले वीरगति प्राप्त गरे । कहाँ छैन खुकुरीको महत्त्व ? कहाँ छैन खुकुरीको पहुँच । नागालायण्डदेखि गोर्खाल्याण्डसम्म र इङ्गल्याण्डदेखि फोकल्याण्डसम्म यसले आफ्नो खूबी प्रस्तुत गरिसकेको छ । अझ अहिले त अमेरिकाको सारा शक्तिले नभ्याएर विन लादेनको खोजीमा अफगानिस्तान पुगेको छ यो खुकुरी । अझ यसभन्दा पनि एक कदम अघि बढेर देशमा गणतन्त्र स्थापना गर्ने नाममा भाइमारा अभियानमा लागेको छ यो खुकुरी ।

यति हुँदाहुँदै पनि यो खुकुरी सन्तुष्ट भने अझै छैन । यसलाई आफू अझै धेरै गर्न सक्छु जस्तो लागेको छ । त्यसैले समयको गतिसँगै यसले पनि आफ्नो क्षमता र कार्यक्षेत्र विस्तार गर्दै लगेको छ । हाल आएर यसले एकातिर देशका बेरोजगारी, आवारा र दर्व्यसनी केटाहरूसँग दोस्ती गरी उनीहरूको दैनिक गुजारा टार्दै आइरहेको छ भने अर्कोतिर दहाडै सर्वसाधारण र साहू-

महाजनको लाखौंको सम्पत्ति हडप गरी आफ्ना हितैषीहरूमाझ वितरण गर्दै आइरहेको छ ।

हेर्दामा मोटो, देख्नमा छोटो । जसले जहिले पनि र जति पनि राख्न र बोक्न सक्ने, कहिल्यै कतै कसैसँग इजाजत लिन नपर्ने यो खुकुरी, हाल आएर नेपालमा अत्यावश्यक वस्तुमा परेको छ । यसका यिनै महत्त्व र गुणहरूले गर्दा 'राष्ट्रिय हतियार'को उपाधि पनि पाएको छ यसले । राजादेखि रङ्कसम्म र डाँकादेखि सन्तसम्मलाई लिएर जङ्गलमा शासन गर्नेदेखि ब्यारेकमा रासन बाँड्नेसम्मलाई चाहिने यो खुकुरी आफैंमा एक महान् वस्तुको रूपमा स्थापित भइसकेको छ ।

यस खुकुरीका अगाडि गोला, बारुद, बम सब फिका छन्, निरर्थक छन् । गोला, बारुद, बम प्रयोग पछि सकिँदै जान्छ । बन्दुकमा गोली सकिन्छ, तर यो खुकुरी न कहिल्यै सकिन्छ, न कहिल्यै नाश हुन्छ । त्यसैले नेपाल ढुक्क छ । त्यसैले चिन्तामुक्त छ । धन्य हो खुकुरी तिम्रो लीला ! तिमीलाई लाख-लाख प्रणाम !

◆

नववर्ष २०५९ को सुखद उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक
एवं शुभचिन्तकहरूमा हार्दिक मङ्गलमय शुभकामना

प्रो. श्यामबहादुर नेपाली
मनकामना मिट-मसला उद्योग
पोखरा औद्योगिक क्षेत्र, पोखरा, कास्की

वेलकम स्टोर्स
लेकसाइड, बैदाम
पोखरा, कास्की

हास्य

ए हजूर ! बख्सियोस् पुरस्कारको गजुर !

इन्द्रकुमार श्रेष्ठ 'सरित्'

(हेर्दा बैठकजस्तो पनि, भान्सा जस्तो पनि र शयनकक्षजस्तो पनि देखिने अलि ठूलै कोठा । एकातिर पलङ, अर्कोतिर सोफासेट र टेबल, र टेबलनजिकै टेलिफोन छ । अलि परतिरको कुनामा ग्याँसचूल्हो देखिन्छ । एकै क्षणपछि नेपाली दौरा-सुरुवाल लगाएको, हेर्दै पिलन्धरे, उमेरले पैंतीसको हाराहारीको कवि रामबहादुर 'स्वाभिमानी'को प्रवेश हुन्छ । ऊ धूप बाल्दै सरस्वतीको तस्वीर भए ठाउँमा पुग्छ ।)

हे माता सरस्वती ! हे माता विद्यादात्री ! यो तिम्रो भक्त ! साहित्य लेखनमा छ दत्तचित्त । आफूलाई ठान्छ लेखनमा ज्यादै सशक्त, तर पुरस्कार पाउनेमा सधैं अशक्त छ । तिम्रो भक्तलाई एउटा न एउटा पुरस्कार दिलाइदेऊ माता ! हे माता ! एउटा न एउटा पुरस्कार पाउने खोलिदेऊ खाता । *(त्यसैबेला फोनको घण्टी बज्छ । धूप राखेर कवि रामबहादुर 'स्वाभिमानी' दगुरेर फोन उठाउँछ ।)*

हेल्लो ! को बोल्नु भएको ? ए हजूर पो ! नमस्कार ! नमस्कार !! नमस्कार !!! सम्पादकज्यू ! हजूरकाँ'त म आउनै लागेको थिएँ नि हजूर । आउँछु, हजूर आउँछु । तरकारी त म किनेर ल्याइहाल्छु नि हजूर । पैसा ? पैसा पर्दैन हजूर ! हि–हि– हि– । वरु त्यो मेरो निवन्ध चैं यसो आगामी अङ्कमा राख्न पाए हुन्थ्यो हजूर । मेरो नाम पनि हजूरको लोकप्रिय पत्रिकामा भोगटे अक्षराँ' आउन पाए वबुरो पनि लेखकमा दरिने थिएँ कि हजूर .... ! हि– हि – हि – । वरु म तरकारी ल्याउँछु, नानी स्कूल पुऱ्याउँछु, मैसावको फरिया धुन्छु । हजूरले जहाँ भन्नुहुन्छ म मोटरसाइकलमा राखेर लान्छु । मेरो भित्ते पत्रिकामा हजूरलाई नै विश्वको महान सम्पादक भनेर छाप्नेछु, शेषनागले झैं हजूरको जय गाउनेछु । तर स्वाभिमानी त मेरो टाइटल नै हो नि हजूर । त्यसैले आफ्नो स्वाभिमानलाई वेचेर चाकरी गर्न म जान्दिनँ, कि कसो, हजूर ? *(भाव भंगिमा परिवर्तन गर्दै)* हँ ... अलि मिलेन रे हजूर ? हजूरले भनेपछि नै त हो म घघडान कवि यो देशको

उज्यालो रविले वल्लबल्ल मरीतरी तेह्रौं पटक रि-राइट गरेर मैले आफ्नो रचना हजूरको पत्रिकामा दिएको । ए ... अँ ... अँ ... । *(थाकेको स्वरमा)* हस्त हजूर ! अब म के भनूँ ! हजूरको भर्खरै निस्केको कृतिको घघडान समालोचना लेखेर देशको एकमात्र लोकप्रिय र नम्वर एक पत्रिका सस्तोपुरमा छपाउँला । अनि आफ्नो महंगो रचनाचाहिँ हजूरको पत्रिका खहरेबगरमा छपाउन चौधौँ पटक भए पनि रि-राइट गर्छु नि, हजूर ! हवस्त हजूर, नमस्कार ! नभुल्नु होला मेरो बिन्ति पुकार । नाम मेरो एउटै हो हजूर ! तर ठेगाना चैं छ है हजार ।

(दिक्क मानेर फोन राख्छ र एक्लै फतफताउँछ) मोरो ! दुईटा वाउको छोरो । हैंजाले लान नसकेको छ्याकटे । सोझो नहिँडेर हिँड्ने सधैं बाँकटे । मोरो ! त्यसको वाउको नोकर हूँ र म त्यसका लागि आफ्नो पैसा खर्च गरी गरी सधैं सधैं ताजा तरकारी तेल्लाई लगिदिने ? *(खुइय्या गर्दै)* हरे ! तरकारी नलगिदिए चौधौँ पटक रि-राइट गरे पनि मेरो यात्रा निवन्ध छापिँदैन । त्यही नछापिए म कसरी लेखकमा दरिने ? हुन त आफू मास्टर भ'र के गर्नु, आफ्नो लेख्ने ढङ्गचाहिँ विद्यार्थीको जत्ति पनि छैन । यो कस्तो मोड हो लेखनयात्राको जताबाट नि न आफ्नै घाँटी सेरिने ? के गर्नु चाकरी नगरे पनि आफ्नो लेखनीमा छैन दम, दम नभएपछि रचना त्यसै छापिँदैन धमाधम ।

(खुइय्या गर्छ र बस्छ) हरे ! कहिले के नामले, कहिले के नामले, कहिले चितवन त कहिले काठमाडौं ठेगाना लेख्दा पनि मैले सम्पादकहरूलाई कहिल्यै रिझाउन सकिनँ, एउटा गतिलो पुरस्कार उछिट्याउन सकिनँ । *(चियाको कप उठाएर खोज्दै)* थुक्क चिया पिउन पनि बिर्सेछु । किन बिर्सेनी तँलाई पिउन चिया, ठाकुरे ! पुरस्कारले मलाई बिर्सेझैँ । *(अलि गम खाएर)* जीवनभरि मैले गरे साहित्यको सेवा तर अरूले नै खाने कुपुकुपु मेवा ? म बबुरो लेखक । त्यस्तो मीठो मेवा पाउन खै त घुस दिनलाई मसँग छनछनाछन ढेवा ?

उफ् ! यसै बसेर त भएन । अब सांसद धोखाधडीप्रसाद भ्रष्टाचारीलाई फोन गर्नुपर्‍यो । *(फोन डायल गर्दै)* हेलो ! सांसद धोखाधडीप्रसाद भ्रष्टाचारीज्यू हुनुहुन्छ ? हँऽऽ ? के रे ? हुनुहुन्न रे ! नेपाली जनताको भलाई कसरी गर्न सकिन्छ भन्ने गोष्ठीमा भाग लिन विदेश जानु भा'छ रे ? हरे ! को को जानु भा'नि ? कैले फिर्नु हुन्छ ? हैन के भन्या ए पी.ए.ज्यू ? एकाबिहानै शिवबुटी चाहियो कि

सांसदज्यू नहुँदा एकाविहानै मन मात्तियो ? सांसदज्यू जाने कार्यक्रममा श्रीमती, साली, छोरी, ज्वाइँको के काम ? ए पी.ए.ज्यू ! लौन तपाइँले नै भए पनि मेरो उद्धार गर्रिदनुपर्‍यो । एउटा पुरस्कार त मलाई जसरी पनि मिलाई दिनुपर्‍यो । हत्तेरी ! कस्तो नचिनेकोजस्तो गरी बोल्नुभा, म उही त क्या उदीयमान प्रतिभावान् डल्ले-फुच्चे, भुइँफुट्टे साहित्यकार रामबहादुर 'स्वाभिमानी' । हेर्नुस् न, आफ्नो त चाकरी गर्ने वानी नै छैन । टिपटापे संस्थाले गरेको कविता प्रतियोगितामा मलाई फस्ट वनाइदिनुपर्‍यो लौ न । तपाइँलाई त बानी नै होला प्रतिशत खोज्ने त्यो पनि दिउँला नि ! ए प्रतिशतले नहुने ? हुन्छ लौ बाचा भयो पुरस्कारको रकमजति जम्मै तपाइँलाई नै टक्राउँला । मलाई प्रमाण पत्र र नाम भए पुग्छ । हवस्त हजूर आफूलाई त चाकरी साकरी आउँदैन पुतलीसडक धाउनुबाहेक किनकि आफ्नू त नामै रामवहादुर स्वाभिमानी । हस्त हजूर नमस्कार ! नगर्नुहोला मलाई तिरस्कार ।

(फोन राखेपछि कुर्सीमा गजधम्म बसिरहन्छ र चारैतिर नजर डुलाउँछ ।) कति लिनु भाग पनि प्रतियोगितामा । निर्णायकमण्डलीमा आफ्नो काका, मामा, दाजु र पार्टीका लाउके र टाउके छैनन्, के दिन्थे पुरस्कार । *(उठेर ग्याँस बाल्न खोज्छ)* आ: होस् केही पकाउदिनँ । पहिला अघाउँजी एउटा गतिलो पुरस्कार त पाकोस् । हे प्रभु ! कुनै पनि संस्थाले पुरस्कार पाउनेको नामावलीमा मेरो पनि नाम राखोस् ।

(दक्क मान्दै) मैले जति नै साहित्य साधना गरे पनि मवाट कुनै व्यक्ति वा संस्थालाई फाइदा नहुने भएपछि कल्ले दिन्छ मलाई पुरस्कार ? न त म जग्गाजमीनको मुद्रा मिलाई दिने सरकारी वकिल नै हुँ, न त पुरस्कारको ठेकेदार को ज्वाइँ हुँ, न त भाइ-भान्जा नै हुँ, न त निर्णायकमण्डलीका सदस्यहरूलाई टि.भी किनेर दिने मेरो हैसियत नै छ । के विना पुरस्कारकै मेरा दिनहरू बित्ने हुन् त शनैः शनैः ? आः ताकधिनाधिन प्रतियोगितामा पनि त एउटा गजल दिएको छु नि ! बरु त्यसकै अध्यक्ष लोभीलाल उपवुज्रुकलाई फोन गर्छु ।

(फोन मिलाइसकेपछि) उपबुज्रुकज्यू हुनुहुन्छ ? ए हजूर ! औंला जोडेर नमस्कार ! साहित्यिक क्षेत्रमा मैले सधैं पाएको छु तिरस्कार ! त्यसैले हे दानी महाप्रभु ! मलाई पनि यहाँको निगाह चाहियो अपरम्पार । कुरा बुझ्नुभएन अरे ? त्यही गजल प्रतियोगिताको कुरा क्या त । के भन्नुभो ? लौन नि मेरो नौनीजस्तो मुटुमा किन रेट्नुभो धारी ? लौन म मरें, मेरो मुटु भो भारी । किन सधैं पुरस्कार

खोलापारी म चैं सधैं वारीका वारी । ए हजूर ! पुरस्कारको रकम सुटुक्क आयोजकलाई नै फिर्ता गरेर प्रमाणपत्रमात्रै लान त म पनि राजी थिएँ । के रे निर्णायक कमिटिमा बसेका प्रतियोगीका दाईले निर्णय नै गराइसके रे । त्यसो भए केही नभए पनि सान्त्वना पुरस्करा त पाउन । मीठो-मीठो मैले केही नसके नि खुवाउन । हँ त्यो पनि हुन्न रे, किन ? हरे ! सान्त्वना पुरस्कार पनि फिक्स भैसक्यो, म्याच फिक्सिङ्गझैं ? कल्ले पाउने भो ? को हो त्यो भाग्यमानी ? मन्त्रीको सालो कि सचिवकी भान्जीनानी ? ल उडा ल उडा गर्दै हरे कल्ले उडायो पुरस्कारको लउडा जहाज ? कल्ले रे सुश्री चिरबिरे 'सविता'ले रे ? हरे ! म भक्त कविताको पुरस्कारमा हकचाहिं सविताको ? लौ त हजूर ! हजूरलाई सुनकै गजुर ! नमस्कार ! *(खुइय्य गर्दै मेचमा थचक्क बस्छ र एक्लै फतफताउँछ)* थुक्क ! हुक्के, बैठके, द्वारे, पाले र चाटुकारले नै लगे प्रतिभाको पुरस्कार । आफ्नो त कर्मै उस्तो, सधैं पाएँ तिरस्कार ! (केही गमेझैं गरेर)

(फोन डायल गरिसकेपछि) हेल्लो ! मन्त्रीज्यूलाई पाऊँ न । के अरे, व्यस्त अरे ! व्यस्त-सेस्त मलाई केही थाहा छैन । खुरुक्क मन्त्रीज्यूलाई फोन दिनु महाशय ! याँ'लाई जागीर खाने मन छ कि छैन ? म हुँ मन्त्रीज्यूको सालो, म हुँ कि कालो या सिंइऽऽऽ गरेर सिंगान पुछ्ने टालो, तपाईंलाई केको खाँचो ? *(आत्तिंदै)* हें-हें-हें-हें .... ए ! मन्त्रीज्यू पो नमस्करा है हजूर नमस्कार । दण्डवत्, जदौ गरें है हजूर ! म पीडित कवि हजूर ! उत्पीडित नेपालको । कविता लेख्दालेख्दै उडिसक्यो रङ कपालको । त्यसैले ए हजूर ! लौन हजूरकै मन्त्रालयबाट दिइने भकभकानन्द राष्ट्रिय चाकरी पुरस्कार पाउन विन्ती गर्‍या हजूर ! बक्सियोस् निगाह गरी पुरस्कारको एउटा गजुर ! एऽऽ फोनमा झुक्याएको होइन हजूर ! हजूरसँग कुरा गर्न पी.ए.लाई धम्क्याएको मात्रै । अनि हजूर पुरस्कार .... । के रे, वोकेदारी राष्ट्रिय पार्टीको सिफारिसमा पुरस्कार त त्यसकै झोले कार्यकर्ताले उडायो रे ? हेल्लो ! हेल्लो ! केही सुनिएन .... लौन हजूर, लाइन काट्या हो कि के हो .... ए मन्त्रीज्यू ! लौन म साधनारत कवि यो देशको साँच्चीकै रविलाई पाऊँ न एउटा पुरस्कार ! ए हजूर ! बक्सियोस् न, निगाह गरेर पुरस्कारको गजुर ! हेल्लो ! हेल्लो ! हेल्लो *(लाइन काटिएको बुझेर खुइय्य गर्दै ओछ्यानमा लड्छ ।)*

◆

सन्दर्भ गजलको निदान 'मनको बह'को

गोपालप्रसाद सङ्ग्रौला

नेपाली साहित्यमा गजललाई भित्र्याउने काम कवि मोतीराम भट्टले गरेका हुन् भन्ने कुरामा दुईमत हुनै सक्तैन । सुरुमा स्त्रीसँग गरिने वार्तालापका रूपमा आएको गजल अब सामाजिक विकृति, विसङ्गति, भ्रष्टाचार जस्ता अमानवीयताको विरोधमा बम बनेर पड्कन थालेको छ । नेपाली साहित्यमा आधुनिक गजल विधा फस्टाउन थालेको पनि वीस बाईस वर्ष भइसक्यो । यति लामो समयको अन्तरालमा पनि कतिपय गजलकारहरूले गजलका काव्यशास्त्रीय मान्यता र नियमहरू राम्ररी नवुझिकन गजलजस्तो टेक्टिकल र शास्त्रीय विधामा कलम चलाउन थालेको देख्ता आश्चर्य लाग्नु स्वभाविकै हो । गजलको विकास फारसीबाट भएको हो । यसको जन्म अरवीमा भए तापनि यसले विकसित हुने कामचाहिं फारसीमा आएर गर्‍यो ।

गजलको नियति यथार्थमा उर्दू साहित्यसितै गाँसिएको छ । उर्दू साहित्य प्रेमको साहित्य हो र यसको उत्कर्ष गजलमा आएर भयौं । आधुनिक गजललाई सञ्जीवनी सुँघाउने काम सर्वप्रथम ज्ञानुवाकर पौडेलले गरेका हुन् । हामीले पवित्र मनले चर्चामात्र होइन प्रशंसासमेत गर्नैपर्ने व्यक्ति हुन् मनु ब्राजाकी, ललिजन रावल र वुद राना । थोरै लेखेता पनि राम्रा गजल लेख्नेहरूका पंङ्क्तिमा अविनाश श्रेष्ठ, घनश्याम न्यौपाने परिश्रमी, कविराज पोखरेल, जैनेन्द्र जीवन, रवि प्राञ्जल, वियोगी बुढाथोकी, गोवर्द्धन पूजा, नरेन्द्र प्रसाईं, ध्रुवचन्द्र गौतम, प्रमोद स्नेही, दुवसु क्षेत्री, कालीप्रसाद रिजाल, मनोज न्यौपाने, राजेश्वर रेग्मी, सविना मिश्र आदि पर्दछन् ।

गजल निर्माण प्रक्रियावारे अझै पनि धेरै लेखकहरू नीतिगत रूपमा रनभुल्लमा परेका देखिन्छन् । वर्तमान गजलको स्वरूप हेर्दा धेरै गजलगोहरू संरचनागत नियमवारे अन्यौलमा परेका छन् जस्तो प्रतीत हुन्छ । गजल र

गजलकारका बारेमा चर्चा गर्नुभन्दा पहिले यसको आकार-प्रकार, स्वरूप र विधागत वैशिष्ट्यका बारेमा प्रकाश पार्नु सान्दर्भिक ठहर्ला । गजलको नियम, रूप-विधान र संरचनागत ढाँचाको कुरा उठाउँदा यो नेपाली साहित्यमा मुक्तक र हाइकु जस्तै आयातीत विधा हो । गजलले प्रत्येक दुई हरफको नियमलाई पछ्याउँछ र यसका प्रत्येक दुई हरफलाई 'शेर' भनिन्छ । गजलको पहिलो शेरालाई मत्ला र अन्तिम शेरलाई मक्ता भन्ने प्रचलन देखिन्छ । त्यस्तै प्रत्येक हरफको अन्तमा आउने शब्दलाई 'रदिफ' र त्यसभन्दा अगाडिको आनुप्रासयुक्त शब्दलाई काफिया भनिन्छ । तर कुनै पनि गजलको तेस्रो, पाँचौ, सातौं, नवौं, एघारौं आदि हरफहरू स्वतन्त्र हुन्छन् र यिनीहरूले रदिफ र काफियाका साङ्लाले बाँधिनु आवश्यक छैन । उदाहरण निम्ति एउटा शेर हेरौं :

महल मात्र हेर्छौ तिमी झोपडी पनि हेर्ने गर
लुगा मात्र कति फर्छौ ? विचार पनि फेर्ने गर ।

(मनको वह, पृ. १)

उपर्युक्त शेर प्रथम हुनाले यसलाई 'मत्ला' भनिन्छ । दुवै मिसराको अन्तमा आएको 'गर' शब्दचाहिं 'रदिफ' हो । त्यस्तै रदिफको लगत्तै अगाडि आएको 'हेर्ने र फेर्ने' अनुप्रासयुक्त शब्दहरूचाहिं काफिया हुन् । कुनै पनि गजलको अन्तिम शेरलाई मक्ता भनिन्छ र यही मक्तामा गलकारले आफ्नो सङ्क्षिप्त नाम वा उपनाम पनि प्रयोग गर्ने गर्छन, जसलाई तखल्लुस भनिन्छ । मक्तामा गजलकारले तखल्लुसको प्रयोग गर्नैपर्छ भन्ने अनिवार्यता चाहिं छैन । गजल लेखनमा शैलीको मिठास, प्रस्तुतिको वैशिष्ट्य, सम्प्रेषणीयताको चमत्कार, अध्ययनमा आउने सहजता र ऋजुतालाई 'अन्दाजे बँया' भनिन्छ ।

स्वास्नीमानिससँ वार्तालाप नै गजल हो भन्ने परिभाषामा बाँधिएको गजल उर्दू साहित्यमा प्रमुख उन्नाईसवटा छन्दमा संरचित भएको पाइन्छ । उर्दू साहित्यमा छन्दलाई 'वहर' भन्ने चलन छ । उर्दू साहित्यका महान् स्तम्भ मिर्जा गालिव एवम् फैज अहमद फैजलाई अध्ययन गरियो भने पनि गजललाई धेरै हदसम्म वुझ्न सकिन्छ ।

मोतीराम भट्टले सुरु गरेको नेपाली गजलले ११७ वटा वसन्त पार गरिसकेको

छ। उपेन्द्रबहादुर ‘जिगर’ र भीमनिधि तिवारीपछि गजल कामिनीले कुनै असल प्रेमी नपाएर निरीह र उदासीन हुन पुगी। देवकोटा, घिमिरे, रिमाल, पारिजात, भिक्षु, देउकी दिदी जस्ता अथक साधकहरूको मन यसले खिच्न सकिन। यथार्थतः गजल साहित्य नेपालमा हेमन्त ऋतुको कमल जस्तो भएर ठिंगुरियो। वि.सं. २०३६ सालको जनमत सङ्ग्रहपछि ज्ञानुवाकर देखा परेर मात्र गजल नेपालमा नयाँ वधू जस्तै लजाउँदै सुस्तरी चियाउन थाल्यो। पचासको दशकचाहिं गजल लेखनका दृष्टिले अपेक्षाकृत बढी उर्वरशील देखियो। स्थापित गजलकारहरूदेखि लिएर आलाकाँचा ठेट्नाहरू सबै गजल निर्माणको यज्ञमा चरू होम्न तम्सिएको तथ्यलाई कसैले पनि नकार्न सक्तैन। विलुप्तप्राय भएका गजललाई अधिकतर लेखकहरूले अङ्गीकार गर्नु निश्चय नै यसको उज्ज्वल भविष्यको पूर्वाभाष हो। किन्तु विडम्बना के छ भने स्वनामधन्य गजलकार, जसले नेपाली पाठकलाई गजलको ‘शेर’ सिकायोहरू पनि मात्तिएर पात्तिएको देख्ता विस्मयका खाल्डामा जाकिन पुगिन्छ। उदाहरणका निम्ति ‘गजलगङ्ग’का प्रणेता मनु ब्राजाकी गजलका नियम नजान्ने गजलकार होइनन्। तिनी आफ्ना खारिएका विद्वताका नशाले मदालस भएर गजलका शेरलाई गिद्धले ठुँगेर छिया-छिया भएको सिनो जस्तो पारेर ‘नयाँ प्रयोग’ भन्दै गजक्क गज्किन्छन्। स्मरण रहोस् थाहा नपाइकन नुहने एउटा कुरा के छ भने संरचनागत विशेषतालाई चटक्क छाडेर जस्तो मन लाग्यो त्यस्तो गजल रचिदियो भने गजल र गद्य कवितामा अथवा गीतमा कुनै तात्त्विक पार्थक्य रहने छैन र अन्ततः गजलको अस्तित्व नै समाप्त हुन बरे छैन। अतः सम्प्रेषणीय र ऋजुतायुक्त गजल कामिनीलाई तिरोहित हुनबाट रक्षार्थ यसका नीतिगत विशेषताहरूलाई संरक्षण गर्नु वाञ्छनीय देखिन्छ। गजल विशेषज्ञ शिरोमणि मनु ब्राजाकीको एउटा गजल उदाहरणस्वरूप यहाँ उद्धृत गर्नु सान्दर्भिक नै होला जस्तो ठानिन्छ। यथा :

‘ज्ञानु’लाई सुन्नुपर्छ ‘मनुय वन्य भइसक्यो !’
मित्रताको धन्य थियो, अब अन्य भइसक्यो !
‘लली’ भन्छ आकाशका ‘चराहरू फर्काउ अब !’
‘मनु’ तिमी मातेपछि म भनेर न आउ अब !
‘बूँद’ पनि भन्न थाल्यो ‘पिएँ कलिकति !’
उता चाला देख्ता मैले ‘लिएँ अलिकति !’

'रवि'लाई चाहिएको चट्ट परेको गजल एउटा ।
'मनु' खोज्छ भौंतारिँदै सोह्रै सस्तो पसल एउटा
'यो मौसम'मा 'धनु'सँग गीत गाए जस्तो मौसम !
अपराधी यो 'मनु'सँग गीत लाएजस्तो मौसम !
'मनु'लाई लाग्न थाल्यो परिवर्तन बेसम्हार ।'
बोकिहिंड्छ विचरो तव व्यङ्ग्य भन्ने हतियार ।

*(**मधुपर्क,** भदौ २०५७)*

उपर्युक्त गजल हेर्दा के निष्कर्षमा पुगिन्छ भने मनु ब्राजाकी पनि गजल संरचनामा नियम-विधानका दृष्टिले त्रुटिका खाल्डामा उत्तानो परेर जाकिएका छन् । मत्ला, मक्ता, रदिफ, काफिया, बहर र तखल्लुसका बारेमा यिनलाईभन्दा बढी अरू कसलाई थाहा होला र ! माथिको गजलमा मनुजीले गजल रच्ता ध्यान दिनुपर्ने आवश्यक नीति-नियमलाई पूर्ण रूपले बेवास्ता गरेर धेरै गजललाई फजल बनाएका छन् । गजल-गङ्गामा सङ्ग्रहीत अधिकांश गजलहरू पनि यसै कोटिका छन् । तखल्लुसको उपहास गरेर आफ्नो नामलाई एउटै गजलमा तीन-तीन ठाउँमा प्रयोग गर्नु 'मात'सिवाय के हुन सक्ला र !

नेपाली गजल साहित्यमा अलग परिचय दिन सदा प्रयत्नशील र साधनारत युवा प्रतिभाको नाम हो– देवी पन्थी । नवीनता र प्रयोगशीलता भनेपछि हुरुक्कै हुने देवी पन्थीलाई पनि मनु ब्राजाकीकै रोगले खर्लप्पै निलेको छ । पन्थी मनोजगतका कल्पनामा रमाउने कवि होइनन् । यिनी सामाजिक परिघटनालाई यथार्थका कसीमा घोटैर गजलको जामा पहिराइदिने विलक्षण हुन् । पन्थीको गजलकारिता सामाजिक चित्रावली हो । उनका 'मेची दर्पण' (सम्पादित कृति), जनको अदालत (नाटक), मनको बह (गजलसङ्ग्रह) आदि सातवटा ग्रन्थहरू प्रकाशित भएका छन् । यद्यपि तिनलाई सफलताको स्फटिक अक्षमाला पहिराइदिने मूर्द्धन्य कृति चाहिं 'मेचीदर्पण' नै हो । आज यिनै सारस्वतेय युवकको अथक प्रयासको डल्लो नवनीत गजल सङ्ग्रह 'मनको बह'सित निदानको स्नेहालु आँ लगाउँदै अकिञ्चन चञ्चुप्रवेश गर्ने जमर्को गरिएको छ । देवी पन्थी आफै एक सफल आलोचक भएका हुनाले यिनका कृतिमा आलोचनाका भुसुण्डी प्रहार गर्न पनि साह्रै सजिलो छ ।

'मनको बह' (वि.सं. २०५६) देवी पन्थीका वि.सं. २०५० सालदेखि

२०५५ सालसम्म अर्थात् पाँच वर्षको अवधिमा विभिन्न स्थान र परिवेशमा रचित चौवन्नवटा गजलहरूको बिटो हो । तिनले एकातिर यथास्थितिप्रतिको असन्तुष्टि, छटपटी, आक्रोश र परिवर्तनको चाहनालाई अँगालो हालेका छन् भने अर्कातिर व्यक्तिगत प्रेमालाप पनि प्रकारान्तरले व्यक्त गरेका छन् । तिनी आफ्ना गजलका माध्यमबाट राजनीतिक एवम् सामाजिक विसङ्गति र विकृतिमाथि व्यङ्ग्यका घुँयेत्रा छोड्न खप्पिस छन् । सामाजिक विद्रूपताको पर्दाफास गर्ने यिनको अभीष्ट हो । गजलकार पन्थीका गजलमा पाइने मूल तत्त्वचाहिं प्रगतिशीलता नै हो । संवेदनाहीन सहरिया जीवन, राजनीतिक अस्थिरता, सामाजिक अस्वस्थता, नेताहरूको अहंवादी प्रवृत्ति, घूसखोरी, बेइमानी आदि विसङ्गतिको स्वरलाई शेरहरूमा समेट्ने प्रयास भएको छ 'मनको वह' गजल सङ्ग्रहमा । एउटा उदाहरणीय शेर हेरौं :

साथी मेरो मन्त्री भयो रमाउँदै थिएँ म
भेट्न जाँदा ऊ त अमिलो पो भएछ (पृ. १२)

उपर्युक्त शेरबाट स्पष्ट के देखिन्छ भने आफ्नै साथी पनि मन्त्री जस्तो पदमा पुगेपछि खारा हुन्छ र आफूसितको आत्मीयतालाई उसका अहंले लत्याइदिन्छ । रदिफ, काफिया र मात्राको उचित तारतम्यका अतिरिक्त उपर्युक्त शेरमा लयात्मकता र गेयात्मकता पनि नभएको होइन । पन्थीका गजलको भाषा-शैलीमा ऋजुता र सहजता हुनाका साथै सम्प्रेषणीयताका दृष्टिले पनि प्राञ्जल नै छन् । प्रणय भावका हेराइमा यिनका गजल गुराँसका गुच्छा झैं सुन्दर र सुकोमल छन् । यिनका गजलका शेररूपी वाणले प्रेयसीका हृदयमा स्नेहसित स्पर्श गर्दछन् ।

भाषा, शैली, भाव, अभिव्यक्ति कुशलता र संरचनागत शैलीका दृष्टिले पनि देवी पन्थीका गजलहरू अवश्य नै प्रभावोत्पादक छन् । एकपल्ट गजल पाठ गर्नेबित्तिकै पाठकका मनमा स्थायी प्रभाव पर्दछ । यही प्रभाव नै गजलकारको महान् सफलता हो । परन्तु नवीनता भनेपछि मरिमेट्ने पन्थीलाई पनि इन्द्रबहादुर राई, परशु प्रधान र गोपाल पराजुलीको रोगले छोएको छ । यिनी नयाँ प्रयोगका लालचामा एक मिनेटमा पढ्न सकिने सङ्क्षिप्त कथा कथ्न पनि लालायित देखिन्छन् । त्यस्तै नयाँ प्रयोगका नाममा गजलका आधारभूत बहरहरूलाई पनि तिनी भद्रो हेर्दैनन् ।

देवी पन्थी गजलकार मात्र नभएर गजल विशेषज्ञ पनि हुन् भन्ने कुरा उनका तद्विषयक समीक्षात्मक लेखहरूले पनि पुष्टि गरेका छन् । मूलतः यिनी

प्रगतिको शङ्खघोष गर्ने, चेतनाको बन्दुकमा परिवर्तनको गोली भर्न मन पराउने प्रवृत्तिका प्रतिभा हुन् भन्ने कुरा उनका गजलहरूले वकालत गर्न खोज्छन् । त्यसैले 'मनका बह'मा सङ्गृहीत उनका अधिकांश गजलहरूमा पनि उनले यिनै भावहरूलाई अभिव्यक्त गर्ने कोशिश गरेको देखिन्छ । उदाहरणको निम्ति केही घतिला शेरहरू हेरौं :

(क) कुर्सी एउटा मोह रै'छ कहिले नबिर्सने
ब्वाँसाहरू बसिरा'छन् गधाहरू फोए पनि । (पृ. २)
(ख) माई खोलाको वरिपरि गोहीहरू बढ्दैछन्
जिउ बचाउन माछाहरू पनि झापातिर झर्दैछन् । (पृ. ८)
(ग) मेरो ठाउँ भनिकन ढोंगी कुरा गर्नेहरू
दुर्गम भत्ता पचाएर थानेलाई ठग्दैछन् । (पृ. ८)
(घ) वैज्ञानिक छैन तर चमत्कार भएकै छ
सीमाना हो उताबाट यता पनि सर्न सक्छ । (पृ. १४)
(ङ) महँगी, भ्रष्टाचार, शोषणले जनता विचल्लीमा परे
आफन्तलाई बनाउनु छ भन्दैमा अरूलाई पिरोल्न पाइँदैन । (पृ. १६)
(च) तलमाथि चारैतिर विसङ्गति देख्छु
नियमै पो बेन्यो किन त ? बेइमानी यो
(छ) जुन फूलमा रस छ त्यही फूल चुँडिदैछ यहाँ
नारी-मुक्तिका योद्धाबाटै इज्जत लुटिदैछ यहाँ

कति उद्धृत गर्नु र ! थुप्रै हीरा नै हीरा छन् पन्थीका शेरहरू ।

काव्य शास्त्रमा प्रतीक र विम्बहरूको ज्यादै ठूलो महत्त्व रहन गएको छ । त्यसै कारणले हाम्रा प्राचीन महर्षिहरूले विम्ब विधानलाई विभावन व्यापार भन्ने नामै दिएका थिए । अतः विम्व र प्रतीकचाहिं काव्यमा अपरिहार्य तत्त्व हो । पन्थीजीका गजलमा विम्बहरू पनि सशक्त छन् । यथा :

जानेहरू गए धोती फेरेर
आफू भने त्यति तल गिर्न सकिएन । (पृ. १९)

'मनको बह'को प्राप्ति के हो ? यसको उपादेयता के कति छ ? आदि कुराहरूको मूल्याङ्कन त समय चक्रले भोलि स्वतः गर्ने नै छ । समग्र ग्रन्थको

विशद विवेचना यो छोटो लेखमा हुन सम्भव छैन । त्यसको लागि त शोध कार्यकै आवश्यकता पर्दछ । मैले त यहाँ पन्थीका 'मनको बह'मा मलम लगाउन केवल चञ्चु प्रवेश मात्र गर्ने जमर्को मात्र गरेको हुँ । 'मेचीदर्पण' जस्तो गहन तर ऐतिहासिक ग्रन्थ सम्पादन गरेर प्रशंसित भइसकको व्यक्तित्वका विषयमा केही भन्नु पनि अत्यन्त गाह्रो छ । समालोचना गर्ने साहस गरिसकेपछि केही भन्न नसक्नु पनि त्यत्तिकै अप्ठ्यारो छ । यिनै उभय सन्धिका बीचमा उभिएर यहाँ तिनै विचक्षणका विषयमा यस अकिञ्चनले देखेको कुरा लेखेको छ ।

नेपाली भाषाका प्रथम समालोचक विद्वान् मोतीराम भट्ट थिए । किन्तु नेपाली जातिकै प्रथम समालोचक त्यो हो, जसले नडराइकन गर्जन गरेथ्यो,– 'जङ्गेका आँखा, फुटेका हुन् कि मेरो गर्दन चिलाएको हो, रूख त वाङ्गो नै छ ।' अत: यहाँ मैले पनि वाङ्गालाई वाङ्गो नभनेर सस्तो प्रशंसा मात्र गरें भने यो सही समालोचना हुने छैन र म खालि उनको चारणमा मात्र दर्ता हुनेछु । देवी पन्थी स्वयं आलोचक भएका नाताले उनी आफ्ना गजलका शेर मार्फत् उपर्युक्त भनाइलाई अङ्गीकार गर्दछन् :

कालोलाई कालै भन्छु
चाहे उडाऊ सङ्गीन बन्दुक । (पृ. ४७)

समयको गतिसितै विचरण गर्ने, दु:खीका पक्षपात, न्यायका हिमायती, सन्मार्गका यात्री, देवी पन्थी प्रगतिवादी विचारका दृष्टिले जतिसुकै खारिएका देखिए तापनि उनको यो नीतिगत विशेषतालाई 'मनको बह'ले उजिल्याउन सकेको छैन । हुन त, 'मनको बह' आफैभित्र कुण्ठित छ भने यसले वैचारिक प्रगतिशीलता ओकलेर कसरी पो सोह्र शृङ्गार गरेर जापानी साडीमा सजिएर मसक्क मस्केकी नव वैंसालु सुन्दरी जसरी मुस्कुराउन सक्छे र ! देवी पन्थीले अझै वैचारिक दृष्टिले खारिनुपर्ने, शैलीगत दृष्टिले माझिनु पर्ने, प्रगतिवादी सौन्दर्य चिन्तनका हेराइले आफ्नो दृष्टिकोण व्यापक परिष्कृत गर्नुपर्ने, सुकुम्बासी समस्या, महिला वेचबिखन, बोक्सीका निउँमा नारीको ज्यान गएको जस्तो शाश्वत प्रकरणलाई गजलमा समेट्नु पर्ने र सुन्दरीप्रतिको आशक्तिलाई परित्याग गर्नुपर्ने सुझाव दिनु समालोचकीय धर्मभित्र पर्छन् । पन्थीजी युवक भएकाले वयगत मानसिक विम्बको करामत नै हुन सक्छ, आफ्ना गजलका शेरहरूमा शृङ्गारिकतालाई प्रश्रय दिएको देखिन्छ । एक शेर उदाहरणको निम्ति प्रस्तुत छ :

निदाएछु सपनिमा डाक्ने त्यो कुन होला ?
फर्फराउँछन् ओठहरू उनको अधर छुन होला । (पृ.   )

देवी पन्थी जस्तो अन्याय र असमानता विरुद्ध वैचारिक वम प्रयोग गर्ने गजलकारले माथिको जस्तो मोतीरामीय शेर कथेर आफ्ना पाठकका थालमा पस्किदिन मिल्दैन । देवी पन्थी गजलका आधारभूत नियमहरूसँग अपरिचित छैनन् तापनि 'बहर'का सम्बन्धमा तिनी सचेत देखिंदैनन् । यिनले 'शेर'का 'मिसरा'हरूमा मात्रात्मक एकरूपतालाई पूर्णरूपले बेवास्ता गरेका छन् । त्यस प्रकारको बेवास्ताले गर्दा गेयात्मकतामा कठिनाइ उत्पन्न भई प्रभावोत्पादकतामा समेत ह्रास आउन सक्छ । जस्तै :

फेरि हिजोदेखि घरको भाडा वढेको छ (.... २४ मात्रा)
त्यसैले त आज विहानै कतै डेरा सर्नुछ (..... २६ मात्रा)

पन्थीजीले तखल्लुसको आडमा आफ्नो संङ्क्षिप्त नामलाई ६ ठाउँमा, आफ्ना श्रद्धेय गुरु 'धनु'को नामलाई तीन ठाउँमा र आफ्नी प्रेयसीको नामलाई एक ठाउँमा प्रयोग गरेर गजल प्रेयसीका आँखामा कसिङ्गर हाल्ने काम गरेको देख्ता आंश्चर्यान्वित होइन्छ ।

अन्ततः देवी पन्थीले नेपाली गजल-विधाको श्रीवृद्धि गर्न भगीरथ प्रयत्न गरेकामा साधुवाद दिंदै गजल सुन्दरीको प्रणय विनोदमा सदा प्रयत्नशील र सफल वन्नको निमित निरन्तरतालाई आत्मसात गर्ने सल्लाह दिंदै यो मेलो यही तुर्न चाहन्छु । किम्वहुना ?

◆



उच्च गुणस्तरको मोटरसाइकलको लागि सम्झनुहोस्
Hartford
SUNDIRO
बागमती मोटर साइकल बिक्री केन्द्र
राजमार्ग चौराह–१२, बुटवल, रूपन्देही, फोन– ०७१-४१५८८, ४१५८९
सुन्दिरो, डायाङ्ग, हार्टफोर्ट मोटरसाइकलको विक्रेता

समालोचना

माटोको माया नाटकको विवेचना

✍ उपप्रा. नवराज कट्टेल

विषय प्रवेश

भीमनिधि तिवारी (फागुन ३०, १९६८–जेठ १९, २०३०) नेपाली साहित्यिक क्षितिजका अनन्यतम प्रोज्ज्वल नक्षत्र हुन् । संघर्षशील जीवन व्यतीत गरेका तिवारीले नेपाली साहित्यका धेरैजसो विधामा कलम चलाएका छन् । तर पनि तिवारीको आधिकारीक क्षेत्र भने नाटक विधा नै हो र यसै विधामा उनको साहित्यिक व्यक्तित्वले चमत्कृत हुने अवसर प्राप्त गरेको छ । विद्वत् धौरेय काव्यशिल्पी तिवारीका **तर्पण** (१९९४), **यशस्वी शव** (२०१३), **कवितानन्द** (२००६), **विस्फोट**गयात ११ वटा काव्यसङ्ग्रहसमेत प्रकाशित छन् । उनका दशवटा कहानीसङ्ग्रह, एक निवन्धसङ्ग्रह र एक उपन्याससमेत प्रकाशित भएको पाइन्छ ।

तिवारीका ४५ वटा नाटक र एकाङ्की प्रकाशित छन् । तीमध्ये १५ वटा पूर्णाङ्की छन् भने ३० वटा एकाङ्कीनाटक । वेञ्जु शर्माले तिवारीका १८ वटा पूर्णाङ्की नाटक उपलव्ध छन् भनी उल्लेख गर्नुभएको छ तर तिवारीका **'नाट्य साहित्यको विश्लेषणात्मक अध्ययन'**मा उनका १५ वटा नाटकको मात्र नामोल्लेख भएको पाइन्छ । यसमा तीन संख्या थप्ने हो भने ४८ वटा नाट्यकृति भीमनिधिका नाममा दर्ता हुन पुग्दछन् । उनका प्रकाशित सामाजिक नाटकहरूमा **सहनशीला सुशीला** (१९९५), **आदर्श जीवन** (२००८), **पुतली** (१९९९), **काशीवास** (१९९८), **किसान** (२०१० दो.सं.), **नैनीका राम** (२००४), **विवाह** (२०१०), **नोकर** (२०१४) रहेका छन् । उनको **सत्यहरिश्चन्द्र** (२०१३) पौराणिक नाटक हो । उनका **सिद्धार्थ गौतम** (२०१३), **शिलान्यास** (२०२३), **चौतारा लक्ष्मी नारायण** (२०२४), **माटोको माया** (२०२७), **महाराज भूपतीन्द्र** (२०२८), **आत्महत्या** (२०३३) जस्ता ६ वटा ऐतिहासिक नाटक नेपाली साहित्योद्यानमा पल्लवित-पुष्पित छन् । तिवारीका (क) पाँच ऐतिहासिक एकाङ्की (ख) एकाङ्की पल्लव (ग) एकाङ्की कली (घ) इन्द्रधनुष जस्ता ४ वटा एकाङ्की संग्रह प्रकाशित छन् र तिनमा ३ वटा एकाङ्की समाविष्ट

छन् । *साहित्यकार परिचय र अभिव्यक्ति* कोशमा तिवारीका विभिन्न विधामा प्रकाशित ४४ वटा पुस्तकाकार कृतिको सूची दिइएको पाइन्छ। नेपाली साहित्यमा यति धेरै कृति प्रकाशित गर्ने व्यक्ति अत्यन्त कम मात्रै भेटिन्छन् । अतः तिवारी विशिष्ट साहित्य साधन हुन् । तिवारीका ऐतिहासिक नाटकहरूमध्ये **माटाको माया** नाटकलाई यहाँ विवेच्य विषयवस्तु बनाइएको छ ।

तिवारीका नाट्य प्रवृत्ति

भीमनिधि तिवारी आधुनिक नेपाली नाटककार हुन् । अतः उनमा आधुनिक नाट्य संरचनाको शिल्प र वस्तु प्रणयनको सचेतता भेटिन्छ। तिवारीले पूर्व र पश्चिमका नाटकको अध्ययन गरेका थिए भने नेपालीमा लेखिएका केही नाटकको आधारभूमि पनि प्राप्त गरेका थिए। स्वाँरका नाटक, समका नाटक र अन्य केही नाटककारका नाटकले उनको नाट्ययात्रालाई केही सम्बल प्रदान गरेको हुनुपर्दछ।

तिवारी सामाजिक यथार्थवादी नाटककार हुन् । उनमा आदर्शोन्मुख यथार्थवादीपन प्रगाढ रूपमा विद्यमान छ । तिवारीका ८ वटा नाटकहरूमा सामाजिक यथार्थबाट वस्तु ग्रहण गरी त्यसलाई नाटकीय स्वरूप र संरचना प्रदान गरिएको छ । **सहनशीला सुशीला, आदर्श जीवन, पुतली, काशीवास, नैनीका राम, किसान, विवाह, नोकर** जस्ता नाटकहरूले नेपाली समाजका विविध यथार्थ र समस्यालाई उठाएका छन्। साथै तिनले समस्या समाधानको बाटोलाई आदर्शीकृत ढङ्गमा संकेतसमेत गरेका छन् । उनी नीति चेतनालाई आत्मसात् गर्दै आफ्ना नाटकका माध्यमबाट समाज सुधारको सन्देश दिन चाहन्छन्।

तिवारी ऐलिहासिक नाटककार पनि हुन् । उनका ६ वटा नाटकले ऐतिहासिक विषयवस्तुलाई संवरण गरेका छन् । **सिद्धार्थ गौतम, शिलान्यास, चौतारा लक्ष्मीनारायण, माटोको माया, महाराज भूपतीन्द्र र आत्महत्या** जस्ता नाटक ऐतिहासिक विषयवस्तुमा आधारित छन् । तिवारी इतिहासले महत्त्व दिएका सामग्री र इतिहासले महत्त्व नदिएका सामग्रीलाई ग्रहण गरी केही मौलिकता समेत थपी वस्तु-सन्धान गर्दछन् । अझ उनी इतिहासले महत्त्व नदिएका विषयवस्तुमाथि कलम चलाउन अभिरुचि राख्दछन्। उनी ऐतिहासिक विषयवस्तुका माध्यमबाट पनि ऐतिहासिक यथार्थता, नीति चेतना, आदर्शवादिता

र सुधारको सन्देश मुखरित गर्न चाहन्छन् । इतिहासमा गल्ती गर्नेहरूले, जघन्य अपराध गर्नेहरूले कसरी समाजप्रदत्त कठोर दण्ड वा नियतिप्रदत्त दण्ड भोग्नु पर्दछ भन्ने यथार्थप्रदर्शन गरी अन्याय, अत्याचार, अपराध गर्ने जो कोही पनि दण्डको भागीदार बन्नैपर्छ । अतः त्यस्तो दण्डनीय अपराध गर्नुहुँदैन भन्ने सन्देश तिवारीका नाटककमा अभिव्यक्ति छन् । इतिहास क्रूर हुन्छ, समाज क्रूर हुन्छ । अतः इतिहास र समाजले जघन्य अपराध गर्नेलाई र अपराध मात्र गर्नेलाई पनि अपराध अनुसारको कठोर दण्ड दिएरै छाड्छ भन्ने कुराको संकेत उनका नाटकीय प्रवृत्तिभित्र पाउन सकिन्छ ।

तिवारी पौराणिक नाटककार पनि हुन् । उनले पुराण र संस्कृत वाङ्मयमा प्रसिद्ध सत्यहरिश्चन्द्रको कथानकलाई लिएर **सत्यहरिश्चन्द्र** नाटकको रचना गरेका छन् ।

तिवारीका नाटकहरू विषयवस्तुको आधारमा सामाजिक, ऐतिहासिक र पौराणिक तीन किसिमका छन् भने प्रवन्ध परिणामका दृष्टिकोणले सुखान्त र दुखान्त दुवै किसिमका छन् । **सहनशीला सुशीला, नैनीका राम, किसान, नोकर, सत्यहरिश्चन्द्र, शिलान्यास** जस्ता नाटक सुखान्त देखिन्छन् भने **पुतली, विवाह, चौतारा, लक्ष्मीनारायण, माटोको माया, आत्महत्या** जस्ता नाटक दुःखान्त देखिन्छन् ।

संरचनाका दृष्टिकोणले तिवारीका नाटकहरू मञ्चनीय रहेका छन् । उनका नाटकहरूको बाह्य संरचना मझौला आकार-प्रकारको देखिन्छ । प्रायः नाटकहरू ३ विश्राममा विभाजित छन् भने विश्रामभित्र थुप्रै दृश्यमा विभाजित छन् । छोटा-छोटा संवाद र दृश्य-योजनाको संरचनाले गर्दा उनका नाटक मञ्चन गर्न असाध्यै सुगम छन् र सामान्य रङ्गमञ्चमा पनि मञ्चनीय छन् । तिवारी बाह्य संरचनामा प्रवीण देखिन्छन् भने अन्तर्वस्तुको संयोजनमा तुलनात्मक रूपमा शिथिल देखिन्छन् । उनका नाटकमा लामो समयावधिका घटना निविष्ट हुँदा समयान्विति र स्थानान्वितिको अभाव रहेको अनुभव समीक्षकहरूले गरेका छन् । द्वन्द्व विधानका दृष्टिले तिवारीका नाटक महनीय भए पनि बाह्य द्वन्द्वको प्राबल्यले गर्दा आन्तरिक द्वन्द्व शिथिल बन्न पुगेको देखिन्छ ।

संवादका दृष्टिकोणले तिवारीका नाटक अति सहज, सरल र सुबोध देखिन्छन् । उनी प्रायः छोटा र मझौला आकारका संवाद प्रयोग गर्दछन् ।

यदाकदा लामा र अतिलामा संवाद पनि प्रयोग गरिएको भेटिन्छ भने छोटा र अतिछोटा संवादको पनि प्रयोग गरिएको पाइन्छ। तिवारीले यदाकदा आलङ्कारिक संवाद पनि प्रयोग गरेका छन्। संवादको संयोजन गर्दा तिवारीले पात्रका वर्ग, जाति, लिङ्ग, उमेर, बौद्धिक र मानसिक स्तरको समेत ख्याल गरेका छन्।

नाट्य-स्वरूपका दृष्टिकोणले तिवारीका नाटक दुई थरिका छन्– पूर्णाङ्गी नाटक र एकाङ्की नाटक। पूर्णाङ्गी नाटकको संख्या १५ रहेको देखिन्छ भने एकाङ्कीको संख्या ३० रहेको पाइन्छ। पूर्णाङ्गी नाटक पनि ठिक्क आकारका रहेका छन्। रङ्गमञ्चमा करिब ३ घण्टाभित्र मञ्चन गरिसकिने खालका छन् र एक बसाइमा पढ्नसमेत सकिने किसिमका आकारमा निवद्ध छन्। विश्रम-विभक्त र छोटा-छोटा दृश्य-उपविभाजन एवं छोटा संवाद-योजनाले गर्दा नाटक पढ्न पठ्यार लाग्ने खालका छैनन्।

पात्र र परिवेश चित्रणका दृष्टिकोणले पनि तिवारीका नाटक गहनीय र मननीय छन्, छुट्टै विशेषता-विभूषित छन्। तिवारीले आफ्ना सामाजिक नाटक र एकाङ्कीमा नेपाली समाजको निम्नवर्गीय पात्रलाई बढी सन्निवेश गरेका छन्। काठमाडौंको समाज र ग्रामीण समाज उनका नाटकमा सन्निविष्ट छन्। ती पात्र र चरित्रका माध्यमबाट नेपाली समाजका विविध समस्या मुखरित गरिएका छन्। तिवारीका पात्रले वर्गीय चरित्रको प्रतिनिधित्व गर्दछन्।

नाटककार तिवारी 'कला जीवनको लागि' र 'काव्य यशसेऽर्थकृते ....' सिद्धान्तबाट प्रभावित देखिन्छन्। कुनै न कुनै सन्देश दिने प्रचेष्टाबाटै उनका नाटक र एकाङ्की संरचित छन्। उनका नाटकमा जातिप्रेम, भाषाप्रेम र राष्ट्रप्रेमको सन्देश र नीति चेतना एवं समाज सुधारको भावना कुनै न कुनै रूपमा, प्रत्यक्ष परोक्ष वा ध्वन्यात्मक रूपमा अभिव्यक्त भएको प्रतीत हुन्छ। **शिलान्यास, माटोको माया** आदि नाटक र **घरको माया, टीका** आदि एकाङ्की यसका उदाहरण हुन्।

रङ्गनिर्देशनका दृष्टिकोणले पनि तिवारीका नाटकहरू आफ्नै बान्कीका छन्। रङ्गमञ्चको परिवेश कस्तो छ, कस्तो हुनुपर्छ, कस्तो बनाउनुपर्छ भन्ने बारेमा पाठक र रङ्गकर्मी दुवैले धेरै सोच्नुपर्दैन, नाटककारले नै छर्लङ्ग पारिदिएका छन्। हरेक दृश्यको शुरुमा कतै एक पृष्ठ र कतै दुई पृष्ठभित्र विस्तृत रङ्गनिर्देश गरिएको पाइन्छ। उनी शुरुमा पात्र परिचय दिन मन पराउँछन् भने त्यसपछि

तिनै पात्रको गात्र परिचय दिन्छन् । त्यसपछि उनी रङ्गमञ्चको साजसज्ज, दृश्य, रङ्गको कुरा प्रकाशको वर्णन-विवरण दिन्छन् । कहाँ कहिले, घरभित्र घरवाहिर, विहान, बेलुका, दिउँसो, कहिले, कसरी त्यो कार्य-व्यापार घटित भएको हो स्पष्ट पार्छन् र संवाद शुरु गराउँछन् ।

भाषा शैलीका दृष्टिकोणले पनि तिवारीका नाटकहरू पठनीय छन् । उनी मञ्चन-सुगमतालाई ध्यानमा राखेर रङ्गनिर्देश र भाषाको प्रयोग गर्दछन् । उनी जनजिब्रोमा विद्यमान वोलिचालीको सहज, सरल र अकृत्रिम भाषाको प्रयोग गर्दछन् । तिवारी त्यति लामा वाक्य गठन गर्दैनन्, बरु अनुप्रास मिलाएर शब्द प्रयोग गर्दछन् । ठाउँ-ठाउँमा अलङ्कृत भाषाको पनि प्रयोग गरिएको पायन्छ । नेपाली उखान र तुक्काको पर्याप्त मात्रामा प्रयोग गर्ने अभिरुचि राखिएको पाइन्छ भने संस्कृतका सूक्तिहरूलाई पनि यथोचित रूपमा प्रयोग गरिएको भेटिन्छ ।

माटोको माया नाटकको वस्तु-विवरण

माटोको माया नाटकमा गोरखा दरवारमा वि.सं. १७५० वैशाखदेखि १७५३ साल जेठ महिनासम्म घटित २ वर्ष २ महिनाको घटना-वृत्तलाई नाट्यवस्तुका रूपमा ग्रहण गरिएको छ । प्रस्तुत नाटकमा लमजुङले गोरखा राज्यको लिगलिगकोट लगायत दरौंदी पश्चिमको भू-भागमा आधिपत्य जमाएको, गोरखाले त्यसको प्रतिरोध गर्न नसकेर गोरखाका राजा पृथ्वीपति शाह पराजित मानसिकतामा रहेको घटनाबाट नाटक प्रारम्भ भएको छ । रणशार्दूल शाहको छल, कल र वलमध्ये छलनीतिवाट नै लमजुङेहरूलाई गोरखाको भू-भागवाट हटाउनुपर्छ भन्ने विचारका साथ वस्तु विकसित हुँदै लमजुङे राजकुमार दवानल शाहलाई छलमा पारी लमजुङे राजकुमारलाई परास्त गरी गोरखाको सीमाना पूर्ववत् वनाइएको घटनावृत्तान्त यसमा अभिहित छ । सो क्रममा रणशार्दूल शाह दुईजना सहयोगीका साथ गोरखा दरबारवाट दण्डित भई निस्कासित हुन्छन् । यस क्रममा थुप्रै दरवारियाहरू भायभारदारहरू राजकुमारहरू गोरखादरबारबाट निष्कासित हुन्छन् । निष्कासित राजकुमार रणशार्दूल शाह लमजुङवाट अतिक्रमण गरिएको/आधिपत्य जमाइएको लिगलिगकोटमा पुगी दावानल शाहको शरणमा पर्दछन् । साँच्चै नै रणशार्दूल दण्डित भएका हुन् भन्ने विश्वास पर्न जान्छ र उनी

रणशार्दूललाई शरणमा लिन्छन् । रणशार्दूलको जादूमा लट्ठिएका दावानल शाह रणशार्दूललाई नै उक्त किल्ला जिम्मा लगाई दशैंमा माता पिताका हातको टीका लगाउन लमजुङ प्रस्थान गर्दछन् । सोही मौका छोपी गोरखाले लिगलिगकोटमा आक्रमण गऱ्यो र आफ्नो सीमाना पूर्ववत् मर्स्याङ्दी-चेपेसम्म कायम गऱ्यो । गोरखाको सिमाना पूर्ववत् कायम गरी आफ्नो बौद्धिक कूटनीतिक क्षमता प्रदर्शनका साथ गोरखा फर्किएका राजकुमारको गोरखालीहरूले भव्य स्वागत गर्दछन् । दरबारमा, जनताका घरबारमा जनजनमा राजकुमार रणशार्दूलको मुक्तकण्ठले प्रशंसा हुन्छ । सर्वत्र स्याबासी प्राप्त गर्दछन् । यस घटनाबाट पृथ्वीपतिका जेठा छोरा राजसिंहासनका उत्तराधिकारी वीरभद्र शाह भित्रभित्रै मुरमुरिन थाल्दछन् । रिस, राग, द्वेष र क्रोधबाट छटपटिएका वीरभद्र वीर योद्धा रणशार्दूलका विरुद्ध विष वमन गर्न थाल्दछन् अनेक दुर्वाच्य बोल्दछन् । योद्धा रणशार्दूल दुर्वाच्य खप्न नसकेर आत्महत्या गर्दछन् । नाटकको कथानक यही टुङ्गिन्छ । नाटक टुङ्गिएपछि परिशिष्टमा रणशार्दूलको देहावसानपछि गोरखा दरबारमा काचो वायुको प्रकोप बढेको, परस्पर झगडा भइरहने, वीरभद्र पश्चातापमा परेको, त्यसैबाट उनी विरामी भई मृत्युसमेत भएको घटनाको छोटो विवरण दिइएको छ ।

कथावस्तुको विकास

प्रस्तुत विवेच्य नाटकमा वि.सं. १७५३ वैशाखदेखि १७५३ जेठ (२ वर्ष २, महिना) सम्म गोरखा र गोरखादरवारमा घटित घटनाहरूको क्रमिक रूपमा संयोजन गरी यस नाटकको कथावस्तुको प्रणयपन गरिएको देखिन्छ । यस नाटकको कथानकको विकास तीन भागमा भएको पाइन्छ ।

(१) **प्रारम्भ भाग :** पृथ्वीपतिको पराजित मानसिकतायुक्त अभिव्यक्ति र वीरभद्रका उत्साहप्रद संवादबाट अगाडि वढेको कथानक लमजुङलाई परास्त गर्ने आन्तरिक रणनीति निर्माणदेखि राजकुमारको निस्काशन एवं लिगलिग पुगी दावानलसमक्ष शरण माग्नेसम्मका घटना प्रारम्भ भागमा पर्दछ । यसमा प्रथम विश्रामका ४ दृश्यमा विभक्त घटना समाविष्ट छन् ।

(२) **विकास भाग :** पृथ्वीपति र विराज थापाको संवाद एवं दोस्रो दृश्यमा दावानल र रणशार्दूलको संवाद हुँदै कथानक अगाडि बढेको छ । रणशार्दूल शाह अनेक छलबलले दावानललाई विश्वासमा लिन सफल हुन्छन् र

आफ्नो योजना गोरखामा सूचित पनि गर्दै जान्छन् । वशीभूत दावानल दशैंमा टीका लगाउन लमजुङ गएको मौका छोपी गोरखालीहरू गुमेका भूभाग पुन: कब्जा गर्न सफल हुन्छन् । रणशार्दूल ठूलो युद्ध फत्ते गरी गोरखा फर्कदा भव्य स्वगत हुन्छ । यही घटनासम्म कथावस्तुको विकास भाग वा मध्य भाग फैलिएको वुझिन्छ । यसमा दोस्रो विश्रामका ८ दृश्यसम्मका घटना समाविष्ट भएका छन् ।

(३) **उपसंहार भाग :** राजा, रानी, दरवारका भाइभारदार, काका-काकी र गोरखाली जनताले वीर योद्धा कूटनीतिक रणशार्दूल शाहको प्रेम-प्रशंसा, मान-मर्यादा गरेको र आफू भावी राजालाई बेवास्ता गरेकामा वीरभद्र शाह दिक्क हुन्छन्, पिरोलिन्छन् र भाइका प्रति अनेक शङ्का उपशङ्का गर्न थाल्दछन्, भाउजू ताकेको भन्ने लाञ्छना समेत लगाउँदछन् । यता रणशार्दूलको विहेको कुरा पनि चलिरहेको हुन्छ । ठूलो काम फत्ते गरेको हुनाले उनलाई खोप्लाङ वरपरको भूभाग विर्ता र वक्सिस दिनुपर्छ भन्ने कुरा पनि चलिरहेकै हुन्छ । तर यता जेठा दाजुका ईर्स्या, द्वेष र घृणा चरमचुली पुग्दछ । त्यसलाई सहन गर्न नसकी रणशार्दूलले दरवारभित्रै आत्महत्या गर्दछन् र नाटक पनि यही विन्दुमा टुङ्गिन्छ । यो भाग नै नाटकको उपसंहार भाग हो । यसमा तेस्रो विश्रामका ७ दृश्यहरू समाविस्ट छन् ।

प्रस्तुत नाटकमा आधिकारिक कथाका साथ प्रासङ्गिक कथा पनि आएको छ । पहिलो विश्रामभित्र दोस्रो दृश्यमा, दोस्रो विश्रामभित्र तेस्रो दृश्यमा र तेस्रो विश्रामभित्र दोस्रो दृश्यमा प्रासङ्गिक कथा समाविष्ट भएको देखिन्छ । यी तीन दृश्यमा छ्यामा र देव्रेका संवाद सन्नद्ध छन् । पहिलोमा दरवारवाट भाइभारदार खेदिएको, रणशार्दूल लमजुङ राजकुमारकहाँ लिगलिग शारण माग्न हिँडेको घटना संकेतित छ । दोस्रोमा ढेव्रेको विहेको प्रलङ्ग, गोलैंचीसँग उसको मायाप्रीति बसेको तर गोलैंची एक दिन अकस्मात् हराएकी भन्ने प्रसङ्ग र छ्यामाले दोस्री केटीको प्रस्ताव राखेकी प्रसङ्ग अभिहित छ । यस नाटकको प्रासङ्गिक कथालाई नाटकबाट हटाइदिए पनि नाटकको मूल कथ्य र नाटकीय प्रभावमा खासै अन्तर पर्दैन । तर पनि प्रासङ्गिक कथाले तत्कालीन समाज गोरखाको वस्तुस्थिति, आर्थिक अवस्था, भेशभूषा र गोरखा भाषाको स्थानीय कथ्य रूपलाई प्रस्तुत गरेको छ, संकेत गरेको छ ।

'माटोको माया' नाटकको शीर्षक योजना

संस्कृत साहित्यमा काव्य कृतिको नामकरण गर्दा कृतिकारको नाम, चरित्रको नाम वा चरित्रनायकको नामलाई आधार मानिएको पाइन्छ । नेपाली साहित्यमा कृतिको नामकरण गर्दा चरित्र, चरित्रनायक वा प्रतीकात्मक अर्थलाई ग्रहण गरिएको वा आधार मानिएको देखिन्छ । नाटककार तिवारीले पनि आफ्ना नाट्यकृतिको नाम राख्दा चरित्र र चरित्रनायकलाई महत्त्व दिएका छन् । जस्तो– **सहनशीला सुशीला**, **आदर्शजीवन** आदि नाटक, **घरको मायाँ, टीका, बिसे नगर्ची**, आदि एकाङ्की । उनका ६ वटा ऐतिहासिक नाटकमध्ये ३ वटा नाटकको नामकरण चरित्र नायकको आधारमा गरिएको देखिन्छ भने ३ वटा नाटकको नामकरण चरित्रको आधारमा गरिएको बुझिन्छ । **सिद्धार्थ गौतम, चौतारा लक्ष्मी नारायण, महाराज भूपतीन्द्र**-चरित्र नायकको आधारमा राखिएका कृतिका नाम हुन् भने **शिलान्यास, माटोको माया** र **आत्महत्या** चरित्रका आधारमा राखिएका नाम हुन् ।

माटोको माया नाटकको शीर्षक दुई शब्दबाट विनिर्मित छ । माटो र माया । **माटो** जातिवाचक नाम हो भने **माया** भाववाचक नाम हो । **माटो**मा भेदक षष्ठीको प्रयोग गरिएको छ । **माटो** शब्दले प्रतीकात्मक रूपमा गोरखा राज्यलाई संकेत गरेको छ । नाटकको शुरुदेखि अन्त्यसम्म गोरखाली राजा पृथ्वीपति शाह, रणशार्दूल, रानीहरू भाइ-भारदारहरू ६ थरीहरू काजी– सबैले माटोलाई माया गरेका छन्, गोरखाको माटोको संरक्षणका निम्ति राजा र जनता सबैले ज्यू-ज्यान अर्पेर लडेका छन् । नाटकको पहिलो दृश्यको पहिलो संवाद– (पृथ्वीपतिको) हो त नि, मलाई पनि यो माटोको माया नलागेको त कहाँ हो र – बाट शुरु भएको छ भने बीच-बीचमा अनेक दृश्यमा **माटोको माया** शब्द मिश्रित थुप्रै संवाद आएका छन् । त्यस्तै नाटकको अन्तिम दृश्यको उपान्त्य संवाद **(रणशार्दूल)** .... यस घडी यो गोरखालाई नै छोडेर अन्त कतै जाऊँ भने पनि मलाई यो मेरो माटोको मायाले बाटो छेक्छ– मा पनि **माटोको माया** शब्द प्रयुक्त छ । नाटकमा प्रयुक्त सबै पात्रको कार्यव्यापार माटोको मायाप्रति उन्मुखरित छ । त्यसैले नाटकको शीर्षक उपयुक्त र सुहाउँदो देखिन्छ ।

चरित्र-चित्रण

चरित्र-चित्रणका दृष्टिकोणले हेर्दा प्रस्तुत नाटक निकै रोचक र आस्वाद्य

वन्न पुगेको छ । नाटकमा वहु-पात्र प्रयोग राम्रो मानिंदैन । साहित्यदर्पणकारले भनेका छन् 'चत्वार: पञ्च वा मुख्या: कार्यव्यापृतपूरुषा:' । अर्थात् नाटकव्यापी रूपमा कार्य-व्यापार गर्ने मुख्य पात्र चार अथवा पाँच हुनुपर्छ । यस कृतिमा नाटकव्यापी कार्यव्यापारको दृष्टिकोणले हेर्दा पृथ्वीपति, वीरभद्र शाह, रणशार्दूल शाह, विराज थापा, गौरेश्वर पन्थ, वलिपाध्य कडरियाको भूमिका महत्त्वपूर्ण देखिन्छ । दावानल शाह, ठाहिँलो भुजेल, गोलैंची पनि आफ्नो ठाउँमा श्लाघनीय रूपमा रहेका छन् । हन्कुवती पनि ठाउँ-ठाउँमा देखा पर्छिन् । गौण पात्रका रूपमा छयामा र ढेव्रे प्रविष्ट छन् । नाटकमा केही नेपथ्य आवाज र केही नेपथ्य आकृति पनि छन् । तर १२ पात्र नै रङ्गमञ्चमा देखा पर्दछन् र तिनले विभिन्न सम्वाद वोल्दछन् । अत: यी १२ पात्रको चरित्रचित्रण कसरी भएको छ, त्यसको अध्ययन नाटकमा गर्न सकिन्छ ।

उपर्युक्त पात्रहरूमध्ये **वीरभद्र शाह** यस नाटकका नायक हुन् । नाटककारले उनलाई नायकको रूपमा चिनाएका छन् । उनी गोरखाधिपति पृथ्वीपति शाहका जेठा छोरा, राजसिंहासनका उत्तराधिकारी हुन् । उमेरका दृष्टिले यिनी पच्चीस वर्षका छन् । मोटोघाटो जीउडाल, अग्लो गहुँगोरो वर्णका छन् । घिउरङ्गको जमा र पगरी, पटुका, रातो टीका आदि राजोचित भेशभूषामा देखा पर्दछन् । सत् असत् पात्रमध्ये यिनी असत् पत्रमा पर्दछन् । रीस, डाह, द्वेष गर्ने, मानसिक शङ्का-उपशङ्का डुविरहने आदि दृष्टिले व्यक्ति-चरित्रको भूमिका निर्वाह गरेका छन् भने राजदरवारमा चल्ने षड्यन्त्र, उतार-चढाव आदिका दृष्टिले प्रतिनिधि चरित्रको भूमिका पनि खेलेकै छन् । यिनका चार रानी छन् । उनी गतिशील चरित्रका छन् । यिनी शूरवीर र वौद्धिक चातुर्ययुक्त व्यक्तित्व सम्पन्न नायक देखापर्दैनन् । कमजोर मानसिकता भएका एक किसिमको मनोरोगी देखिन्छन् ।

पृथ्वीपति वीरभद्र शाह र रणशार्दूल शाहका पिता र गोरखा नरेश हुन् । यिनी करीव पचपन्न वर्षका छन् । मोटोघाटो जीउडाल, अग्ला, गहुँगोरो वर्ण, ठूला-ठूला आँखा, मुठे जुँघा, जामा, पगरी, रुद्राक्ष माला, त्रिपुण्ड र श्रीखण्डको ठाडो टीका लगाएका छन् । यो राजपरम्परोचित वेशभूषा हो । यिनी धार्मिक स्वभावका देखिन्छन् । हरवखत पञ्चक्षरी मन्त्री जपी रहने । युद्ध, मारकाट, झगडा आक्रमण, प्रत्याक्रमण आदिमा यिनको अभिरुचि देखिंदैन । यिनका ६

वटी रानी, ४ भाइ, १२ छोरा छन् । तर रङ्गमञ्चमा दुई भाइ र कान्छी महारानी मात्र देखा पर्छिन् । अन्य स्त्रीका केही नेपथ्य आवाज भने आएको देखिन्छ । यिनी सत् पात्र हुन् । यिनकै सम्वादबाट नाटक आरम्भ र अन्त्यसमेत भएको छ । यिनी पराजित मानसिकतामा पुगेका छन् । यिनको धार्मिक प्रवृत्ति, अयुद्ध र नरम नीतिले गर्दा लमजुङ राज्यले गोरखाको आधा भू-भागमा कब्जा जमाएको छ । अतः लमजुङेलाई परास्त गर्न सकिंदैन भनेर हारको मनोदशामा देखिन्छन् । उनकै भनाइबाट चरित्र-बोध गरौं– पृथ्वीपति "अव म योगी भएर जान्छु, नेपालमा जान्छु, श्लेमान्तक वनको सन्निकट कुटी बनाएर वस्छु, ... जे भए पनि यहाँभन्दा मलाई त्यहीं शान्ति हुन्छ, त्यही निःशङ्क हुन्छ, निर्भय हुन्छ । यिनै कुरा सुनाऊँ भनेर मैले भेला गरेको आज तिमीहरूलाई ।" उनी राजपाठ नै परित्याग गर्ने मनोदशामा पुगेका छन् ।

नटकमा महत्त्वपूर्ण रूपमा क्रियाव्यापार सम्पन्न गर्ने अर्का पात्र हुन् **रणशार्दूल शाह** । यिनी वीरभद्रका भाइ हुन् । यिनी नीतिनिपुण, राजनीतिज्ञ, कूटनीतिक चातुर्ययुक्त, छल, वल, कल नीतिमा पारङ्गत, शूरा, आँटिला, मेधावी र प्रत्युत्पन्न मतिका देखिन्छन् । माटोको मायाले गर्दा आफ्नो ज्यू जोखिममा पारेर लमजुङे राजकुमार दावानल शाहसँग शरण मागी लिगलिग कोटमा नै धन्दै २ वर्ष विताएका छन् । छलबुद्धिले लमजुङेलाई विश्वासमा लिई दलमर्दन लमजुङ गएको वेला लिगलिगकोटमा आक्रमण गराई गोरखाको गुमेको भू-भागमाथि पुनः गोरखाको आधिपत्य कायम गराउन सफल हुन्छन् । उनमा कूटनीतिक र सामरिक कौशल देखिन्छ भने अभिनय कौशल पनि झल्किन्छ । गोरखावाट राजकुमारहरू, भाइभारदारहरू निष्काशित गर्ने योजना र लिगलिग कोटका सिपाहीलाई चारैतिर सीमा सुरक्षामा खटाएर छरिदिने र आक्रमण गराउने योजना कूटनीतिक र सामरिक दृष्टिकोणले महत्त्वपूर्ण देखिन्छ । दावानलका अगाडि प्रस्तुत हुँदा आफ्नो अभिनय कौशलद्वारा गोरखावाट निकालिएको कुरामा विश्वस्त पार्न नसकेको भए उनी लिगलिगकोटमा मारिन्थे । रणशार्दूलको वीरोचित अभिव्यक्ति यसरी आएको छ– "जसरी हाम्री मूलपुरुखा वसन्तावतीले आफ्नो औंला काटेर चेपेमा गोरखा र लमजुङको सीमाना वाँधिदिनुभएको थियो म पनि ती लमजुङेहरूको गर्धन काटेर रगतको धाराले त्यस्तै सीमा वाँधिदिन्छु ।"

गोरखाले लमजुङेमाथि विजय प्राप्त गरेपछि दरवारमा र जनताका घर-

घरमा उनको प्रशंसा हुन थाल्दछ । उनमा राजोचित, विरोचित गुण विद्यमान छन् । दरवारमा को आयो को आएन, किन आएन, बिरामी भयो कि चासो राख्ने, हेर्न जाने, कसले खायो कसले खाएन सारा कुराको रेखदेख गर्ने, ठूलाको मर्यादा गर्ने सानालाई मायाा प्रेम गर्ने, स्वभाव उनमा देखिन्छ । लमजुङेहरूले चार प्रश्न पठाएर अत्तो थापेको र त्यसको सही जवाफ रणशार्दूलले नै दिन सकेको प्रसङ्ग देखाएर नाटककारले उनको व्यक्तित्वलाई चुलिमा पुऱ्याएका छन् ।

वीर योद्धा रणशार्दूलको नामअनुसारको काम रहेको देखिन्छ, उनी रणशार्दूल नै हुन् । लमजुङेलाई मात्र होइन सारा वाइसे चौवीसे राज्यलाई समेत गोरखाको अधिनस्थ बनाउने उनको सुर र योजना थियो । पवित्र भावना र योजना थियो । तर दाजुको वाक्वज्र र पापपूर्ण दोषारोपणले गर्दा उनले असह्य वेदनामा पारी आत्महत्या गरिदिए । उनको आत्महत्यासँगै नाटक पनि टुङ्गिन्छ । उनको वीरताको प्रत्येक इतिहासकारले पनि विशेष उल्लेख गरेको पाइन्छ ।

हन्कुवती पृथ्वीपति शाहकी कान्छी रानी हुन्, अर्थात् छैठौं महारानी । उनी तेस्रो विश्रामको तेस्रो दृश्यमा देखिन्छिन् र केही संवाद पनि बोल्छिन् । उनी उदारमना, विवेकी तर्कपूर्ण अभिव्यक्ति दिन सिपालु, राजाकी प्यारी, सन्तानहीना, तर मातृत्व र ममताकी खानी भएकी रानीका रूपमा देखा पर्दछिन् । उनी स्थिर र सत् पात्र हुन् ।

विराज थापा मगर गोरखा राज्यका काजी हुन् । उनी बुद्धिमान, शूर वीर राजभक्त काजीका रूपमा देखा पर्दछन् । रणशार्दूलको अभियानलाई सफल तुल्याउन यिनको पनि महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । यिनी अनुकूल, गतिशील र सत् पात्रका रूपमा चित्रित छन् ।

गौरेश्वर पन्थ र बलिपाध्या कडरिया दुवै गोरखादरवारका भारदार हुन् । गोरखा राज्यको सीमा संरक्षण र गुमेको भूभाग पुनः आफ्नो कब्जामा लिन यिनीहरूले आफ्नो ज्यानको वाजी लगाएका छन् । यदि अलिकति मात्रै पनि दावानलको मनमा शङ्का परेको भए यिनीहरू लिगलिगको मौलोमा काटिन्थे । यिनीहरू ब्राह्मण हुन् । त्यसैले क्षत्रिय राजकुमारले दर्शन गरेको र यिनीहरूले आशीर्वाद दिएको दृश्य नाटकमा फेला पर्दछ । यिनीहरू ब्रात्मणोचित वेशभूषामा देखापर्दछन् । दुवैजना वाचाल, नीतिनिपुण, देशकाल परिस्थितिअनुसार निर्णय र काम गर्न सक्ने आँटिला व्यक्तित्वका रूपमा देखिन्छन् ।

दावानल शाह लमजुङे राजकुमार हुन् । यिनी शूरवीर र पराक्रमी छन् ।

अत: गोरखालाई परास्त गरी गण्डकीतीरसम्म लमजुङ राज्यको विस्तार गर्न कम्मर कसेर लागेका छन् । केही सेनासहित यिनी गोरखाको पश्चिमी प्रदेशहरू कब्जा गरी लिगलिगकोटमा सुदृढ दुर्ग बनाएर बसेका छन् । नाटकका केही दृश्य लिगलिगकोटमै घटित घटनामा अवलम्बित छन् । यिनमा कूटनीतिक सुजबुझका साथै बौद्धिक क्षमता र सामरिक चातुर्यसमेत देखापर्दछ । करीव ३५ वर्षका दावानल शाह वीरोचित र राजोचित वेशभूषामा रङ्गमञ्चमा देखापर्दछन् । यिनी गतिशील, प्रतिकुल र असत् पत्रका रूपमा चित्रित छन् । सारै सरल र दयालु पनि छन् दावानल, त्यसैले गर्दा रणशार्दूलको जालमा परेर हार खाई गोरखाको अधिनस्थ भूभाग गुमाउन बाध्य हुन्छन् ।

गोलैंची सत् र सामान्य पात्र हो । ऊ सहयोगी अनुकूल महिला पात्र हो । उसका माध्यमबाट तत्कालीन सामान्य गोरखाली नागरिकको मनमा विद्यमान राष्ट्रवादी भावनाको बोध हुन्छ । ऊ आत्महत्या गर्न लागेको अवस्थामा रङ्गमञ्चमा देखा पर्दछे । करीव १८ वर्षकी गोलैंची आफ्नो विहे वैरी देशले कब्जा गरेको गाउँका केटासँग हुने भो भनेर नै आत्महत्या गर्न तम्सिएकी हो । उसको वेशभूषाबोलिचाली आदिले तत्कालीन समाजको बोध गराउँछ । ऊ प्रतिनिधि पात्र हो । त्यस्तै **छ्यामा** र **ढेब्रे**ले पनि गोरखाली समाजको प्रतिनिधित्व गरेका छन् । ठाहिँलो भुजेल पनि त्यस्तै पात्र हो । यिनीहरू कल्पित पात्र हुन् भने पृथ्वीपति, वीरभद्र, रणशार्दूल विराज थापा, गौरेश्वर, वलिपाध्या, दावानल चाहिं इतिहास प्रसिद्ध पात्र हुन् ।

वातावरण

वातावरण चित्रणका दृष्टिकोणले पनि प्रस्तुत नाटक महत्त्वपूर्ण प्रतीत हुन्छ । समयगत परिवेश र स्थानगत परिवेशलाई नाटककारले औधी राम्रोसँग छर्लङ्ग पारेका छन् । नाटककार भीमनिधि तिवारी आफैंले दिएको सूचना अनुसार वि.सं. १७५० वैशाखदेखि १७५३ जेठ (२ वर्ष २ महिनासम्मको अवधि नाटकको विषयवस्तुको समयगत परिवेश हो । त्यस्तै गोरखा दरवार र लिगलिगकोट नाटकको विषयवस्तुको स्थानगन परिवेश हो । लमजुङले गोरखा राज्यको केही पश्चिमी प्रदेश कब्जा गरेको र त्यसलाई प्राप्त गर्न गोरखाले छल, वल र कलमध्ये छलनीति अवलम्वन गरेको, सानासाना राज्यका वीच परस्पर झैझगडा, युद्ध चल्ने गरेको, दरवारमा षड्यन्त्र हुने गरेको, राजाका वहुपत्नी हुने र त्यसैका

कारण दरवारमा अशान्ति र मनोमालिमा चल्ने गरेको जस्तो वातावरण यहाँ संकेतित भएको पाइन्छ। वातावरण चित्रणमा नाटककारले हरेक दृश्यको शुरुमा विस्तृत विवरण दिएका छन्। स्थान, समय, पात्र, पात्रको उमेर, उसको आकृति वेशभूषा गरगहना, लुगाफाटो, घरभित्रको परिवेश, घरवाहिरको परिवेश, मानसिक स्थिति, मानसिक तनाव, उतारचढाव आदिलाई नाटककारले छर्लङ्ग पारेका छन्। हरेक दृश्यको वातावरण चित्रणको सजीवताले गर्दा हरेक पाठकले आफ्नो मानसपटलमा एउटा एउटा रङ्गमञ्च खडा गर्दै जान्छ। यो नाटक र नाटककारको सफलताको अभिलक्षण हो। हरेक दृश्यको शुरुमा परिवेश चित्रण गर्न नाटककारले २३६ पङ्क्ति र करीब १४१६ शव्द खर्च गरेका छन्। त्यस्तै विभिन्न स्थानगत परिवेशमा उभिएर पात्रले गरेका क्रियाव्यपारालाई छर्लङ्ग पार्न संवादकै क्रममा पनि विभिन्न परिवेशको संकेत गरिएको पाइन्छ। प्रस्तुत नाटकमा गोरखा दरवारको र गोरखाको सामाजिक, आर्थिक, राजनीतिक घटना, युद्ध, तनाव, षड्यन्त्र आदि परिवेशको समेत राम्रोसँग चित्रण गरिएको प्रतीत हुन्छ।

संरचना

प्रस्तुत **माटोको माया** नाटक ३ विश्राममा पूरा भएको छ। तीन विश्रामभित्र १९ दृश्य आएका छन्। तर नाटककारले विश्रामको सूचना अन्तिममा मात्रै दिएका छन्। पहिलो विश्राममा चार दृश्य, दोस्रो विश्रामका आदृश्य र तेस्रो विश्राममा ७ दृश्य रहेका छन्। तीन विश्राम, १९ दृश्य, ६१२ संवाद र २३६ पंक्ति दृश्यविधानको विवरण र १६ पेजे फर्माको ८६ पेजमा विस्तारित आकार नै प्रस्तुत नाटकको वाह्य संरचना हो। ८६ पेजमध्ये करीव ७ पेज दृश्य विवरणमा खर्च गरिएकाले ७९ पेजमा नाटकको मूल पाठ आएको बुझिन्छ। प्रतिपेज सरदर डेढसय शव्द हुन सक्ने अनुमानअनुसार यस नाटकमा ११३०० शव्द प्रयोग भएका हुन सक्ने देखिन्छ भने प्रतिपेज सरदर २० वाक्यको गणना गर्दा करीव १५८० वाक्य प्रयोग भएको आकलन गर्न सकिन्छ। पृष्ठ संख्या, शव्द र वाक्यको समेत गणना गर्दा प्रस्तुत नाटक मझौला आकारको छ र ३ घण्टामा प्रस्तुत गर्न सकिने खालको देखिन्छ। नाटककारले शुरुमा विश्राम संकेत र दृश्यविधानमा अङ्क संकेत नगरेकाले पाठक अलमलिने स्थिति छ र यसले वाह्य संरचनामा केही शैथिल्य ल्याएको अनुभव हुन्छ।

नाटकमा सामान्यतया 'नाटकीय संवाद'को कथन पद्धति अँगालिएको छ

भने एकाध ठाउँमा 'नेपथ्य कथन पद्धति' पनि प्रयुक्त छ । अति छोटा, छोटा, मझौला र लामा संवाद यहाँ प्रयुक्त छन् भने अति लामा संवाद यहाँ देखिँदैन । नाटकमा प्रायः मझौला आकारमा संवाद नै प्रयुक्त छन् भने केही ठाउँमा लामा संवाद पनि निवद्ध छन् । विभिन्न पात्रवाट अभिहित संवाद प्रायः सामान्यार्थक वाक्य ढाँचामा आएका छन् भने प्रश्नार्थक, संभावनार्थक, सम्वोधनार्थक, आश्चर्य वाक्य ढाँचा पनि प्रयुक्त हुने स्थानीयन कथ्य ढाँचाका शव्द, ध्वनि र वाक्य पनि प्रयुक्त छन् । कतिपय पात्रका मुखवाट तत्कालीन गोरखामा प्रयुक्त छन् । विभिन्न पात्रका अभिव्यक्तिमा ठाउँ-ठाउँमा उखान, टुक्का सूक्ति पनि आएका छन् र एकाध ठाउँमा 'संस्कृत-सूक्ति' पनि समाविष्ट छन् । तिनले कथन-पद्धतिलाई निकै सुन्दर रमणीय र प्रभावपूर्ण पनि वनाएका छन् । संवादमा प्रयुक्त विभिन्न ठाउँका वाक्यमा उपमा, दृष्टान्त, रूपक उत्प्रेक्षा जस्ता अलङ्कार पनि प्रयुक्त हुन आएका छन् भने अनुप्रासयुक्त शवदहरू पनि ठाउँ-ठाउँमा प्रयोग भएका छन् ।

द्वन्द्वविधान

प्रस्तुत नाटक द्वन्द्व विधानका दृष्टिकोणले पनि महत्त्वाधायक छ । द्वन्द्व-वाह्यद्वन्द्व र आन्तरिक द्वन्द्व दुई किसिमका हुन्छन् । यस नाटकमा बाह्य एवं आन्तरिक द्वन्द्व दुवैको प्रयोग छ । गोरखादरबारमा घटित कतिपय घटना, गोलैंचीको आत्महत्या गर्ने प्रयास, वीरभद्र र रणशार्दूलका वीचको तनाव एवं लिगलिगकोटका कतिपय गतिविधिमा बाह्य द्वन्द्वको प्रभाव र असर देखिन्छ । लमजुङ र गोरखाको भीषण युद्धको संकेत भए तापनि रङ्गमञ्चमा युद्धको प्रयोग भएको देखिंदैन । संस्कृतका आचार्यहरूले नाटकमा दूराह्वान, वध, युद्ध, राज्यविप्लव, विवाह, भोजन, शाप, मलत्याग, मृत्यु, रति, दन्तक्षत, नखक्षत, शयन, चुम्वन अन्य लज्जाधायक प्रसङ्ग रङ्गमञ्चमा प्रस्तुत गर्नुहुँदैन भन्ने संकेत गरेर नाटकलाई शालीन, शिष्ट, मर्यादित र सर्वजन आस्वादन योग्य वनाउनुपर्छ भन्ने कुरालाई bz fPs f5g\.oLaHo{s /f**माटोको माया** को रङ्गमञ्चमा विहित छैनन् । अतः बाह्यद्वन्द्व सामान्य रूपमा देखापर्छ ।

आन्तरिक द्वन्द्व भने यस नाटकमा पर्याप्त पाइन्छ । । पृथ्वीपतिमा आन्तरिक छटपटी छ भने वीरभद्रमा आर्न्तरिक द्वन्द्व भेटिन्छ । भाइको कीर्तिपताका र गाथावाट उनी चुरिएका छन्, उनमा मार्नासिक छटपटी र तनाव छ, घृणा, द्वेष र डाह चुलिएको छ । दाजुको अकल्पनीय दोषारोपणवाट भाइ रणशार्दूल पनि

छटपटिएका छन्, मानसिक तनाव र उत्तेजनामा पुगेका छन् । त्यही उत्तेजना र आवेगको परिणाम नै आत्महत्या हो । यसरी प्रस्तुत नाटकमा द्वन्द्व विधान विहित भएको बुझिन्छ ।

रङ्गविधान

नाटक 'नाटक' हो । 'नटन्ते अभिनेतारः यस्मिन्निति नाटकम् ।' रङ्गमञ्चमा नै नाटकको पारख र मूल्याङ्कन हुन्छ । नाटककारले नाटक लेखी प्रकाशित गर्दा नाटकको ५० प्रतिशत कार्य मात्र पूरा भएको हुन्छ भने बाँकी ५० प्रतिशत काम नाटक निर्देशक, कलाकार, तिनको भूमिका, दक्षता, वेशभूषा, प्रकाश, ध्वनि विस्तारक, साधन स्रोत, प्रस्तुतीकरण– दर्शकको स्तर आदिबाट पूरा हुन्छ ।

प्रस्तुत नाटक पाश्चात्य आधुनिक नाट्य ढाँचाबाट प्रभावित देखिए पनि तिवारी पूर्वीय नाट्य सिद्धान्तबाट पूर्णतया परिचित थिए भन्ने कुरा नाटकीय संरचनाबाट बुझिन आउँछ । तिवारीले नाटकलाई अभिनेय र मञ्चनीय बनाउन के के कुरालाई ध्यान दिनुपर्छ पूरा ख्याल गरेका छन् । विश्राम विभाजन, दृश्यविभाजन, दृश्यविवरण, रङ्गमञ्च, पात्र प्रकाश, वेशभूषा आदिको विस्तृत परिचय, अल्पपात्रको प्रयोग छोटा संवाद, बोलिचालीका सहज सरल सम्प्रेष्य गद्य भाषा, मझौला आकार –आदि युक्त नाटकीय संरचना र आयोजना रङ्गमञ्चीय सचेततावाटै भएका हुन् ।

रङ्गविधानका दृष्टिले सम र तिवारीलाई तुलना गर्दा तिवारी अझ सफल देखिन्छन् । समका बौद्धिक लामा पद्यात्मक भाषणले रङ्गमञ्चको सामान्य दर्शकलाई दिक्क तुल्याउँछ । तर तिवारीका संवाद र रङ्गविधान त्यस्तो छैन । जस्तै **मुकुन्द-इन्दिरा** र तिवारीको **सहनशीला सुशीला**लाई टेलीनाटक बनाएर प्रस्तुत गरिएको थियो । **सहनशीला सुशीला** जति प्रभावपूर्ण र आस्वाद्य बन्यो त्यति **मुकुन्द-इन्दिरा** बन्न सकेन । त्यसैले तिवारीका सबै नाटक र **माटोको माया** प्रयोगार्थ छ, मञ्चन गर्न सुगम, सहज र सरल छ ।

भाषा शैली

भाषा शैलीका दृष्टिकोणले पनि तिवारीका नाटक सहज, सरस, सरल र आस्वाद्य एवं संवेद्य छन् । भाषा अभिव्यक्तिको माध्यम हो । भाषिक अभिव्यक्तिले कलात्मकता प्राप्त गर्दा साहित्यको आविर्भाव हुन्छ । भाषाले अभिव्यक्तिकौशल

प्राप्त गर्न सकेन भने साहित्य निरर्थक र सर्वथा नीरस बन्न जान्छ। शैलीले अभिव्यक्ति ढाँचा, भङ्गिमा स्वकीयपन र निजत्वलाई संकेत गर्दछ।

तिवारीको भाषा सहज छ, सरल छ र सम्प्रेष्य छ भन्ने कुरा माथि व्यक्त गरिसकियो। भाषाभित्र पद, पदांश, वाक्यांश वाक्य आदि पर्दछन्। प्रस्तुत नाटकमा करीब ११ हजार शब्द र १५ शय वाक्य प्रयोग भएको बुझिन्छ। शब्द स्रोतको हिसाबले आकलन गर्दा यस नाटकमा ८० प्रतिशत र झर्रा नेपाली शब्दको प्रयोग भएको देखिन्छ भने १९ प्रतिशत संस्कृत तत्सम शब्दको प्रयोग भएको पाइन्छ। नगण्य मात्रामा मात्र आगन्तुक शब्द प्रयुक्त छन्। गोरखाको स्थानीय कथ्य रूपलाई पनि कतिपय संवादमा प्रयोग गरिएको छ। सामान्यार्थक, प्रश्नार्थक, संभावनार्थक, सम्बोधनार्थक आदि वाक्य ढाँचा छन्। ती छोटा र सरल छन्। असमस्त पद प्रयुक्त छन् भने सरल, संयुक्त र मिश्र वाक्य मध्ये सरल वाक्यको आधिक्य छ र कर्त्तृ, कर्म र भाव वाच्यमध्ये कर्त्तृवाच्यकै प्रमुखता रहेको बुझिन्छ। यद्यपि संयुक्त र मिश्र वाक्य पनि प्रयुक्त छन् भने कर्म र भाव वाच्य पनि भेटिन्छन्। लेख्य रूपमा आवश्यक पर्ने अल्पविराम, अर्धविराम, पूर्णविराम, प्रश्नचिन्ह, विस्मयादिबोधक चिन्ह, उद्धरण चिन्ह, योजकचिन्ह, विलोपचिन्ह, कोष्ठक आदिको पनि समुचित प्रयोग गरिएको छ। नामपद (भाव, जाति, व्यक्ति, समूह, द्रव्य, सर्वनाम) विस्मयादिबोध शब्द, अव्ययपदहरू, निपात र विभिन्नकिसिमका क्रियापदहरूको समेत समुचित विन्यास यस नाटकलाई गुरुत्व र महनीयता प्रदान गरेको अनुभव हुन्छ।

अलङ्कारको प्रयोग र अन्य कलात्मक विशेषता

नेपाली नाटकको संरचनात्मक ढाँचा गद्य नै हो, यद्यपि समले पद्य नाटक पनि लेखेका छन्। पद्य नाटकमा जस्तो अलङ्कार, रसयोजना गद्य नाटकमा नहुन सक्छ र पनि यस नाटकमा अलङ्कार, रस, भाव र विचारको राम्रो समन्विति पाइन्छ। रसलाई मध्यनजर राखेर नाटकको रचना नभए पनि शुरुदेखि उपान्त्य दृश्यसम्म वीर रसोचित भाव र अन्तिम दृश्यमा करुण रसोचित भावलाई व्यक्त गरिएको पाइन्छ। दुःखान्त्य नाटक सिद्धान्तमा पाइने 'त्रास र करुणाको माध्यमबाट मनोभावको विरेचन गर्दछ' भन्ने विचार यहाँ सार्थक बन्न गएको बुझिन्छ। रणशार्दूल विना दोष मारिनुले दर्शक र पाठकको मनमा त्रास र करुणाको सृजना गरी अनौठो रसानुभूति दिलाउने स्थिति नाटमा छ।

पद्य नाटकमा जस्तो अलङ्कारको विन्यास गद्य नाटकमा हुँदैन र पनि तिवारीका नाटकमा शब्दालङ्कार र अर्थालङ्कार दुवैको सन्निवेश भएको पाइन्छ । शब्दालङ्कारमा समान ध्वनि र वर्णको आवृत्ति र पुनरावृत्तिले अभिव्यक्तिलाई अलङ्कृत र मिठासयुक्त बनाएको हुन्छ । जस्तो 'म नायक, म गोरखाको श्री नायक, आजको रद्दी भए पनि भोलिको गद्दी, आजको नाराज़ भए पनि भोलिको महाराज ।' (पृ. ५) अर्को उदाहरण 'रिजाम्ला, भिजाम्ला, अनि विहेको कुरा विसाम्ला' (मा.मा. पृ. ३) 'त्यो माटो हाम्रै माटो हो' (पृ. १५) 'जो गति पतिको सो गति सतीको' (पृ. ४) 'उसले जे जति गऱ्यो मेरै निमित गऱ्यो, भोलिको निमित गऱ्यो' (पृ. ६१) आदि ।

अर्थालङ्कारका दृष्टिले पनि प्रस्तुत नाटक महत्त्वपूर्ण छ । विभिन्न पात्रबाट व्यक्त सम्वादमा विभिन्न किसिमका अलङ्कार पर्न गएका छन् । रूपक, उपमा, दृष्टान्त, उत्प्रेक्षा आदि अलङ्कारको प्रयोग भएको देखिन्छ । जस्तो 'आफ्नो माटोको माया नलाग्ने मुटु त ढुङ्गा हो ।' (पृ. १४) यहाँ ढुङ्गामा मुटुको अभेद आरोप गरिएको छ । 'यति ठूलो आँट गर्न सक्तिनँ– दशरथलाई कैद ! रामलाई हत्या !' 'म सिंहको बच्चा हुँ (पृ. ८१) उपमा– लमजुङका वीर छोराहरूको रगतको खोलाले आर्जन गरेको राज्य हो यो । गाइनेले वय मागे झैं मागेर पाइन्छ ।' (पृ. १९) 'माझीले माछालाई धागाको जालमा पारेझैं उहाँले पनि प्रपञ्चको जालमा लमजुङेहरूलाई पार्न सकेहुन्थ्यो (पृ. ५) आदि ।

प्रस्तुत नाटकमा शब्दालङ्कार अर्थालङ्कार अतिरिक्त अन्य सौकर्मप्रवर्धक कलात्मक विशेषताहरू पनि पाउन सकिन्छ । नाटककारले उखान, तुक्का, संस्कृतका सूक्ति, ध्वन्यात्मक अभिव्यक्तिको समेत विन्यासले नाटकलाई निकै पठनीय र मर्मस्पर्शी बनाएका छन् । 'साढेको गुधाइ बच्छाको मिचाइ' (पृ. २१) 'वाघको मुख हेर्नुछ भने विरालाको मुख हेर्नू, शत्रुको मुख हेर्नुछभने भाइको मुख हेर्नू (पृ. ४४) जस्ता उखान र न, नि, पो त, आदि निपात र जिनजिब्रोको अनौठा अभिव्यक्तिले नाटकलाई कलात्मक सौन्दर्य थपेको अनुभव हुन्छ । त्यस्तै सूक्तिमय अभिव्यक्तिले पनि नाटकमा कलात्मक सौन्दर्य थपेको पाइन्छ । जस्तो 'शत्रुमाथि विजय गर्ने तीन उपाय हुन्छन् । बल, कल, छल । (पृ. ३६) अवसर आउँछ वसिरहँदैन (पृ. ३१) 'मन्त्र बल र मन्त्री बल बराबर हुन्छ । पृ. ३० नजीककी स्वास्नी प्यारी, टाढाको छोरो प्यारो (पृ. २६) 'मनसा चिन्तित कार्यं वचसा नैव प्रकाशयेत् ।' (पृ. ६) क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति (पृ. ७७) जस्ता सूक्तिहरूको

विन्यासले नाटकमा कलात्मक सौन्दर्य थपिएको अनुभव हुन्छ ।

मूल उद्देश्य र सन्देश

प्रस्तुत नाटकको मूल उद्देश्य र सन्देश राष्ट्र प्रेम नै हो । 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' नै यस नाटकको मूल उद्देश्य र सन्देश हो । 'स्वस्थ सम्मतिमा' योगी नरहरि नाथले र 'मन्तव्य'मा सुन्दरप्रसाद शाहले 'माटोको माया'मा माटोको माया सन्निहित छ भन्ने कुरा उल्लेख गरेका छन् । स्वयं नाटककारले भूमिकामा 'मलाई इच्छा भइरहेको थियो उनलाई लिएर एउटा नाटक लेखूँ र वीर पूजा गरूँ ।' यो नाटक तिने गोरखाका सपूत देशभक्तलाई लिएर लेखिएको हो ।' भनेका छन् । अतः यस नाटकको मूल सन्देश भन्नु नै राष्ट्रवन्दना, वीर वन्दना र माटोप्रति ममता व्यक्त गर्नु हो, देशभक्त, राष्ट्रभक्त, वीर योद्धा रणशार्दूलको व्यक्तित्व प्रदर्शन गर्नु हो । नाटककार समले 'रणदुल्लभ' एकाङ्कीमा पनि उनको व्यक्तित्वको प्रदर्शन गरेका छन् । एउटै व्यक्तित्वलाई लिएर नाटक र एकाङ्की लेखिएको देखिन्छ । समको एकाङ्कीमा कवितात्मक स्वाद प्रखर रूपमा भेटिन्छ भने यसमा अभिनयात्मक, सरल र सहज अभिव्यक्ति पाइन्छ ।

उपसंहार

प्रस्तुत माटोको माया नाटक २०२७ सालमा लेखिएको हो । यद्यपि २०१८ सालमा नै यो नाटक लेख्ने प्रेरणा र इच्छा जागृत भएको कुरा नाटककारले भूमिकामा व्यक्त गरेका छन् । नाटक लेख्नुपूर्व तिवारीले गोरखा दरबार, लिगलिग कोटको स्थलगत निरीक्षण गरेका थिए भने इतिहासको पनि राम्रो अध्ययन गरेका थिए । यो नाटक गोरखाको १७५० वैशाखदेखि १७५३ जेष्ठसम्म गोरखा राज्यमा घटित ऐतिहासिक घटनालाई लिएर लेखिएको हो । यसमा कथाको बनोट र बुनोट स्वाभाविक छ । यसले ऐतिहासिक विषय र परिवेशलाई राम्ररी झल्काएको छ । संरचनात्मक दृष्टिले र अभिनयका दृष्टिले नाटक सवल र सफल देखिन्छ । भाषाशैलीमा नाटककारको निजत्व झल्किन्छ भने शब्दालङ्कार, अर्थालङ्कार, उखान, टुक्का सूक्ति आदिको प्रयोगले नाटक आस्वाद्य बनेको छ र कलात्मक चमत्कारयुक्त पनि वन्न पुगेको छ ।

◆

'भविष्य निर्माण' कथाले खोजेको भविष्य

सुमन कट्टेल

साहित्यकार एउटा शान्त समृद्ध मानवताको फूलबारीको कामनाले कल्पनाको संसार बनाउँछ। हिंसा र विद्वेषले घाइते भएको वर्तमान सभ्यतालाई शान्तिको वाटो हिंडाउन नयाँ मानसिकताका व्यक्तिहरू जन्माउनु पर्छ। यस धर्तीमा सभ्यतारूपी मानव पुष्प मगमगाउन युद्धवीर होइन, शान्तिवीरको आवश्यकता छ। त्यसैले यस धर्तीको सुन्दर भविष्यका लागि नयाँ पुस्तालाई शान्तिकर्मी बनाउन आवश्यक छ। मानवताको जग मानिसले नै वसाउनु पर्छ र यो महान अभियान हरेकले आफ्नै घरवाट शुरू गर्नु पर्छ। यही मूल मर्म वोकेको सान्दर्भिक कथा हो– भविष्य-निर्माण। यस कथालाई कथ्ने सफल नारी हस्ताक्षर हुनुहुन्छ–देवकुमारी थापा। वि. सं. १९८४ मा दार्जलिङ्गमा जन्मिनु भएका कथाकार देवकुमारीले छोटा र मार्मिक कथा लेखेको पाइन्छ। टपरी भोकतृप्ति प्रलय प्रतीक्षा र देवकुमारी थापाका प्रतिनिधि कथाहरू प्रकाशित कथा संग्रहहरू हुन्। उहाँका धेरैजसो कथाहरूमा जीवनवादी चिन्तन पाइन्छ र सामाजिक चेतनाले भरिएका हुन्छन्। उहाँका कथाहरूले वालमनोविज्ञानको विपयलाई अत्यन्त प्रभावपूर्ण विचारलाई सकारात्मक रूपमा ध्वनित गरेको देखिन्छ। यस्तै कथाहरू मध्ये एउटा महत्त्वपूर्ण कथा हो विवेच्य कथा। पार्वती, नरेश र कृष्णवहादुरको यौटा सानो परिवारको घटनालाई आधार बनाई कथाकारले आफ्नो वीज विचारलाई कलात्मक कथानकमा वुनेको पाइन्छ भविष्य निर्माण कथामा।

घर. जीवन यात्राको पहिलो पाइला हो र अन्तिम पाइलासम्मको सूचक पनि हो। घरले संसार हेर्न सिकाउँछ र वदल्न पनि। व्यक्तित्त्व निर्माणको जग

घर नै हो । व्यक्तिगत, पारिवारिक, सामाजिक घटना, र अनुभवको चापमा मनका तह तहमा बन्ने अनेकौं जटिलताहरूले व्यक्तित्त्व निर्माण हुन्छ । व्यक्तित्त्व निर्माणको यस पाटामा आमाको भूमिका सर्वोपरि हुन्छ । यसैलाई आख्यानको सूत्रमा उधिनेर कथाकारले सुन्दर कथा कथेको पाइन्छ ।

यौटा घरलाई नारीले चाहेमा स्वर्ग बनाउने र खराव नारीको हात परे स्वर्ग पनि नरक बन्ने तथ्य घाम झैँ छर्लङ्ग छ । आमा शिक्षित भए परिवार शिक्षित हुने तथ्य पनि स्पष्ट नै छ । यौटा सानो वालकलाई कस्तो भविष्य दिने भन्ने कुराको आधार पनि आमा नै हुन् । यसै विषयवस्तुलाई आधारमानी बालमनोविज्ञानको चित्रण गरिएको विवेच्य कथामा कथाको प्रारम्भ घरलाई सिङार्ने वास्तविक शिल्पी पार्वतीको उदत्त विचार र कौशलतापूर्ण व्यवहारलाई चिनाउने सन्दर्भबाट कथाको उठान भएको छ । सबैका आँखा चुम्ने यौटा घर र त्यसलाई सिङार्ने पार्वतीको चित्रणबाट माथिको तथ्यलाई व्यक्त गरिएको पाइछ ।

शिक्षा विद्यालयले देला तर संस्कार घरले दिनुपर्छ । विनासंस्कारको शिक्षा शौतनी शिक्ष हो, जसले विनाशको आँधीवेहेरी मात्रै सिर्जना गर्छ । यस तथ्यलाई आत्मसात गर्ने अभिभावकले सुखद् संसारको सुन्दर भविष्यका लागि सचेतताको पाइला चाल्नै पर्छ, कर्तव्य र अनुशासनको तपस्या तप्नै पर्छ । उदाहरणविनाको उपदेश वमन हो, जो ग्राह्य हैन, हेय हुन्छ । त्यसैले पार्वतीले अनुशासनको साहसिक यात्रा रोजेकी थिइन्, आफ्नो सन्तानलाई वैभवको मालिक होइन शान्ति र मानवताको डकर्मी बनाउन चाहन्थिन् । सुझवुझले गरिएको पार्वतीको यो आराधना कृष्णबहादुरको सैनिक मानसिकताले झन्डै ग्वाल्याम-गुर्लुम ढाल्नै लागेको थियो, तर पार्वतीको वालक सुँघ्न सक्ने शक्ति र समय बदल्न सक्ने खुवीले विचैमा ठूलो आँधी राखिदियो ।

अहम्‌को भूत चढेका ठूला मानिसहरू उम्रदैका तीन पातेका दिमागी करामत सोच्नै सक्तैनन् । अवोध ठानिएको र संसारको तिकडामबाट अनभिज्ञ ठानिएको वालकमा आफ्ना वावुका पाखुरामा लागेको खत देखेर र वावुको

कथित पुरुषार्थ सुनेर हिंसा उम्लन्छ र काठको टुक्रो प्रतिशोधको आगो ओकल्ने बन्दुक बन्न पुग्छ । मनका पत्रै पत्र विश्लेषण गर्नेले पनि नबुझेको मानव मन वालकको केही थाहा नपाउने मन ठान्न पुग्छ तर त्यो बालक बाबुआमाको वोली र व्यवहारलाई तुलनमा जोखिरहेको हुन्छ । अनुभव पकाएकी पार्वती जस्ता खप्पीस आँखामात्र यो बुझ्न समर्थ हुन्छ । जिज्ञासाको आगोलाई एक हप्काइले शून्य डिग्रीमा झार्ने वुज्रुक समाजमा पार्वतीले नरेशलाई, भीरबाट खस्नै लागेको आफ्नो सपनालाई विवेकपूर्ण तरीकाले सफलताको सोपान चढाउँदा उसका आँखामा रसाउने हर्षाश्रु कम भएको अनुभव हुन्छ । विकृतिको डंगुरको सुँगुर बनेर त्यसको विरोधमा फतफताउनुभन्दा कमल बनेर मुस्काउन सक्नु सफलता हो । संसार बिग्रियोस् तर आमा विग्रनु हुन्न, आमा बिग्रिएको दिन संसार-संसार रहन्न । आफ्नो स्वार्थको लागि बच्चाको भविष्य निमोठ्ने आमा होइन, आमा, पार्वती हो, सुनौलो भोलिका लागि वर्तमान सुम्पने ।

कथाको अर्को पाटो छ– विश्व शान्तिको कामना । हिंसा र विद्वेषले घिनाएको यस विश्वलाई छहारी बनाउने कथाकारको चाहना यस कथामा प्रतिबिम्बित भएको छ । जति बेला देश बारुदको शिरानी हालेर धमिलो सपनामा हराउन खोज्छ तब सचेत आत्माहरू छटपटाउन थाल्छन् । शान्ति जब दन्त्य कथाको विषय बन्छ तब कलम बोल्छ– शान्तिको भविष्य खोज्दै । वर्तमान नेपालमा गुराँसले आफ्नो लाली बिर्सिएर रगतको छिर्का देख्तैछ । राष्ट्र एम्बुसमा अत विक्षत भएको छ र नरमेधको आयोजना भइरहको छ । त्यसैले अहिले यो कथा शान्तिको बीउ छर्न सहायक सिद्ध हुने देखिन्छ । हिंसा र प्रतिहिंसाको अर्को महाभारत झन् क्रूर र भयावह बनेर आँखा र मुटु ठुङिरहेछ । यस्तो अवस्थामा यो कथा शान्तिको यौटा मलम बन्न सक्छ –भोलिको आशा देखाएर । कथाको समय आजको नेपाल होइन, तत्कालीन विश्व हो । हिंसा रोपेर शान्ति खोज्ने वर्तमान विश्वलाई यौटा गतिलो सन्देश हो –यो कथा । शान्तिको खेतमा मानवता मौलाउँछ, सहयोग र सद्भावको यही दरिलो सम्बन्धमा विश्व-भ्रातृत्वले मलजल पाउँछन् र यसको जग घरबाट सुरु हुन्छ । सहयोग र सद्भाव थोपरेर थोपरिदैन, यो त घरकै संस्कारको बीज भूमिमा मात्रै टुसाउँछ । यही संस्कारले

विश्वलाई शान्तिको आशा छर्न सक्छ भन्ने सन्देश यस कथाले बोकेको छ ।

कथामा आख्यानतन्तुको संयोजनले यसको कलात्मक उचाइ थप्छ । कार्य-कारण शृंखलामा आबद्ध घटनाक्रमको प्रस्तुतिले यो सार्थक र प्रभावकारी बन्छ । पार्वतीको कुशल गार्हस्थ्यको चित्रणबाट प्रारम्भ भएको यस कथाको आख्यान संरचना सशक्त छ र रेखीय गतिमा अघि बढेको पाइन्छ । पार्वती, नरेश र कृष्णबहादुर तीन पात्रको वृत्तमा कथा घुमे पनि कथाको केन्द्रीय चरित्र पार्वतीलाई नै मान्न सकिन्छ । कथाको उद्देश्यको निरूपण नरेशबाट भए पनि विषयवस्तुले पार्वतलाई नै केन्द्रमा राखेको छ । कृष्णबहादुर कथामा द्वन्द्व सिर्जना गर्ने र आख्यानलाई नयाँ मोडमा पुऱ्याउने पात्र हुन् । शान्ति र अहिंसालाई आँखा चिम्लेर स्वीकारिरहेको नरेशको मनमा द्विविधा, विरोधाभास र शङ्कायुक्त जिज्ञासाको लहर उठाउन उनको बहादुरीको बखान पर्याप्त बन्न पुगेको छ । यसरी अत्यन्त आवश्यक थोरै पात्र राखी कथा उद्देश्यमा पुग्नु कथाको सशक्त पक्ष हो ।

बालक जिज्ञासाको पहाड हो, कौतूहलताको हिमाल हो । यसले राम्रो छहारी पाए धर्ती सौन्दर्य बनेर खिल्खिलाउँछ, नभए आहाल बनेर दुर्गन्धमात्र फैलाउँछ । सकारात्मक सोचाइले जीवनलाई ऊर्जा दिन्छ, आशाले कर्तव्यको बाटोमा हिंडाउँछ । भविष्य यसैमा अडेको छ । भोलिको सुन्दर धर्तीका लागि आजको कलिलो मस्तिष्कबाट हिंसा, प्रतिशोधका काला ऐंजेरुलाई हटाउन सक्नुपर्छ । पार्वती यही भविष्यप्रति समर्पित छिन् र कथाकारको मूल उद्देश्य पनि यही नै हो । यसको शीर्षकले धन्यात्मक रूपमा यही अर्थ व्यक्त गरेको छ ।

यौटा बालकलाई महान् हैन, असल व्यक्ति बनाएर उसको भविष्य निर्माण गर्ने यौटा तथ्य अघि सारिएको छ भने अर्कातर्फ सिङ्गो संसार र मनुष्य जातिको सुन्दर भविष्य निर्माणका लागि शान्तिको जग बसाइएको तथ्य कथामा कुशल संयोजन भएर व्यक्तिएको छ । बारुद ओकल्ने पहाडको छायाँमा बसेको यस क्षणलाई आँखीभ्यालबाट च्याएर शान्तिको उच्छ्वास छोड्ने कथाकारको चाहना यहाँ प्रतिविम्बित छ र यस अर्थमा यो कथा अत्यन्त सफल र उत्कृष्ट रहेको छ ।

◆

संस्मरण

अनुभूतिका तरङ्गहरू

इशहाक हुसेन

गीत-संगीत भनेपछि हुरुक्कै हुन्थें म । निन्द्रा भोक र तिर्खा कहाँ बिलाउँथे कुन्नि, ढोलक, हार्मोनियम, मादल वजेको सुनेपछि त्यसै त्यसै मोहित हुन पुग्थें म । झन् झनाएर वज्थ्यो मेरो मनको तार ! के कामले कहाँ हिंडेको म चटक्कै बिर्सेर हराउँथें आफैंमा, यिनै कारणहरूले गर्दा बुबाको हप्की र आमाको हातको चुटाई खाएका ती दिनहरू अझ कहाँ विर्सेको छु र मैले !

वीरगन्ज मुर्लीमा रहँदासम्म रामवहादुर बाजेले लाउने गरेको हरिकिर्तन गाउन पुग्थें म र मसँगै हुन्थें भोला मियाँ, जो त्यसताका मुर्ली चौकमै लुगा सिएर वस्थें । आजभोलि तिनै भोला मियाँ मुर्ली चौककै फूटपाथमा अण्डा वेच्ने पेशामा लागेका छन् । यदाकदा म मुर्ली गएको वेला भोला मियाँ र म विगतका यिनै कुराहरू गरेर आनन्दित र रोमाञ्चित हुन्छौं ।

समय परिवर्तनशील छ र समयसँगै समाजको रहनसहन र मानवीय स्वभाव परिवर्तन अस्वाभाविक हैन ! म आफ्नू जन्मथलो मुर्ली पुग्दा आफ्ना दौंतरीहरूलाई हेरेर अतीतको सम्झनामा विलुप्त हुन पुग्छु । हिजोसँगै कबुडी, दोल्हापाती, डन्डीबियो खेलेका र हुर्केका साथीहरू आज कोही शिक्षक, कोही टेलरमा मास्टर केही पुलिस अफिसर, कोही ड्राइभर त निकै ठूला साहू महाजन भएका छन् भने कोहीलाई हेर्छु जहाँको त्यहीं अर्थात् त्यो वेला ठेला टाङा चलाउनेका वा टेलर मास्टरका छोरा हाम्रा दौंतरीहरू आफ्ना अभिभावकले गरेका तिनै पेशालाई अँगालेर जसोतेसो आफ्नू परिवारको लालन-पालन गर्ने दायित्व पूरा गर्दैछन् । कमाउन-ख्वाउनु खान वाहेक समयसापेक्ष छोराछोरीलाई शिक्षित वनाउनुपर्छ भन्ने चेतनाको विकास नभएको रुढीवादी विचारले ग्रस्त रहेको आफ्ना दौंतरीहरूलाई देख्दा म अति मर्माहत हुन पुग्छु । शिक्षाका सम्वन्धमा मैले केहीभन्दा सम्झाउँदा उल्टै मलाई नै उल्लु तुल्याउँछन् । केहीले छोरालाई दुईचार कक्षासम्म पढाए पनि छोरीहरूले त स्कूलको मुखैंसम्म हेर्न पाएका छैनन् ।

हिजोको मेरो जन्मथलो मुर्ली, गाउँवाट नगर र नगरपालिकाबाट आज वीरगन्ज उपमहानगरपालिकामा परिवर्तन भैसक्दा पनि आज एक्काइसौं शताव्दीको

मिर्मिरेमा पनि अन्धविश्वास र रुढीवादको तुँवालोले डम्म छोपी राखेको देख्दा म तीन छक्क परेको छु ।

आफ्ना यिनै लडौटिया साथी अर्थात् दौंतरीहरूका विपरीत आफूलाई नियाल्छु । २०३४ सालमा प्रहरीको जागीर छोडेपछि अहिलेसम्म आफ्नू कुनै कतै स्थायी ज़ागीर वा पेशा रोजगार छैन । कहिले कतै जादू देखाएर त कहिलै वैद्यको रूपमा जडिवुटी औषधिको कारोवार गर्दै जसोतसो पारिवारिक ठेलागाडा ठेल्दैछु । दुईवटी छोरीहरूलाई पढाएर दुवैले मैट्रिक पास गरेपछि दुवै छोरीको प्रगतिशील विवाह पनि सम्पन्न गरिसकेको छु । मेरो छोरीहरूको छोटो छरितो प्रगतिशील प्रकृयाको विवाह देखेर केटीतर्फको अभिभावकीय भूमिका निर्वाह गर्नुहुने आदरणीय प्रसिद्ध निवन्धकार निर्मोही व्यास औधी प्रसन्न हुनुभएको थियो । आहा कति राम्रो कति सजिलो पाँच मिनेटमै विवाह सम्पन्न, यस्तो विवाह त म आज पहिलोपटक देखिरहेको छु भनेर हर्ष विभोर हुनुभएको थियो ।

यसरी दाइजो प्रथा विरुद्ध प्रगतिशील विवाह सम्पन्न भएर आफ्नै घर वगही रौतहटमा रहेर भारतको वैरगनियामा उच्च शिक्षा हासिल गर्न तल्लीन छिन् मेरी कान्छी छोरी, र मलाई जहाँसम्म लाग्छ तराईको मुस्लिम समुदायमा जेठाजुहरू र आफ्नू श्रीमान्का सहमतिका साथ सासु ससुराले आफ्नु वुहारीलाई उच्च शिक्षा हासिल गर्नका लागि पढ्न पठाएको पहिलो वुहारी हुनुपर्छ मेरी छोरी । शिक्षा क्षेत्रमा पिछडिएका मुस्लिम महिलाहरूका लागि उदाहरण वन्ने आफ्ना छोरीहरूप्रति गौरवान्वित छु म । अर्की जेठी छोरी पनि रौतहट वलिरामपुर आफ्नू घरवाट साईकल चढेर जागीर खान आफ्नु अफिसतिर गैरहेको देख्दा त झनै मेरो जीवनको उद्देश्य फलीभूत भएको आफ्नै आँखाले हेर्न पाउँदा जीवनै सार्थक भएको ठानेको छु ।

आफू जादुगर एम.डी.आई. हुसेनको नाम मेचीदेखि महाकालीसम्म परिचित भए पनि साहित्यानुरागी भनेर थोरैलाई मात्र थाहा छ । हिजोआज म धेरैजसो किताव, कलम र कागजसँगै रमाउने गर्छु किनभने यही कलम कागज मेरो पीडा वुझिदिने असल साथी भएको छ । भूत, भविष्य र वर्तमानका भावनामा भौतारिएर म आफ्नू वालापनदेखि आजसम्मका दुःख पीडा र आफ्ना अनुभवहरूलाई गीत, गजल, कविता, कथा संस्मरणहरू यही कागज, कलममार्फत् तपाईंहरूसमक्ष पुऱ्याउने जमर्को गर्दैछु ।

सक्छौ सगर झुकाउन अमर त्यो पदवी पाउन
पुग्छौ त्यो चन्द्रमा तिमी विश्वास र लगन भए
मिलेर कर्म गर्नु नै इशहाक प्रेम धर्म हो

छैन यहाँ पराइ क्वै मानवमा आफ्नूपन भए, यिनै शेरहरूलाई जोडेर गाँसेर गजलको रूप दिन्छु। पाउनु र लानु त केही छैन त्यसैले थोरै भए पनि यहीं केही छोडेरै जाऊँ कि भनेर।

कहाँ जान लागेको के भन्न लागेको म भावनामा वगेर यहाँसम्म आइपुगेछु। लौ लागौं है त फेरि अघिकै भजन-कीर्तनतिरै। वीरगन्ज मुर्ली चौकदेखि अन्दाजी सत्तरी पाइलापूर्व गएर उत्तर मोडिएर त्यही पचास पाइलाजति अगाडिको पूर्व मोहडा भएको रामवहादुर वाजेको मुन्डेघरको आँगनमा प्रायजसो दिनहुँ साँझ सात-आठ वजदेखि राती दस-एघार वजेसम्म हुने कीर्तन-भजनमण्डली हामी दुई मियाँ पनि सामेल भएर कीर्तन-भजन गाउने गर्थ्यौं र भजन-कीर्तन विसर्जनपछि म र भोला मियाँ फिल्मी गीत र कव्वाली खूब झुमीझुमी गाएको झलझली सम्झन्छु म।

रामवहादुर वाजे-वज्यै, काका चन्द्रवहादुर र काकी च्याङ्वा। मैले काकीलाई च्याङ्वा भनेर लेख्दा तपाईंहरू आश्चर्य र अन्यौलमा नपर्नुहोला नि यो त चन्द्र काकाले काकीलाई औधी मायाँ गरेर सम्वोधन गर्ने नाम हो च्याङ्वा, दुई दम्पतीवीचको स्नेह र मायाँको शव्द हो च्याङ्वा। काकीको वास्तविक नाम चिनु थियो तर फूपुदिदी वा अरूहरूले वोलाउँदा चिनी नानी वा चिनी दिदी भनेर वोलाउने गरेको सम्झन्छु म।

साँच्चै नै भन्नुपर्दा मेरो निम्ति त माया र स्नेहको खानी नै थियो रामवहादुर वाजेको घर-आँगन वाजेको पूरै परिवार कहिल्यै अघाएनन् मसित र कहिल्यै विझाइन म वाजे, वज्यै, काका, काकीका आँखामा।

अति स्नेही वाजेवज्यै र काकी यो लोक त्यागी शान्ति लोक पाल्नुभए पनि उहाँहरूको त्यो असीम माया, स्नेह मेरो मुटुभरि उम्लिरहेको छ र त्यही माया आँखावाट छचल्की ओइरिएर फूल वनी श्रद्धाञ्जलीमा अर्पण हुन पुग्छ।

त्यतिवेला म सोह्र सत्र वर्षे अल्लारे ठिटो थिएँ, काकीसँग मेरो आमाले आएर वेलावेला गुनासो गर्नुहुन्थ्यो। मेरो आमाकै ठेट नेपाली मिश्रित तराई भाषा शव्दमा।

के कर्नु वहिनी इशहाक त सारो विग्रिहाल्यो वुवाके सङ्गै दोकान मे वसेर रामो से काम करदैना खाली जहाँ तहाँ भागेर काता काता पुगेको छ। घर मे भात

खाएरे दोकान मे जान्छु भनेरे जाए पछि त अवर्रा केटाहेरू के सङे दोसरे ओरी खेले जाईहाल्छ, म ले कत्ति कुट्छु कुट्ने बेला मे मो अब भाग्दैन बुवासिते दोकान मे काम करे जान्छुमाई भन्छ। फेर विहान भैला सब भोर पराइ हाल्छ आफेर तिहे अवर्रा केटाहेरू के सङ्गे खेले जाईहाल्छ। कत्ति कत्ति कुटोमोत कुट्दै कुट्दै अब हरान भैहालो नानी ईता आएके बेरा तँपाइहेरू ले गालि करेरे सम्झाएरे भनेसेत तेटेरि हाल्छ नु ! हमरा बरोबराके भै हालो नानी आ बुधी एक पैसा के छैन। त्यस के सङ्ग के केटाहेरू कत्ति पैसा कमाएरेलियाउँछ र आ आफ्नु आमा बुबा के दिन्छ !

यस्तै थुप्रै कुराहरू गुनासाहरू मेरो आमाले काकीलाई सुनाएपछि म त्याहाँ पुगेको वेला यिनै कुराहरू गरेर काकीले मलाई हप्काउने गाली गर्ने र सम्झाउने गर्नुहुन्थ्यो (काकीकै शव्दमा)।

हेर बावै कति दुःख गरेर पालेका हुर्काएका छन् तँलाई तेरा आमा बाले। अब पनि कति दुःख दिइरहन्छस्, तँ मोरा एत्रो लाठे भएर, अब पनि तैंले नकमाएर आमा बाउलाई नहेरे के काम तिमीहरूलाई त्यस्तो दुःख गरेर पालेको हुर्काको, तँलाई पोमा छैन यहाँदेखि विराटनगरसम्म कति दुःख गरेर पालेका छन् तेरो आमा वाले हामी सँग सोध्न। तँचाहिं झन् अलि अलि पढेको सारा संसार चार चौरास घुमेर चहारेर आए को इशहाक त निकै टाठो बाटो र बुद्धिमान छ भनेर भन्दै छौं हामी, तेरो चाल चाहिं यस्तो छ भने भोलि यिनीहरूले (काकीले आफ्नू चार वर्षे छोरो तारालाई देखाउँदै) हामीलाई पो के हेर्लान् त एसो आफै सोच त, तँ कति राम्रो बाउसँगै बसेर लुगा सिउने हो भने चार पाँच रुपियाँ कहाँ जान्छ र दिनकै ! हेर बावै दुइचार रुपियाँ तँसँग छ भने जस्ले पनि पत्याउँछ मायाँ गर्छ। तँसँग सुका पैसा छैन भने अरूले त के आफ्नैले पनि पत्याउँदैनन् वुझिस्, आजभोलि भन्दा हेर अव त तेरो बिहे गर्ने बेला पनि भैसक्यो, विहे गरेपछि चाहिं तेरो स्वास्नी कस्ले पाली दिन्छ तँ आफै भन् त ? अब पनि न कमाएर सँधै भरी भागी भागी हिंडेर मात्रै पुग्छ, मोरा भोलिदेखि वुवासँग काम गर्न नजात मात्रै !

दिदीले फेरि मलाई भन्नु आउनु भयो भने नि (हाँस्तै) तेरो गाला चड्काउँछु नि म वुझिस् ! (फेरि मायाँको फूल वर्षाउँदै) हेर वावै फेरि काकीले गाली गरी भन्लास् नि हामीले गाली गरेको त तेंरै लागि त हो नि।

काका-काकीसँग मेरो रगतको नाता नभए पनि मानवीय र छिमेकी

नाताको वलियो बन्धनले होला, वीरगन्जदेखि विराटनगरसम्म काका-काकीको न्यानो मायाँ पाएँ । मैले काकी भन्ने गरे पनि उहाँ त आमा नै हुनुहुन्थ्यो र आमाहरूको मुटुमा मायाँको मूल जो हुन्छ कहिल्यै कहिल्यै सुक्दैन त्यो ।

त्यसरी नै बेलाबेलामा मैले काकीलाई तर्साउने, जिस्काउने गरेको सम्झना आज पनि हृदयको क्यामरामा कैद छ । काकीलाई तर्साउन मैले जिउँदै हरहरा सर्प समातेर गोजीमा राखेर ल्याउँथे र काकीको नजिकै बसेर गोजीबाट सर्प निकालेर काकीलाई देखाउँदा काकी तर्सेर उफ्रँदै चिच्याउँदै मलाई नाना भाँती गाली गर्दै थरथर काम्दै घरभित्र पसेर ढोका लाएर चिच्याइ-चिच्याइ गाली गरिरहनुहुन्थ्यो म त्यहाँबाट नहिंडेसम्म ! त्यतिखेर काकीलाई तर्साउन सफल भएकोमा चाहिं खूबै रमाउँथें । त्यसैगरी कहिले प्यारोडी गीत सुनाएर त कहिले जादू देखाएर हँसाउने पनि गर्थें । त्यहाँ वरिपरिका सवै केटाकेटीहरूको प्रिय पात्र थिएँ म त्यसैले त्यहाँ पुग्यो कि केटाकेटीहरू मेरो दायाँ-वायाँ झुम्मिन्थे कोही जादू देखाउने दाइ भन्थे, कोही गीत सुनाउनु न दाइ भन्थे भने कोहीचाहिं भूतप्रेतको कथा भन्नुस् न दाइ भनेर हत्ते हाल्थे ।

अहिले पनि म मुर्ली गएको वेला काकालाई भेट्न जाँदा उहिलेका केटाकेटी अहिले छोराछोरीका वावुआमा भैसकेकाहरू अहिले भेट हुँदा उहिलेका कुरा सम्झेर जादू देखाउनु न दाइ भनेर हत्ते हाल्छन् । अझ छोरा-छोरीको बाउ भै खाको त्यो रामुचाहिं त झन् के भन्नु अझ केटाकेटी जस्तै छ । वाटैमा जहाँसुकै भेटिहाल्यो भने जादूले मिठाई वनाइदिनु न दाइ भनिहाल्छ, मिठाई खान पल्केको तिल्के ! त्यतिखेर म रामुलाई उही पाँच वर्षेना वालकको रूपमा संस्मरण गर्न पुग्छु । एता चन्द्रु काकालाई भेट्दा पनि काकाले अतीतलाई कोट्याइदिएर मलाई रोमान्चित तुल्याइदिनुहुन्छ । मैले उहिले गाएको प्यारोडी गीत चन्द्रुकाकाले ए दिदी केरे केरे ईशहाक भन त भन्नुहुन्छ भने म त्यसलाई पूरा गर्दै भन्छु, ए दिदी पोई पऱ्यो वाङखुट्टे हुन देऊ बैनी धपाउँछ लामखुट्टे !

यतिवेला आफ्नू बाल्यकाल र ती अल्लारे दिनहरूको संस्मरण गर्दै विगत र वर्तमानको कल्पनामा हराउन पुग्छु म । आमाबालाई दिएको दुःख त आफ्नै लागिपो बेसाएको रहेछु । अतीतका दृश्यहरू मेरो मानसपटमा क्रमशः चित्रित भैरहन्छ । आमाबाले भनेको नमानी भागी भागी जताततै भौंतारिंदै हिंडेको, पढ्न भनेर हिंडेको केटो म त्यस्तै साथीहरूको लहैलहैमा लागेर जंगलतिर बयेर खान पुगेको सम्झन्छु, कहिले बुबासँगै बसेर लुगा सिएर टाँकघर बुन्दै टाँक टाँक्दै गरेको, त कहिले घाम घाममा चंगा समाउन दौडेको, कहिले पोखरीहरूमा वल्छी थाप्दै माछा मार्दै गरेको, कहिले पियन भएको बेला हाकिम खरदारको हप्की

खाएको, कहिले आफू प्रहरी रहेको बेला अरूलाई हप्काएको, कहिले जादूगरका रूपमा हजारौं दर्शकहरूलाई आफ्नो जादू कलाले मन्त्रमुग्ध बनाएको, त कतै काँधमाथि राइफल बोकी डाँका अप्रेसन गस्तीमा तराईका गाउँ बस्तीहरूमा, खेतका आलीआली र जोतिएका खेतका ती डल्लाहरूमा अनिदो आँखाले अलड्याङ्-बलड्याङ् गर्दै हिंडेको, भोको पेटमाथि बाँधिएको त्यो थ्रिनटथ्रिका गोली (कारतुस) सम्झन्छु म, कहिले राईफलको चेम्बरबाट घाइते भएर एकलाख असी हजार चक्कर खाएर निस्केको तातो गोली र राइफलको मोजलबाट निस्केको वारुदको धुँवाको गन्धले खुम्चेको आफ्नू नाकमुख । अतीतको त्यो बारुदको धुवाँ यतिखेर संस्मरणमा तुवाँलो वनेर मडारिन थाल्छ र मेरो मानसपटमा पुनः दृश्यहरू फेरिन पुग्छ ।

अहा कति पवित्र र निश्चल कति निर्भिक चंचल थिए ती आफ्ना वालापन र उरेन्ठेउला अल्लारे दिनहरू जस्लाई छिचोल्दै तन्नेरी अवस्थातिर पाइला सार्दाको त्यो क्षण, उन्मुक्त बैंसको उन्मादमा पुक्क परेका गाला, फूलझैं फक्रिएको कपाल हेर्दा जो कोहीले पनि फिल्मी हिरोसँग तुलना गरेर प्रशंसा गरिदिंदा मेरो व्यक्तित्वको मन फूल सरि सुवासित र अस्ताएको आकाशझैं फराकिलो भएको सम्झँदै, वर्तमान झल्याँस्स सम्झन्छु । आज म त्यही ईशहाक कतै एम.डी.आई. कतै ईशहाक हुसेनका नामले पाँच दसक पार गर्दैछु ।

दुई श्रीमतीका श्रीमान चार छोरी र चार छोराका पिता अहिले ६ वटा नाति-नातिनाका हजूरवुबा म आज आफ्नू थाप्लो छाम्दै आफ्ना पूर्वका अनुभूतिहरू संस्मरण गर्दैछु ।

◆

—बारा

कृषि विकास बैंकले किसान, व्यापारी, उद्यमीहरूलाई ग्रामीण कृषि कर्जा,
अहिले : व्यापार कर्जा र बैंकिंग सुविधाहरू प्रदान गर्दछ ।

- किसानहरूलाई आफूले तिर्न सक्ने जतिमात्र ऋण लिनको लागि उत्साहित गरिएको छ ।
- वैंक र किसानवीच बढी भेटघाट हुन सक्ने नयाँ व्यवस्था मिलाइएको छ ।
- वैंकिंग कार्यालयहरूमार्फत उत्पादनशील क्षेत्रमा जाने कर्जाहरूलाई प्रोत्साहित गरिएको छ ।
- ऋण र बचतलाई सँगसँगै लैजाने नीतिलाई जोडदार रूपमा कार्यान्वयन गरिएको छ ।
- वैंकले २०५४ सालमा लागू गरेको पहिलो चरणको सुधार कार्यक्रमबाट बैंकलाई सक्षम र भरपर्दो वनाउन सहयोग मिलेकोले २०५८ सालमा दोस्रो चरणको सुधार कार्यक्रम लागू गरी वैंकलाई दीर्घजीवी बनाउने पहल गरिएको छ ।

देशको समष्टिगत कृषि विकास कार्यलाई सघाउन
कृषि विकास बैंकको कार्यहरूमा सहभागी होऔं ।

कृषि विकास बैंक

मुख्य कार्यालय– रामशाहपथ, काठमाडौं
फोन : २६२८८५, २६२५९३, फ्याक्स : २६२६१६, २६२९२९
e-mail: agrbnk@infoclub.com.np, Web Site: www.adbn.gov.np

यात्रा-संस्मरण

ऋषेश्वर दुवाडी

समय समय न हो, न त समयलाई कसैले रोक्नै सक्छ, न त छेक्नै सक्छ । ऊ आफ्नै, गतिमा अविरल वगिरहन्छ । एक दिन मलाई पनि समयले अन्तरवार्ता लिन पुग्यो । अन्तरवार्ता लिएको कयौं वर्ष वित्यो आजसम्म पनि मैले आफ्नो रिजल्ट पाउन सकेको छैन ।

त्यो अन्तरवार्ता आज मेरो मानसपटलभित्र यात्राको स्मरण बनेर गुमसिरहेको छ । मेरो यात्राको स्मरण जहाँवाट शुरु भएको छ, त्यहीं आएर टुङ्गिन पुगेको छ । यसरी शुरु हुन पुग्यो । म जसरी आफ्नो जीविकोपार्जनको निम्ति छिमेकी जिल्ला मकवानपुर साझा प्रकाशनमा भित्रन पुगें त्यतिखेर गाउँले परिवेशमा हुर्किएको म अहिले पनि गाउँले परिवेशमा जागिरेको ठूलो मान-सम्मान छ जागीर खान पाएको हर्सोल्लासले गद्‌गद् थिएँ करीव करीब १ महिना त म आपन डाउन झैं समय बिताएँ । एक दिनको कुरो हो ! विशेष कामले म कार्यालय बन्द भएपछि १ घण्टा ढिलो हुन पुग्यो ६ वजेतरि म वसपार्कतिर लम्कें । सायद त्यो बस नै वीरगन्ज-नारायणगढको अन्तिम बस रहेको लोकल यात्री र लङ यात्रीहरू वसमा खचाखच रहेछन् म पनि वसको खुड्‌किलो उक्लन बाध्य भएँ । वसको ढोकैतिरको सिटमा २ जना युवतीहरू बसेका थिए । उनीहरूकै सिटमा टाँसिएर उभिन पुगें म । कुरियरमा काम गर्ने साथीहरू पनि सँगसँगै हुनुहुन्थ्यो अनि हामी आफ्नै धुनमा व्यस्त हुन पुग्यौं । हामी जस्तै अरू यात्रीहरू पनि आ-आफ्नै धुनमा व्यस्त हुन पुगेका छन् गाडी डब्यार्र .... डब्यार्र गर्न थाल्यो यात्रीहरू आफै खचाखच हुन छाडेका थिएन गाडीले आफ्नो गति लिन थाल्यो । हेटौंडावाट गाडीले ९० कि.मी. मात्र पार गर्न भ्याएको थियो । अचानक गाडीको अगाडिपट्टिको दुवै हेड लाइट वन्द हुन पुग्यो । नजिक-नजिकका यात्रीहरू आ-आफ्नो गन्तव्यतिर दौडन थाले । ती युवतीसँग सिटमा वस्ने युवतीको पनि गन्तव्य नजिकै रहेछ क्यारे उनी पनि गाडीवाट ओर्लन पुगिन् अनि ती युवतीको सिटमा म बस्न पुगें । (समय मंसिर महिनाको थियो) । अनि ती युवती र मेरो बीचमा परिचयका सम्बन्धहरू वढ्न थाल्यो ।

ती युवती महिला विकास पालुङमा सर्भिस गर्ने रहिछिन् । उनको घर

काठमाडौं मैतीदेवी रहेछ । उनको नाम सरिता भट्टराई रहेछ । अनि परिचय गर्ने क्रममै आफू काठमाडौंबाट आएको जानकारी गराइन् । उनका यी शब्दहरू फुत्कन नभ्याउँदै पुनः प्रश्न तेर्स्याउन पुगें काठमाडौंवाट त गाडी दिउँसै आइपुगेको थियो त ? फेरि किन यसबेला फेरि तपाईंको गन्तव्य कहाँसम्मको हो ? त्यहीमाथि साथमा कोही छैनन् ? एक्लै हुनुहुन्छ ? मलिनो स्वरमा भन्न थालिन् आउने त दाजु दिउँसै नै आइपुगको थिएँ । अफिस महिला विकास शाखामा अफिसियल्ली केही काम थियो । त्यसैले अलि ढिला हुन पुग्यो । चितवन भण्डारा रेशम खेती कार्यालमया दाजु हुनुहुन्छ धेरै वर्ष भयो भेट नभएको यसो भेट गरेर आऊँ भन्ने उद्देश्यले जान लागेको हुँ दाजु । तर यसबेला भैंदियो ? अझसम्म पनि गाडी मर्मत हुन सकेको थिएन । अन्ततः कण्डेक्टरले यात्रीहरूको पैसा फिर्ता गर्न वाध्य हुन पुगे । हामी यात्रीहरू आ-आफ्नो पैसा लिंदै गाडीवाट ओर्लन पुग्छौं । कण्डेक्टरले आश्वासन दिंदै भन्न थाले हजूरहरू केही छिन धैर्य गर्नुहोस् गाडी आउँदैछ हामी गाडीमा राखिदिनेछौं । समय भिड्की सकेको थियो । नभन्दै केही छिनपछि गाडी त आइपुग्यो तर त्यहाँ आइपुग्नेवित्तिकै गाडीको पछाडिपट्टिको टायर पन्चर हुन पुग्यो । हामी फेरि निरास हुन पुग्यौं । दुवै गाडीको पेसिन्जरले गर्दा सडकमा भीड लाग्न थाल्यो । रात्री बसहरू आ-आफ्नै धुनमा सडकलाई नै चिरौंला झैं गर्दै दौडिरहेका थिए । हामी यात्रीहरू हात ठड्याउँदै थियौं । करीब वेलुकीको १० वज्दै थियो । दौडने गाडीहरूले हामीहरूलाई वास्ता गर्न छाडिसकेका थिए । अनि मैले एउटा जुक्ति सोच्न पुगें त्यस दूरीवाट हामी केही मिटर अगाडि बढ्यौं । एउटा गाडी हुत्तिंदै आइरहेको थियो । ती युवतीलाई गाडी रोक्ने आग्रह गरें । नभन्दै गाडी रोकियो । हामी हतार-हतार गर्दै गाडीमा उक्लियौं । मेरो मन एकपटक ढुक ढुक गर्न थाल्यो । त्यस ट्याङ्करमा ६।७ जना युवकै युवक रहेछन् । यिनीहरूवाट कहीं अभद्र व्यवहार त हुने होइन ? फेरि मैले ढुक ढुक भएको मनलाई खुला श्वासमा परिणत गर्न पुगें हिम्मतको साथ ड्राइभरले स्टेरिङ आफ्नै गतिमा चलाउँदै छन् । लोथरमा गएर गाडी रोकिन पुग्यो । त्यस गाडीमा भएका स-परिवार यात्रीहरू खाना खान ओर्लन पुगे । हामी दुवै ओर्लिएनौं न त मैले ती युवतीलाई खाना खान जाऊँ नै भन्न सकें, न त ती युवतीले नै भन्न सकिन । केवल हामी केही क्षण चुपचाप हुँदै केही क्षण गफ गर्दै समय बिताउँदै थियौं । जागीरे जीवनका सुख-दुःखका गफहरू गर्दै थियौं, प्रजातन्त्र उदायपछिका राजनैतिक गफहरू गर्दै थियौं । अचानक हाम्रो भेटको सिलसिलाको गफ गर्दै थियौं । समय निकै बितिसक्यो तर पनि खाना खान गएका ड्राइभर र यात्रीहरू अझसम्म पनि

फर्किसकेका थिएनन् । निकैवेरपछि उनीहरू वल्ल फर्किए । अनि गाडी आफ्नो गतिमा चल्न थाल्यो । केही क्षणमा नै भण्डारा चोक आइपुग्यो । ड्राइभरले गाडी रोक्दै भन्न थाले– हजूरहरू यहीं ओर्लने होइन ? हामीलाई भने गफैमा भण्डारा आइपुगेको पनि थाहा थिएन । ती युवतीले रुन्चे स्वरमा आँखाभरि आँसु झार्दै भन्न थालिन् ल त दाई म झर्छु है भन्दै ओर्लन थालिन् । सुनसान मध्यरात ११.३० वजिसकेको छ । यस मध्यरातमा एक जवान युवती एक्लै सडकमा मेरो मनले धरै दिएन । म पनि त्यहीं ओर्लन वाध्य भएँ । ती युवतीले अनेकौं विलौना गर्न थालिन् दाजुलाई किन यति दु:ख मैले उनलाई मानवको मानवीयताको भावनाको पाठ सिकाउन थालें । त्यस मध्य रातमा हामी दुई अँध्यारो रात खोल्साखाल्सी, गह्रा, डिल हुँदै हामी रेशम खेती कार्यालयमा पुग्यौं । क्वाटरमा पुग्दा कार्यालय-रक्षकहरू तास खेलिरहेका थिए । अनि मैले ती युवतीका दाजुसँग परिचय गाँस्न थालें । उहाँको दाजु त त्यसै दिनमा अफिसियल कामको लागी त्यसै दिनमा जनकपुर प्रस्थान गरिसक्नुभएको रहेछ । फेरि हामी दोस्रोपटक त्यहाँ निरास हुन पुग्यौं अनि मैलें उनीमाथि प्रश्न तेर्स्याउन पुगें सरिताजी अव के गर्ने ? अनि उनले जवाफ दिन थालिन् दाजु अव एकपटक यस कार्यालयका प्रमुखसँग मेरो पहिले पहिले आउँदा पूर्ण परिचय भइसकेको छ एकपटक त्यहाँ जाऊँ न अनि ती सुरक्षा, रक्षकहरूले हामीलाई त्यस कार्यालय प्रमुखकहाँ लगिदिए । उहाँले हामीलाई सर्वत पानीवाट स्वागत गर्नुभयो । खानाको वन्दोवस्त गर्दै हुनुहुन्थ्यो । सरिताजीले लोथरमै खाएको आग्रह गरिन् । पुन: फेरि म माथि त्यस कार्यालय प्रमुखज्यूले खानाको लागि आग्रह गर्न पुग्नुभयो । आखिरीमा सरिताजीले नै जित्नुभयो । त्यस रात हामीले त्यसै कार्यालयमा वितायौं । भोलिपल्ट विहान ६ वजे हामी त्यस कार्यालयवाट विदावारी भई भण्डारा वजारमा झर्‍यौं । अनि मैले उहाँमाथि प्रश्न तेर्स्याएँ– सरिताजी हामीले अनेकौं वाधा-व्यवधान सहेर पनि रात वितायौं । यही रहेछ समयले मानिसलाई कहाँ-कहाँ पुर्‍याउँदो रहेछ भनेको । अव आज शनिबार म घर जान्छु, तपाईं आफ्नो गन्तव्यतिर लाग्नुहोस् । आँखाभरि टिलपिल-टिलपिल गरी केही बोल्न सकिनन् । केही क्षणमा नै गाडी आइपुग्यो । मैले गाडी रोकें । गाडी रोकियो । सुँक्क सुँक्क गर्दै एक्लै जाऊँ दाइ भन्न थालिन् । अन्तत: पुन म पनि फेरि गाडी नचडी रहन सकिन । केही क्षणमा नै हामी हेटौंडा आइपुग्यौं । महेन्द्र शालिकलाई परिक्रमा गर्दै हामीले दुवै हात हल्लाउँदै विदाइको संज्ञा दियौं ।

–हेटौंडा

◆

यस्तो जनजागरण !

✍ **धनञ्जय तिमिल्सिना**

“नमराऊ अशिक्षित जनता नगराऊ रक्तपात,
कुर्सी खोसी के गर्ने हो जानु छ खालि हात ।”

× × ×

“नखाउन विकासको बजेट् नगर भ्रष्टाचार,
जनतामा चेतना आए खानेछौ पछि मार ।”

कविकल्पना कोरा कागजमा कोरिने केही रेखा हुन् । भावमा भावुकताको समीकरणले साधकको साधना फलदायी हुन्छ । हामीले त्यस्तै एउटा साहित्य साधक भेटाएका छौं, जो सामान्य जनजीवनवाट माथि उठेर कतै विरक्त, कतै देशभक्त, कतै उपदेशक (मार्गदर्शक) र कतै समाज सचेतक देखिन्छन् । यी माथिका हरफहरू अथवा उद्धृत दुई श्लोक यिनै समाज सचेतकका हुन् । ती सचेतकले धेरै समय पहिले रचेका माथिका दुई लोकछन्दका श्लोक आजका प्रमुख समस्याका रूपमा देखापरेका दुई पक्षका बीचका चुनौती हुन् । ती दुई पक्ष भनेका **जनपक्ष र सत्तापक्ष** हुन् ।

प्रस्तुत प्रसङ्गमा महाभारतकालदेखि प्रथम र द्वितीय विश्वयुद्धको नरसंहार तथा कुर्सीकै लागि गरिने क्रान्तिको ज्वालामा ज्यूँदै खाग वनेका विश्वमानवको कथा, व्यथा र वेदना प्रारम्भको पहिलो श्लोकले पोखेको पाइन्छ भने दोश्रो श्लोकमा सरकार चलाउने संयन्त्रभित्र भएको भ्रष्टाचारी प्रवृत्तिको भरमारले भौंतारिएका जनताले अझै सत्ताधारीमाथि मार हान्ने चेतावनी पनि यी लोकछन्दका श्लोकले दिएका छन् ।

यो प्रसङ्ग हो एउटा होनहार वृद्ध जनकवि लालवहादुर रावलद्वारा रचित **लाल मुगाको । लालमुगा** एउटा ‘गीतिकविता सङ्ग्रह हो ।, जीवनका हरक्षणमा काम लाग्ने राम्रा सूक्तिहरू स्वयं रचेर ‘श्रीगणेशाय नमः’देखि प्रारम्भ गरी “पापधर्मः सुखदुःख”सम्म उपसंहार गरिएको यस “गीति कवितासङ्ग्रहमा जम्मा २२ वटा शीर्षकमा धर्म-दर्शन, राजनीति, अर्थनीति एवं नीतिदर्शन पक्षका मानवीय आचार संहिता जस्ता समग्र नीतिहरू जस्ता गहकिला काम लाग्ने जीवनोपयोगी

लोक कवितासङ्ग्रह "लामुगा"मा संकलित प्रारम्भका दुईओटा श्लोकहरू आधुनिक भौतिकवादका समस्या वटुलेका व्याख्यात्मक गीति पद्य हुन् । यी श्लोकले हालको नेपालको सामाजिक एवं आर्थिक संकटलाई यसले निकै सचेत गरेका पाइन्छ ।

"त्यस्तै गरी "महेन्द्र मणि हुन् देशका पुगे राष्ट्रसंघ
यो नेपाल सदस्य वन्दा, सवै भए दङ्ग ।" भन्दै नेपाल जस्तो संसारको सानो मुलुक संयुक्त राष्ट्रसंघमा पुगेको र यति सानो आँखाको नानी जस्तो राष्ट्र विश्वका महाशक्ति राष्ट्रहरूवाट एउटा विश्वसरकारको सदस्यका रूपमा सम्मानित हुँदा सवै (भारत-चीन जस्ता नेपालका छिमेकी ठूला राष्ट्रहरू पनि) दङ्ग परेको व्यहोरा लोकसाहित्यका माध्यमले कविले सरल भाषा र भावना व्यक्त गरेका छन् ।

नेपालको इतिहास नै विश्वासघाती राजनीतिको इतिहास भएको र धीर समशेरका सत्रभाइ छोराहरूले आफ्नै काका-वावाहरू मारी राज्यसत्ता हत्याउने नीति लिंदा नेपालको भविष्य नै अन्धकारमा परेको कुरा गीतिकवितामा कसरी व्यक्त गरेका छन् ? त्यो सरस कविकुशलताको पारख साहित्यकारकै विषय भएकाले मूर्धन्यहरूले नै त्यसको मूल्याङ्कन गरून् :

"विश्वासघाती राजनीति भण्डारखाल कोतपर्व
थापा पाण्डे बस्नेतका, गया मनका गर्व ... ।"

× × ×

"धेरै जनको हत्या भयो वडो वेढङ्गले,
आफ्नो पालि एकै पिढी भोग गऱ्यो जङ्गले ।"

× × ×

"धीरका सत्रभाइ् छोरा, कस्ता शुरवीर,
काका मारी सत्ता खोस्यो गरे है ! अन्धेर ॥"

त्यही उपर्युक्तश्लोकले व्यक्त गरेको राणाकालीन इतिहास र त्यस इतिहासको कालो कर्तुतले जन्माएको निरंकुशताभित्र श्री ५ पृथ्वीनारायण शाहका वंशजमात्र नभई नेपालमाताका सपूत राजकुमार वहादुर शाह– नेपालका वरिष्ठ विभूतिलाई

पनि जेलमै सडाएर मार्ने जस्तो निर्दोष हत्याको षड्यन्त्र सबैलाई थाहा नै भएको र त्यही षड्यन्त्रपूर्ण कुटिल दरबारिया भारदारी राजनीतिको घाउ कोट्याउँदै कवि भन्छन् :

"नेपाल बनाई बस्न नपाई, वीरबहादुर शाह ।
नेपालका विभूति यी हुन् सबैलाई थाहा ॥"

त्यस्तै हृदयविदारक राजनीतिमा दरबारिया सौतेनी रानीकै कारण पौराणिक राजा उत्तानपादका छोरा "ध्रुवले तपस्या गर्न रुँदै वन जानु परेको ईश्वरसँगै न्याय माग्ने दृढ अठोटले रुँदै-कराउँदै वन पसे पनि सत्यको न्याय पाई एक्लै ध्रुवतारा बनिरहेको वस्तुतथ्य यसरी व्यक्त गर्छन् कवि :

"पाँच वर्षका ध्रुव गया एक्लै रुँदै वनमा ।
डरभर नराखी कस्कै, ईश्वर सम्झी मनमा ... ॥"

यसै प्रसङ्गमा कविले एउटा तीखो व्यङ्ग्य प्रहार गर्दै विवेकहीन शासक भएपछि समूल राष्ट्र नै ध्वस्त हुने कुरा मार्मिक ढङ्गले निम्नानुसार व्यक्त गरेका छन्– कुरुवंशको विनाशको महाभारतकालीन षड्यन्त्रपूर्ण शासनको उदाहरण दिँदै :

"कर्मशक्ति-विवेकहीन, भएमा शासक ।
हुने छन् विपरीत काम पर्ने छ पश्चाताप ॥"

× × ×

कर्महीन, धृतराष्ट्र, विख्यात कुरु कुलमा ।
ध्वस्त भयो कुरुवंश, यिनकै सारा भूलमा ॥"

यसरी वर्तमान नेपालको सन्दर्भसमेत खुलस्त हुने सांसारिक राजनीतिको खेलमा वीर विश्वेश्वरको नेपालमा प्रजातन्त्र स्थापना र पुनस्थापना समेतको अवस्थाको सम्झना दिलाउँदै त्यस प्रजातन्त्रका संरक्षकहरूले असह्य दुःख भोगेको कुरा यसरी व्यक्त गरेका छन् एक दूरदर्शी कवि रावलले :

"प्रजातन्त्र निर्माण कर्ता वीर विश्वेश्वर ।
प्रजातन्त्र प्राप्त गर्न, दुःख सह्यौ अघोर ॥"

× × ×

"प्रजातन्त्र संरक्षक, वीर गणेशमान ।
योग्य नेता यी दुवैको ठूलो छ स्थान ... ॥"

यसरी समीक्षा गर्न खोज्दा एउटा सानो नपत्याउँदो "लालमुगा" गीति कविता संकलनमा व्यक्त कविका भाषा र द्वन्द्वलाई बिर्सेर यसको सरल, सरस एवं सहज भाव गहिराइका धेरै-धेरै व्याख्यात्मक कुराहरू छन्, जसको अझै धेरै व्याख्या अपेक्षित छ ।

अन्तमा नेपालको अपार जलसम्पदाको सदुपयोग गर्ने संकेत गर्दै कवि भन्दछन् :

"पानीबाटै उत्पत्ति भो विद्युत महाशक्ति
पानी हो प्राणको आधार गरौं भावभक्ति ... "

त्यस्तै अबको नेपालमा शान्ति हुनुपर्ने कुराको संकेत गर्दछन् कवि :

"गौतम बुद्धका उपदेश सबै मान्छन् विश्वभरि ।
अवतार भो मानव भै यहाँ, हुन् यी कवि हरि ॥"

यिनै कवि हरिको सन्देश हामीले आजको नेपालमा लागू गरेर शान्ति सुव्यवस्था कायम गर्नुपर्छ । (धन्यवाद) (अस्तु)

◆

–कैलाली

नववर्ष २०५९ को सुखद उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक एवं शुभचिन्तकहरूमा हार्दिक मङ्गलमय शुभकामना

शाखा प्रबन्धक मेख बहादुर राना
प्रगति गोबर ग्यास सेवा केन्द्र प्रा.लि.
शाखा कार्यालय– कावासोती, नवलपरासी
मुख्य कार्यालय– दमौली, तनहुँ

दुःखको जरो : 'म' र 'मेरो'

आर.पी. दुङ्गेल

मानिस आफूसँग जे छ, जति छ, त्यसमा सन्तुष्ट रहँदैन । रहने कोशिश पनि गर्दैन । आफूमा भएको गुण, आफूँग भएको साधन-सम्पत्तिको वास्तै नगरी परसाधन परद्रव्यमा दृष्टि लगाउँछ र सम्पन्न छरछिमेकीको दाँजोमा पुग्न खोजी सदा असन्तुष्ट, तनावपूर्ण भैरहन्छ । "मसँग के छ र ! केही पनि छैन । फलाना व्यक्तिभन्दा मसँग धेरै कम छ । ऊसँग करोड छ, मसँग लाख पनि छैन । अरूको उन्नति हुनुमा आफ्नो अवनति देख्दछ । उसका सन्तान सबै असल छन्, अनि मेरा सबै खराव । मेरो सन्तान विग्रिए, भत्किए, नासिए । अव यिनीहरूको भविष्य के हुने हो ? अगाडि कसरी जीवनयापन गर्ने हुन् ? सबै सन्तान लाटा छन्, श्रीमती सोझी छे, मेरो शेषपछि कसरी जीवन व्यतीत गर्ली ?" यस्तै अनावश्यक चिन्तामा नै रुमल्लिइरहन्छ मानव । आफू आफ्नो परिवा र म मेरोको सेरोफेरोको घेरोवाट हामी हाम्राको घेरोसम्म मात्र पनि पुग्ने प्रयत्न गर्दैन । हाम्रो छिमेक छ, हाम्रो समाज छ, हाम्रो देश पनि त छ भन्ने कुरालाई सर्वथा विर्सिदिई 'तेरो मेरो'को दायराभित्र नै भौंतारिरहन्छन्, एकदम संकुचित विषय वास्ना उपभोग गर्नमा ऊ यति तल्लीन रहन्छ कि ऊ इष्टमित्र, वन्धुवान्धवलाई त्यागी दिने सम्म धृष्टता गर्दछ, अभिमान रूपी नशामा मदोन्मत्त भएर आँखाको दायाँ वायाँ पट्टी लगाएको घोडा जस्तो, एकोहोरो, केवल एकोहोरो ।

अकस्मात् आपत् विपत् रूपी वायुको झोक्का आउँछ । ऊ विरामी पर्दछ, उठ्न सक्दैन दैनिक काम कर्तव्य पालना गर्न पनि कठीन हुन्छ । चिकित्सक कहाँ उसलाई पुऱ्याइन्छ । सबै परीक्षण पश्चात् थाहा हुन्छ, ऊ मुटुको रोगी वनिसकेको छ । अव उसलाई बाँकी जीवन यापन गर्न जीवनशैली वदल्नु पर्ने सल्लाह चिकित्सकले दिन्छन् । ऊ हतास हुन्छ । हिजो सम्म दिन रात नभनी परिवारको लागि लागीपरी गर्ने मानिस आज तिनै परिवारवाट आफू एक्लिन पुगेको अनुभव गर्दछ । शुरू शुरूमा त आफन्तबाट सहयोग पाएकै हो तर विस्तार विस्तार ती आफन्त विराना हुँदै गए । अव ऊ काम गर्न सक्दैन, आर्जन गर्ने क्षमता छैन, ऊ शिथिल भइसकेको छ । परिवारका अन्य सदस्यहरूको पनि आफ्नू जीन्दगी छ । श्रीमतीवाट पनि क्रमशः ऊ अवहेलित हुन पुग्दछ, कारण ऊ झन् झन् रोगी हुँदै गएको छ, रोगीकोपछि को नै लाग्दछ र ? रोगले च्याप्दै जान्छ अव ऊ केही

दिनको पाहुना मात्र भएको हुन्छ, यस जगत्मा । जव यो कुराको चाल पाउँछ त्यसवेला ऊ भगवानको स्मरण गर्न थाल्दछ । आफ्नो जीवनशैली परिवर्तन गर्दछ । आहार निद्रालाइ नियमित पार्ने प्रयास गर्न थाल्दछ, कारण अब ऊ उच्च रक्तचापको साथ साथै मधुमेहको रोगवाट पनि आक्रान्त छ, त्यसमाथि मुटुको रोग त छँदैछ ।

हिजोसम्म "लहै ! आहार, निद्रा नियमित गर्नु पर्दछ, पथ परहेजमा रहनुपर्दछ नत्र पछुतो पर्ला भनी सम्भ्फाउने मित्र, आफन्तहरूलाई ऊ डरछेरूवाको सल्लाह, कमजोर व्यक्तित्वको परिचायक" भनी वेवास्ता गरी जवाफ दिएको आफ्ना मित्र र आफन्तहरूलाई सम्भ्फन्छ ऊ । हिजोसम्मको स्फूर्ती कता गयो, "रोग लाग्नुभन्दा रोगको रोकथाम गर्नु नै वेश" भन्ने कुरालाई आफू खुशी गर्दा, लत्याउँदा र्यात चाँडै रोगी हुन पुगी दुरावस्थाको जीवन भोग्नु परेकामा पछुतो लाग्न थाल्दछ उसलाई । यसरी नै दु:ख कष्ट भ्फेल्दै पीडा भोग्दै जीवन व्यतित हुँदै जान्छ ।

उसको अगाडि एक एक याद आउन थाल्दछ । "ओहो ! मैले केवल म र मेरो परिवार भन्ने भावना राखी परोपकारलाई लत्याई वन्धु वान्धव समेतको अपहेलना गरें । परिवारको लागि मैले के गरिन, पैसा कमाउन के हथकण्डा अपनाइन । 'नैतिकता' भन्ने त कमजोरहरूको शब्दकोषमा रहने शब्द हो भन्ने भावना राखी भ्रष्ट आचरण गरी अर्थोपार्जन गरें । के सबै चिज पैसा नै रहेछ त अहं । अव ऊ आत्मिक शान्ति पाउन खोज्दछ तर परोपकार, सत्सङ्ग, भजन, ईश्वर भक्ति गर्न पनि उसलाई हृदयदेखि मन लाग्दैन । मन लगाउने प्रयत्न गर्दछ तर निष्फल । कारण न त अभ्यास, न त वैराग्य नै थियो । पहिलेदेखि नै समय समयमा अपनाई आएको भगवत् प्रेम, परहित कार्य गरेको भए पो त । अहिले मनोवृत्ति भगवान्मा एकाग्र हुन सक्दथ्यो । संसार नै छ, जे छ सवथोक यही जगत् हो भनी मान्यता दिइरहेको व्यक्तिले संसारको सृष्टिकर्तालाई कसरी मनन गर्न सक्दथ्यो ? एकैपटक । अव कसले आफूलाई परित्राण गर्दछ ? भनी सहारा खोज्दछ तर हृदयदेखि भगवान्को पुकारा गर्न सक्दैन । पहिले पहिले वरोवर पुकार गर्ने गरेको थिएन अनि कसरी पुकार गर्नमा सफलता प्राप्त गरोस् त ! ईर्ष्या, द्वेष, रिस, राग मोहमा फसेको व्यक्तिले कसरी यी सबै कुरादेखि सर्वथा पृथक् भगवान्लाई आफ्नो पुकार सुनाउन सक्दथियो र । हृदयदेखि नै पुकार्न सके पो हृदयावासी भगवान्ले पनि उसको पुकार सुनिदिने थिए त । साधु सन्त सदाचारीलाई अवहेलना गरेको दिन सम्भ्फँदै विलाप गर्दछ ऊ । आफ्नो अहन्ता, अहंकारलाई कोस्दछ ऊ विलाप गर्दछ । चिकित्सक भन्दछ शान्तिसँग वस,

चिन्ता नगर तर चिन्ता त झन् दिन पर दिन बढ्दो छ। साथी कोही छैन। सुखको त सबै साथी छन्, दुःखमा कोही पनि छैन।" छन् गेंडी सवै मेरी, छैनन् गेडी सबै टेढी।"

जुन कर्तव्य जस्तो कर्तव्य पालन गर्नु पर्दथ्यो सोही वमोजिम पालना गर्ने गरेको भए दुःखी हुनुपर्ने थिएन। विधाताले खोस्नु अगावै आत्मिक शान्ति प्राप्त हुने वाटोतिर लागेको भए यस्तो दुःख यस्तो रोग, यत्रो अशान्तिको शिकार हुनुपर्ने नै थिएन। यस संसारमा क्षणिक समयको लागि मात्र आएको हो, त्यो पनि आफ्नो उद्धार गर्ने अन्तिम जुनी मानवको रूपमा भन्ने कुरालाई विर्सी रखवाली गर्न आएको वास, डेरा स्वरूपको घरलाई मेरै घर हो भनी अड्डा जमाई वस्ने गर्दछ भने त्यस मानवलाई के भन्ने ? घरपति आउनासाथ आफ्नू प्रभुत्व जमाउन खोज्ने त्यस मानवलाई अवश्य पनि विधाता, परमात्मा रूपी घरपतिले गलहत्याउँछन् नै। जति कर जोरी विन्ती गरोस् नै। होटलमा एक रातको लागि वस्न दिएको आवास गृह भोलिपल्टदेखि मेरै हो भन्नेलाई होटलवालाले त्यत्तिकै छोड्छन् र। घोक्र्याएर निकाल्दछ। परिवारवाट, छिमेकीबाट, समाजवाट अवहेलित हुनु अगावै घोक्र्याइनु अगावै आफू आएको कर्तव्य पालनाको लागि हो, आत्मोद्धारको लागि हो, कर्मको फल व्यतीत गर्न आएको हो भन्ने सम्झी, आफू निमित्त मात्र हो सबै कर्ता भगवान् हुन् भन्ने सम्झी सदाचारलाई अगाली, कर्तव्य कर्म गर्ने गरेमा यो जगत्प्रति आशक्ति रहँदैन। जहाँ आशक्ति हुँदैन त्यहाँ खोसेर लग्दा पीर हुँदैन न प्राप्त हुदाँ हर्ष नै हुन्छ। प्रत्येक वस्तु सजिलैसँग त्याग्न सकिन्छ। त्यसकारण प्रत्येक दिन प्रत्येक चिजवारे "त्वदीयं वस्तु गोविन्द तुभ्यमेव समर्प्यते" भन्ने गर्दै अगाडि वढ्नु पर्दछ। मेरो भन्नासाथ सर्वनास हुन्छ, दुःख हुन्छ। आफ्नो कर्तव्यपालना गर। जगत्मा वस तर सर्वथा निर्लिप्त भएर नै वस्नु उत्तम हुन्छ। लिप्त त परमेश्वरसँग हुनुपर्‍यो। समयमै सवै मानसिक कल्मषा त्यगी त्यस सफा मनमा ईश्वरलाई बसाउने गर्नुपर्दछ। यो मन ईश्वरको वासस्थान हो ममता मोहको हैन। यस्तैगरी मनमा जमेको धुलोलाई त्यस व्यक्तिले समयमै धुलो हटाई सफा गर्ने अभ्यास गरेको भए प्रभु सजिलैसँग हृदयमा वास गर्ने थिए। अब पछुताउ गरेर के गर्ने ? तैपनि बाँचुन्जेल अझै समय छ, यस जुनीमा नभ्याए अर्को जुनीसम्ममा भएपनि भगवान् प्राप्ति होला तर प्रयत्न आज अहिल्यैदेखि नै गर्नुछ।

अर्जुनले आफ्नो रथ कृष्ण भगवान्लाई सुम्पिदिए जस्तै अव जीवनरुपी रथलाई भगवान्मा सुम्पिदिनु पर्छ। तब अर्जुनको जस्तो सफलता हात लाग्न सक्दछ हैन भने त दुर्योधनको जस्तै दुर्गति हुनेछ। थोरै मात्र कामना आयो भने

पनि जीवन नाश गर्नलाई त्यो काफी छ, किनकि कामना त वढ्दै जान्छ, कहिल्यै पूर्ति हुँदैन । लोभ त्यस्तो घडा हो जुन कहिल्यै भरिँदैन, अनि क्रोध त आगोको त्यो भिल्को हो जसले मनुष्यलाई खरानी वनाएर छोड्दछ, केही सत्व वाँकी राख्दैन, मोहमा त मनुष्य जाकिएकै छ ।

यस जगत्‌लाई स्वामीत्व भावले नहेर्ने गर्नुपर्दछ, आफू स्वामी भनेर मान्ने कारणं नै त भवसागरमा डुब्नुपर्दछ । अहं भावको त्याग गर्नुपर्दछ । यहाँ भोग गर्दा पनि त्यागको भावनाले वस्तुको उपभोग गर्नुपर्छ । त्यागमा जुन आनन्द छ, त्यो आनन्द भोगमा छैन । क्षणभरका लागि भोगमा सुखको मान होला, तर आनन्द त्यागमा छ जुन अनुभव गर्नेले प्राप्त गर्दछ । यही कुराहरू विचार गरे नै अन्त्यकालमा सजिलैसँग देहत्याग गर्न सक्दछ ।

एक राजा थिए । कुनै समस्या परे उनी गुरुकहाँ सल्लाह लिने गर्दथे र समस्या सुल्भाउने कार्य गर्दथे । केही दिनदेखि राज्य संचालन गर्न राजालाई कठिनाई पर्दै गएको थियो । समस्या परेको हुँदा सो समाधान गर्नको निमित्त पूर्ववत् गुरुकहाँ गए । गुरुले राजालाई केही दिन राज्य छोडेर जान सल्लाह दिए तर राजाले भने, “जहाँ गए पनि समस्या त पछि नै लाग्दछ, मेरो मनवाट हट्‌दैन, मनमा शान्ति हुँदैन, के गर्ने ?” तव गुरुले भने ‘राज्य मलाई देऊ ।’ राजाले संकल्प सहित राज्य गुरुलाई दान दिए । त्यसपछि केही धन लिई अन्य कारोवार गर्ने विचार गरी राजा धन लिनको लागि दरवार जान खोजे । गुरुले भने “राज्य त मेरो भइसक्यो, तिमी भित्र जानु पाउँदैनौ ।” तव राजाले परदेश गई नोकरी गर्ने विचार गरे । यो विचार वुभ्रेर गुरुले उनलाई भने “नोकरी गर्ने इच्छा छ भने यो मेरो राज्यको राजकाज गर्ने जिम्मा लऊ, नोकरी गर तिमीलाई निर्वाह वेतन दिइनेछ ।” राजाले ती गुरुलाई दान दिएको राज्यको शासन भार संभाल्ने जागीर पाए । केही दिनपछि गुरुले राजालाई उनको हालखवर सोद्धा राजाले भने “अव त राज्यमा समस्या छैन, आनन्द छ ।” हो यस्तै अभ्यास गरी जीवनयापन गर्ने गरेको भए वुढेस कालमा, असमर्थ, रोगी भएमा पछुताउनुपर्ने थिएन । मेरो सम्पत्ति कसले उपभोग गर्ला, परिवारले कसरी जीवन निर्वाह गर्लान् भनेर यो सम्पत्तिको स्वामी म, मेरो सम्पत्ति भन्ने सम्भिनु नै दुःखको कारण हो । जव यो सम्पत्ति ईश्वरको हो ईश्वरको सम्पत्तिको रेखदेख गर्न उनको निमित्त मात्र कार्य गर्न आएको हो भन्ने कुरा मनन गर्ने गरेमा कुनै समस्या आई पर्दैन र अन्त्यमा सजिलैसँग ईश्वर- प्राप्तिको मार्गमा अग्रसर भै ईश्वर मिल्ने कुरामा सन्देह रहँदैन । अस्तु ।

◆

क्वान यिन ध्यान- एक चिनारी

रविराज श्रेष्ठ

क्वान यिन ध्यान सम्बन्धमा चर्चा गर्नुभन्दा पहिले यस विधि, पद्धतिको सुत्रपात गर्नुहुने परम गुरु चिङ्ग हाईको वारेमा संक्षिप्त जानकारी पाउनु समायानुकुल ज्यादै उपायोगी हुनेछ ।

परम गुरु चिङ्ग हाईको जन्म औलाक (भियतनाम)को एक सम्पन्न, प्रतिष्ठित तथा प्रार्कृतिक चिकित्सकको परिवारमा भएको थियो । उहाँको जन्म हुँदा जन्म भएको स्थानमा एक्कासी उज्यालो प्रकाशले प्रकाशित भएको थियो भनिन्छ । उहाँ आफू क्रिश्चियन (क्याथोलिक) वातावरणमा हुर्केकी भए पनि आफ्नो वज्यैवाट वौद्ध धर्म वारेमा प्रारम्भिक ज्ञान प्राप्त गर्नुभएको थियो । उहाँ वाल्यकालदेखि नै दर्शनशास्त्र, अध्यात्म विज्ञानमा असामान्य रुचि राख्ने र चेतनशील प्राणीप्रति कृपालु दृष्टिकोण राख्ने एवं लज्जालु स्वभावको हुनुहुन्थ्यो । उहाँ १८ वर्षको हुँदा अध्ययनको लागि इंगल्याण्ड जानुभयो र । त्यहाँवाट रेडक्रसमा काम गर्नका लागि फ्रान्स र जर्मन जानुभयो । त्यसै दौरानमा एक जर्मन वैज्ञानिकसँग वैवाहिक जीवनमा वाँधिनुभयो । दुई वर्षको सुखद दाम्पत्यजीवन पछि बच्चादेखिको आदर्श परिपूर्ति तथा आत्माज्ञानको खोजीका लागि प्रिय श्रीमानको स्वीकृतिवाट वैवाहिक जीवन परित्याग गर्नुभयो ।

वैवाहिक जीवन परित्यागपछि आफ्ना शिक्षक तथा गुरुहरूवाट सिकेका कुराको अभ्यास क्रमशः देशविदेश घुम्दै नयाँ-नयाँ कुराहरू सिक्ने, ज्ञान हासिल गर्न निरन्तर लागि पर्न थाल्नुभयो । त्यसै क्रममा धेरै दुःखकष्ट झेल्दै हिमाली क्षेत्रमा रहनुभएका हिमाली गुरुको निर्देशनमा कडा परिश्रमवाट दैविक शक्तिको ज्योति अर्थात् सम्पूर्ण आत्मज्ञान अर्थात् सत्यको साक्षात्कार गर्नुभै पाएको ज्ञान एवं ध्यान विधिलाई नै "क्वान यिन ध्यान" पद्धति भनिन्छ । यो सवैको लागि सरल, सहज र वैज्ञानिक एवं प्रभावकारी सिद्ध भएको छ ।

परम गुरु चिङ्ग हाईले आत्माज्ञान प्राप्तिपछि केही वर्ष वौद्ध भिक्षुणीको जीवन विताई निरन्तर अभ्यासमा लीन रहनुभयो । त्यसै क्रममा उहाँको संगतवाट उहाँवाट ज्ञान हासिल गरेका ताइवानी तथा अमेरिकी चेला चेलीहरूको जोड तथा अनुरोधवाट आज विश्वका अधिकांश देशका करोडौं जनमानसमा प्रवचन सुनाई तथा लाखौं आध्यात्मिक आकांक्षीहरूलाई "क्वान यिन ध्यान"वाट दीक्षित गर्नुभएको छ । उहाँले संयुक्त राष्ट्र संघमा समेत पटक-पटक प्रवचन दिनुभएको छ । साथै विश्वको धेरै राष्ट्रहरूमा गई प्रवचन दिनुभएको छ । उहाँ एक कुशल

साहित्यकार, चित्रकार, फेशन डिजाइनर आदिमा पारगत समेत हुनुहुन्छ । परम गुरु चिङ्ग हाई सदा कर्ममा विश्वास गर्ने व्यक्तित्व हुनुहुन्छ ।

क्वान यिन ध्यान भनेको कुनै धार्मिक समुदाय होइन । यो सिक्न जुनसुकै धर्मावलम्वी वा धर्म नै नमान्ने नास्तिकले पनि सिक्न र अनुमति प्राप्त गरेर सिकाउन सक्दछ । यो सिक्दा शुल्क लाग्दैन । पूर्णताको लागि अर्थात् पूर्ण ज्ञान प्राप्त गर्नको लागि शुद्ध शाकाहारी वन्न जरुरी पर्दछ ।

सवैभन्दा सरल, सहज, स्वाभाविक, वैज्ञानिक एवं प्रभावकारी ध्यान विधिको नाम 'क्वान यिन ध्यान' पद्धति हो । यो ध्यान सिक्दा निम्न ५ कुराहरूको पालना गरेमा छिटो प्रभावकारी एवं फलदायी हुन्छ ।

(१) शुद्ध शाकाहारी भोजन गर्नु
(२) झुठा कुरा नबोल्नु
(३) आफूलाई अरूले जे जस्तो गरे हुन्थ्यो भन्ठान्नुहुन्छ । आफूले पनि अरूलाई त्यसै गर्ने गर्नु
(४) अनैतिक कार्य नगर्नु
(५) लागू पदार्थ सेवन नगर्नु

पूर्ण शाकाहारी भोजन गर्न नसक्नेहरूले महिनामा कम्तिमा १० दिन पूर्ण शाकाहारी भोजन लिने गरेमा कन्भेनिएन्ट विधि अनुसार आधा घण्टाको ध्यान सिक्न सँकिन्छ ।

ध्यान : आफूलाई जे जस्तो आसनमा वसेर सजिलो पर्छ त्यही आसनमा वसेर जुन विषयमा चित्तलाई वृत्तिमात्रले विस्थापित गरेको छ त्यस वृत्तिलाई अस्थिर गर्ने रज र प्रमाद उत्पन्न गर्ने तम गुणलाई हटाएर चित्तलाई सात्विक (दिव्य) रूपसँग लगातार त्यही एक वृत्तिमा स्थिर भएर रहनु ध्यान हो । धारणामा चित्त जुन वृत्तिमात्रले ध्येयमा लाग्दछ त्यो वृत्ति एकै प्रकार समान प्रवाहले उदय भैरहन्छ र अर्को कुनै वृत्ति वीचमा आउँदैन भने त्यसलाई ध्यान भन्दछ । त्यो ध्यान नै आफ्नो परिपक्व अवस्थामा समाधिमा परिणत हुन जान्छ। कुनै विषयमाथि चित्तलाई स्थिर राख्नुको नाम धारण हो । जव चित्त लामो समयसम्म लगातार त्यसैमा स्थिर रहन्छ तब त्यहीलाई ध्यान भनिन्छ तथा जव त्यही ध्यान सूक्ष्म तथा तल्लीनताकासाथ हुन्छ कि ध्यान गर्ने व्यक्तिलाई ध्येय विषयको अतिरिक्त अन्य कुनै कुराको होस हवाश रहँदैन तब त्यही ध्यानको अवस्थालाई समाधि भनिन्छ ।

ध्यानको क्रममा ज्योति विन्दु प्राप्त गरेर मनुष्य ज्ञानामृतको सागर गुणका भण्डार, विन्दुरूप ज्योति स्वरूप श्रृष्टिको आदि मध्ये र अन्त जान्ने हुन्छन् । जसले समाधिद्वारा विन्दु रूपज्योति स्वरूपको दर्शन गर्दछ त्यसले जतिसुकै पाप गरेको भएता पनि सुख दुःखरूपी वन्धनवाट मुक्त भएर अरूलाई शान्ति दिन

सक्ने, पतितलाई पावन गर्न सक्ने दिव्य दृष्टि भएको नरलाई नारायण बनाउने र सम्पूर्ण लोकलाई सुख दिन सक्ने हुन्छ।

ध्यानबाट हुने फाइदाहरू

(१) स्वस्थ बनिन्छ (तन र मन)।
(२) समस्याको समाधान निकाल्न मद्दत गर्छ।
(३) सहनशील, आत्मविश्वासी र सकारात्मक बनाउँछ।
(४) अक्सिजनको खपतमा कमी र कार्वनडाइअक्साइडको निर्माणमा कमी ल्याउँछ।
(५) हृदय र स्वासको गतिको क्रममा कमी आउँदा हृदय/श्वासप्रस्वास रोग हुन पाउँदैन।
(६) मन र शरीरमा निकट सम्वन्ध स्थापित गराउँछ।
(७) अन्तरात्माको चेतनालाई ब्युँझाउने र सत्यको महसुस गराउने अर्थात् आत्मा दर्शन गराउँछ।
(८) तनाव, चिन्तावाट मुक्ति, अनिद्रावाट मुक्ति, खराब बानीबाट छुटकारा दिलाउँछ।
(९) समयको सही पहिचान गराई सही निर्णय गर्ने क्षमताको विकास गराउँदछ।

ध्यानका विशेषताहरू

(१) यो ध्यान सरल, सहज, स्वाभाविक, प्राकृतिक एवं वैज्ञानिक छ।
(२) यो ध्यान कुनै धर्मसँग सम्वन्धित एवं आधारित छैन।
(३) यो ध्यान विधिमा मनको सहज, स्वाभाविक प्रवृत्तिको उपयोग गरिन्छ।
(४) यो ध्यान जुनसुकै स्थानमा आफ्नो अनुकूलता वमोजिम जसरी पनि गर्न सकिन्छ।
(५) यो ध्यान जुनसुकै जाति, लिङ्ग, धर्मकाले गर्न सक्दछ।
(६) यो ध्यान कालमा शरीरले विश्राम र मन जागृत अवस्थामा रहन्छ। (८ घण्टा सुत्दा पाउनेभन्दा १ घण्टा ध्यानमा बस्दा दोब्बर विश्राम प्राप्ति हुन्छ।)

परम गुरु चिङ्ग हाईले सामाजिक तथा अध्यात्मिक सेवा गरेबापत 'विश्व शान्ति पुरस्कार', 'विश्व अध्यात्मिक पुरस्कार', 'विश्व मानवतावादी पुरस्कार' आदिद्वारा समेत पुरस्कृत भैसक्नुभएको छ।

◆

नीलम

राकेश शास्त्री

नीलम शनिदेवको प्रधान रत्न हो । यसलाई संस्कृतमा इन्द्रनिलमणि, हिन्दीमा नीलम, अंग्रेजीमा Turguese र नेपालीमा नीलम भनिन्छ। प्राय: नीलम हिमालय क्षेत्र, श्रीलंका, कावुल, जावा आदि क्षेत्रमा पाइन्छ। प्रत्येक वर्णको लागि यस रत्न लगाउनु उत्तम मानिन्छ ।

यसका मुख्य गुणहरू

(१) यसको रंग नीलो हुन्छ । मयुरको प्वाँखको रंग जस्तो नीलम सर्वश्रेष्ठ मानिन्छ ।
(२) यो चम्किलो हुनुको साथै हल्का नीलो किरण छर्ने हुनुपर्दछ ।
(३) यो चम्किलो र स्पर्श गर्दा नरमपनको महसुस हुनुपर्दछ ।
(४) यो स्पष्ट सफा तथा पारदर्शी हुनुपर्दछ ।
(५) यो पाना जस्तै पारदर्शी श्रेष्ठ हुन्छ साथै यसको कोण पुष्ट हुन्छ ।

यसको पहिचान गर्ने तरिकाहरू

(१) घाममा यो प्रखर देखिन्छ र तेजिलो किरण निस्कन्छ ।
(२) पानीको गिलासमा यसलाई राख्दा पानीमा नीलो किरण स्पष्ट देखिन्छ ।
(३) दुधको विचमा यसलाई राख्दा दुधको रंग नीलो देखिन्छ ।

साढेसाती

जन्म लग्नबाट या चन्द्रबाट शनि बाह्रौं, जन्मको अर्को दोश्रो हुन्छ भने यस पूरा समयलाई साढेसाती भनिन्छ । शनि एक राशिमा २.५ वर्ष रहन्छ । यसप्रकार ३ राशिहरूमा यसको भ्रमणलाई साढेसाती भनिन्छ । यदि कसैलाई साढेसाती अनिष्टकर भएमा नीलम लगाउनु पर्दछ ।

यसको प्रभाव

सबै रत्नहरूमध्ये नीलम मात्र एक यस्तो रत्न हो जसको धारण गरेको केही समयमै आफ्नो असर देखाउँदछ। यसको धारणापछि निम्न असर देखाएमा यसको धारण गर्नुहुँदैन। अर्थात् तुरुन्त फुकाली राख्नुपर्दछ।

(१) डरलाग्दो र नराम्रो सपना देखिएमा।

(२) यो लगाएपछि मुखाकृतिमा अप्ठ्यारोपन, आँखा दुख्ने आदि भएमा।

(३) यो लगाएपछि आफू र आफ्नो परिवारमा अनिष्ठकारक घटना भएमा।

निम्न दोषहरू नभएको रत्न किन्नु पर्दछ

(१) **सफा सेतो डोर भएको** : यस्तो पत्थर लगाउँदा लगाउने मानिसको मृत्यु अस्त्र-शस्त्रवाट हुन्छ।

(२) **दूधिया** : यस्तो पत्थर लगाउनाले लक्ष्मीनाश (धन नाश) गर्दछ।

(३) **चिरिएको** : यस्तो र क्रस भएको पत्थर लगाउँदा दरिद्रता बढ्छ।

(४) **दुई रंग** : यस्तो पत्थर लगाउँदा सन्तान तथा श्रीमतीलाई हानी गर्दछ।

(५) **जाल** : यस्तो पत्थर लगाउँदा रोगव्याधिमा वृद्धि ल्याउँछ।

(६) **खाल्टो** : यस्तो पत्थर लगाउँदा शत्रु भय भैरहन्छ।

(७) **खस्रो** : चमकविनाको पत्थर लगाउँदा प्रियवन्धु (वान्धवहरूको) एवं हानी नाश गर्दछ।

(८) **धब्बा** : सेतो सानो सानो दाग भएको पत्थर विषयुक्त हुन्छ।

(९) **राता विन्दु वा छिटा** : यस्तो पत्थर लगाउँदा पुत्र सुख नपाउने तथा रोगवर्धक हुन्छ।

यसका उपरत्नहरू

आर्थिक स्थिति कमजोर हुनेहरूले उपरत्न लगाएर पनि फाइदा लिन सक्छन्।

(१) **लीलिया** : यो नीलो तथा हल्का रक्तिम लालीमा रंगको हुन्छ। यो चमकदार पनि हुन्छ। यो भारतको विन्ध्याचल पर्वत तथा गंगा-यमुनाको कछारमा पाइन्छ।

(२) **जामुन वा जमुनिया** : यसको रंग पाकेको जामुनको जस्तो हुन्छ । साथै हल्का गुलाफी, सेतो रंगमा पनि पाइन्छ । यो मुलायम, चिल्लो, सफा र पारदर्शी हुन्छ । यो अधिकांश हिमालय पर्वतमा पाइन्छ ।

यो निम्नअनुसारकाले लगाउनु हुन्छ :

(१) मेष, वृप, तुला, वृश्चिक लग्न रहेकाहरूले लगाउँदा भाग्य वृद्धि हुन्छ ।

(२) जन्मकुण्डलीमा शनि चौंथो, पाँचौं, दशौ वा एघारौं स्थानमा रहेकाले ।

(३) शनि पप्टेश वा अस्ठमेशको साथमा वसेको भएमा

(४) शनि आफ्नो भाववाट छैठौं र आठौं स्थानमा स्थित भएमा

(५) शनि मकर तथा कुम्भ राशी को स्वामी भएमा । यदि एक राशी श्रेष्ठ भावमा होस र दोश्रो अशुभ भावमा भएमा यो लगाउनु हुँदैन । तर दुवै राशी जन्मकुण्डलीमा श्रेष्ठभावको प्रतिनिधित्व गरेमा लगाउनु पर्दछ ।

(६) शनिको साढेसाती चलेको बेलामा ।

(७) कुनै पनि ग्रहको महादशामा शनिको अर्न्तदशा चलेको भएमा यसको धारणा गर्नुपर्छ ।

(८) शनि सूर्यको साथमा भएमा, सूर्यको राशीमा भएकाले या सूर्यबाट दृष्ट भएमा पनि यसको धारणा गर्नुपर्दछ ।

(९) शनि, जन्मकुण्डलीमा मेष राशीमा स्थित भएमा ।

(१०) जन्मकुण्डलीमा शनि वक्र, अस्तगत या दुर्वल होस र शुभ भावको प्रतिनिधित्व गरेको भएमा ।

(११) शनि ग्रह प्रधान व्यक्तिले ।

(१२) क्रूर कर्म गर्नेले यो रत्न हमेशा धारण गर्नुपर्दछ ।

रोगमा यसको प्रभाव

(१) आँखाको रोग, धुंध, जाल, पानी झर्ने, मोतियाविन्दु आदिमा केवडाको रसमा घोटेर आँखामा राख्दा वा लगाउँदा तुरुन्त लाभ पुऱ्याउँछ ।

(२) पागलपनको विमारीमा यसको भस्माधि सर्वश्रेष्ठ औषधी मानिन्छ ।

(३) यसको धारण गर्नाले खोकी, उल्टी, रक्तविकार र विषमज्वर आदि रोगबाट छुटकारा पाइन्छ ।

यसको प्रयोग

शनि, मकर या कुम्भ राशिमा हुँदा अथवा उत्तराषाढा, श्रवण, घनिष्ठ, शतद्रिभषा, पूर्वभाद्रपद, चित्रा, स्वाति तथा विशाषा नक्षत्रको दिन शनिबार परेको होस यस रत्न किनी पन्चधातु, फलाम वा सुनमा जडी (रत्न ४ रन्तीभन्दा कम नभै तयारीमा कम्तिमा ९ रन्तीको होस्) लगाउनाले राम्रो फल दिन्छ । यो लगाएको ५ वर्षसम्म उपयोगी हुन्छ । त्यसपछि पत्थर फेरी विधि पुऱ्याई लगाउनु पर्दछ ।

यसरी बनाएको औंठी शनि मण्डप बनाई, ग्रह शान्तिको साथै शनिको **"ॐ ही ऐं श्री शनैश्चराय नमः ।"** मंत्रको ६००० जाप सहित आहुती दिनुपर्दछ । त्यसपछि शनि-स्थण्डल धनुषाकार बनाई त्यसमा नौ तोला चाँदीको पत्रमा शनि यन्त्र बनाई निलम जडी स्थापित गर्नु पर्दछ । त्यसपछि त्यस यन्त्रमा नीलम जडित औंठी षोडशोपचार पूजा गरी प्राण-प्रतिष्ठा गरी **"ॐ शन्नो देवी रभिष्टच आपो भवंतु पीतये । शप्यौं रभिश्रवंतु नमः ।।"** मन्त्र तेइस हजार जाप गर्नुपर्दछ ।

त्यसपछि औंठी धारण वा पूर्णाहित गर्नुपर्दछ । त्यसपछि प्रयोगमा ल्याएको शनियन्त्र, तिलपात्र, तेल, मसूर, भैसी, फलाम, कालो गाई कालो दाल, कालो वस्त्र आदि दान गर्नुपर्दछ । साँझपख दीप वत्ति बाली भैरव पूजा तथा दीप दान गर्नुपर्दछ । यसप्रकार गर्नाले शनिवार सम्वन्धित सवै अनिष्ट शान्त भएर सुख शान्ति प्राप्ति हुन्छ ।

◆

नववर्ष २०५९ को सुखद उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक
एवं शुभचिन्तकहरूमा हार्दिक मङ्गलमय शुभकामना

रूना इन्टरप्राइज
सुपर स्टिल फर्निचर
हस्पीटल लाइन, बुटवल, रूपन्देही
फोन– ०७१-४०६७७, ४०९५५, ४२९५५

अन्तरवार्ता

"हर्षानुभूतिलाई म शब्दमा व्यक्त गर्न सक्दिनँ"

✍ **इन्द्रकुमार श्रेष्ठ 'सरित्'**

(इन्द्रकुमार श्रेष्ठ 'संरित्'– युवा पुस्ताका चर्चित लेखक । कथा, कविता, गीत, गजल, समीक्षा र संस्मरणका क्षेत्रमा मनग्य रचना प्रकाशित भैसकेका छन् 'सरित्'का । वि.सं. २०१९ सालमा म्यान्मा (वर्मा) मा जन्मिनु भएका सरित्ले नेपाली साहित्यमा स्नातकोत्तरसम्मको औपचारिक शिक्षा हासिल गर्नु भएको छ । साझा प्रकाशन, धवलागिरि साहित्य प्रतिष्ठान आदिवाट गरेर कथाका तीनवटा र एउटा कविता संग्रह प्रकाशन गरिसक्नुभएका सरित् हालै युवावर्ष मोती पुरस्कारबाट पुरस्कृत हुनुभएको छ । यसै सन्दर्भलाई लिएर युवा लेखक इन्द्रकुमार श्रेष्ठ सरित्सँग गरिएको कुराकानीको मुख्य अंश हाम्रा पाठकहरूका लागि प्रस्तुत गरेका छौं)

युवाबर्ष मोती पुरस्कार पाउँदा कस्तो अनुभव गर्नुभयो ?

आफू पुरस्कृत हुँदा, आफ्नो साधनाको कदर हुँदा निश्चय नै खुशी लाग्नु स्वभाविक हो । त्यसमा पनि युवककवि मोतीराम भट्टको नाममा स्थापना भएको पुरस्कार पाउँदाको हर्षानुभूतिलाई म शव्दमा व्यक्त गर्नै सक्दिनँ ।

तपाईंले प्राप्त गर्नुभएको पुरस्कारका बारेमा चलेको हल्लाका बारेमा के भन्नुहुन्छ ?

हेर्नुस्, गजराज लस्किंदा गल्लीका भुस्याहा कुकुरहरूले भुक्नु स्वाभाविकै हो । तर के भुस्याहा कुकुरहरूले भुक्दैमा गजराजले तर्सिएर आफ्नो गन्तव्य बिर्सिन्छ र ? म विगत २३ वर्षदेखि नेपाली साहित्यको श्रीवृद्धिका लागि साधनारत छु । पुरस्कार पाउँ भनेर ढोका ढोकामा पुग्दै स्वस्ती गर्ने मेरो प्रवृत्ति छैन । बीस वर्षको जागीरे जीवनमा त पदोन्नति पाउँ, यसो पाउँ भनेर मैले कहिल्यै कसैसामुँ बिन्ति गरिन, आफ्नो स्वाभिमानलाई बेचिन भने आफ्नै क्षमता र संघर्षले यो स्थानसम्म आइसकेपछि मलाई अब साहित्यिक क्षेत्रमा पनि कसैलाई रिझाएर पुरस्कार प्राप्त गर्नु कुनै जरुरी छैन । अहिलेका आलाकाँचा ठेट्ना लेखक (?) हरूले झैं चारवटा कविता कोरेर चालीसवटा ढोका धाउने प्रवृत्ति म मा भएको

भए आज होइन २३ वर्षअघि नै म दर्जनौं पुरस्कारबाट पुरस्कृत भैसक्ने थिएँ – म ठोकुवा गरेर भन्नु सक्छु ।

यसलाई अलि प्रस्ट पारिदिनुहुन्थ्यो कि ?

मेरो लेखनमा लेखकीय क्षमता भए मैले पुरस्कारलाई होइन पुरस्कारले नै मलाई खोज्दै आउँदोरहेछ भन्ने कुराको ज्वलन्त प्रमाण काजी रोशन पुरस्कार र युवावर्ष मोती पुरस्कार नै हुन् भन्दा पनि हुन्छ । त्यसैले मेरो ईर्ष्या गर्ने छुट भए लेखक (?) हरूले एउटा के कुरा बुझ्नु जरुरी छ भने आफ्नो लेखनीप्रति आफूलाई विश्वास छ भने आउनुस् स्वस्थ प्रतिस्पर्धा गरौं लेखनीको क्षेत्रमा आफ्नो लेखनमा दम भए मैले पुरस्कार पाइनँ भनेर राँडो रुवाई गर्दै अरूलाई सराप्नै पर्दैन । अर्काको स्वच्छ छविमाथि हिलो छ्याप्ने दुस्टता गर्नै पर्दैन । त्यसैले म चुनौती दिन्छु तिनलाई प्रमाण र हिम्मत भए मप्रतिको मिथ्या आरोप प्रमाणित गर्न

तपाई कुन कुन साहित्यिक संस्थासँग आवद्ध हुनुहुन्छ ?

मेरो लेखन नै म आवद्ध संस्था हो र म त्यहीसँग आवद्ध छु ।

तपाई साहित्यिक कार्यक्रमहरूमा निकै कम देखिनु हुन्छ नि ?

स्नेहपूर्वक बोलाएको कार्यकमहरूमा जस्तै व्यस्तता भए पनि म जान्छु । तर गोरखापत्रमा आजको कार्यक्रमा पढेर चियाचमेनाको लोभमा दाँत डिच्याउँदै जाने र मान्छे हेरेर स्वार्थी नमस्कार टक्र्याउने मेरो स्वभाव छैन । अब तपाईं नै पनि यसलाई मेरो घमण्डी बानी भन्नुहोला । तर होइन, यो त मेरो प्रवृत्ति हो, मैले साँचेका मेरो स्वाभिमानीरूपी श्रीसम्पत्ति हो ।

के साहित्यमा ग्रुपिज्म जरूरी छ ?

छ पक्कै छ, आफ्नो लेखनमा आफैलाई विश्वास नहुने, तील लेखेर पहाड बनाउन खोज्ने भूईफूट्टाहरूका लागि ग्रुपिज्म ज्यादै आवश्यक छ । नत्र ग्रुपिज्म जरूरी नहुने भए चारवटा कविता नलेखी ग्रुपका बाहेक अरू कस्ले चर्चा गरिदिने ? कहिले चितवन त कहिले राजधानीवासी बनेर रालेसिंगाने प्रवृत्ति कसरी फस्टाउने ? तर सरस्वतीका सच्चा साधकहरूलाई यस्ता छुसी ग्रुपिज्म जरूरीको कुनै आवश्यकता छैन ।

पुरस्कारकै कुरा गर्दा समकालीनहरूको तुलनामा पुरस्कार प्राप्तिका दृष्टिले कत्तिको सन्तुस्ट हुनुहुन्छ ?

मेरो पहिलो प्राथमिकता साधना हो । वि. सं. २०३५सालदेखि म निरन्तर सरस्वतीको साधनामा लीन छु । पुरस्कारकै लागि लेखेको नभएतापनि पुरस्कार

नै चाहिन्न भन्ने ढोँग पनि म गर्दिन । लेखनयात्रामा पुरस्कार चाहिन्छ लेखकीय ऊर्जाका लागि । मेरा समकालीनहरूले मदन पुरस्कार पाइसके, अब तपाईं नै भन्नुस्, म सन्तुस्ट हुँला कि असन्तुस्ट ?

तीनवटा कथा संग्रह निकाली सक्नुभयो, अब उपन्यास लेख्ने विचार छैन त ?

चार-पाँचवटा उपन्यास त लेखेकै हुँ । तर तिनको स्तरीयताको पक्षमा म आफै सन्तुस्ट हुन सकिन । उपन्यास लेख्ने तीव्र ईच्छा छ, तर नौलो विषय वस्तु नै मैले फेला पार्न सकेको छैन ।

तपाईको विचारमा कथा के हो र कथा नै किन बढी लेख्नु हुन्छ ?

साहित्यका जुनसुकै विधा भएतापनि त्यो अनुभवको अनुभूतिकौ अभिव्यक्त गर्ने माध्यम हो । त्यसैले कथा पनि एउटा अभिव्यक्तिकै माध्यम हो जसमा कथानक तत्त्व, चरित्र, घटनाक्रम, उद्देश्य आदिले पनि त्यो कथा नै हुनुपर्दछ जसमा जीवन र जगतको संघर्षपूर्ण एक झिल्को भेटियोस् । मैले कथा नै बढी लेखेको हैन तर चर्चा परिचर्चा चाहिँ कविताको तुलनामा मेरा कथाहरूको भएको मात्रै हो ।

तपाईको त गजल पनि त प्रिय विषय हो नि, हैन त ?

लेखनका दृष्टिले हैन, एउटा सम्पादकका रूपमा चाहिँ पक्कै हो । किनभने म गजलकार हैन । साथीहरूको संगतमा अहिलेसम्म मैले जम्माजम्मी एक दर्जनमात्र गजल लेखें हुँला । हो, नेपाली साहित्यमा लेखिएका गजलहरूका बारेमा समीक्षात्मक टिप्पणी गर्दै कलम चलाउनु चाहिँ मेरो शौख हो ।

यसै विषयमा तपाईंको पुस्तक निस्कदैछ भन्ने सुनिन्छ नि ?

ठीकै सुन्नु भो, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट 'नेपाली साहित्यमा गजल' भन्ने मेरो पुस्तक निस्कदैछ ।

उक्त पुस्तकले गजलको विषयमा खास के भन्न खोजेको छ ?

नेपाली साहित्यमा कहिलेदेखि गजल लेखियो, कति लेखियो, कस्तो लेखियो र कस्तो लेखिनुपर्छ भन्ने विषयमै उक्त पुस्तक केन्द्रित रहेको छ। उक्त पुस्तकमा मैले नेपाली गजलको विकासक्रमलाई खोतल्दै गजलको मूल्य र मान्यतालाई स्पष्ट पार्ने प्रयत्न गरेको छु ।

केही समय यता तपाईले आफ्ना रचनामा चर्को वैचारिक आग्रह गर्न थाल्नु भएको आरोप छ नि ?

विचार नभएको त मानिस नै हुँदैन । जीवन गतिशील छ र गतिको

प्रगतिमा रमाउने मान्छेहरूका बारेमा लेख्दा त्यस्तो देखिएको हुनसक्छ ।

तर तपाईंका रचनामा त प्रगतिवादी विचार र मायाप्रीतिको वर्णनसँगै गरिएको पाइन्छन् नि ?

यसमा अस्वाभाविक के छ र ? माया प्रेम र रतिराग नभए त न त म हुन्थें न त तपाईं नै हुनुहुन्थ्यो । किनभने जति नै जस्तोसुकै विचारको आगों बाले पनि के माया र स्नेहविनाको संसारको कल्पना गर्न सकिन्छ र ? म पनि मान्दछु, जीवनमा माया न सबै थोक हैन, तर जीवन बाँच्नका लागि माया केही त पक्कै हो । त्यसैले मेरो लेखनीमा मायाको प्रशङ्ग आउँदा आश्चर्य किन ?

लेखनमा अब तपाईंको लक्ष्य के त ?

लेखनमा मेरो लक्ष्य नै लेखन हो । लेखनलाई भऱ्याङ बनाएर मलाई शिक्षामन्त्री हुन्छु भन्ने छैन । धन कमाउँला, मोज उडाउँला भन्ने पनि छैन । साथै दुई चार जना लाउकेहरू पछि लाएर अरूमाथि हिलो छ्याप्दै हिंड्नु पनि छैन । त्यसैले आफैलाई सन्तुष्टि दिनसक्ने रचनाको सृजना गर्नु नै मेरो लेखनको उद्देश्य हो र मेरो सन्तुष्टिले समाज र सामाजिक प्राणीलाई अलिकति मात्रै छुन सक्यो भने पनि मेरो प्राप्ति त्यही हो ।

लेखनयात्राको कुन सोपानमा पुगें जस्तो लाग्छ ?

सिक्दैछु, लेख्दैछु । जीवन आफैमा एउटा पाठशाला हो, यही पाठशालाबाट सिकेर यहींको विद्यार्थीलाई केही दिन खोज्ने सिकारु सोपानमा नै छु । अग्रज लेखकहरूका अगाडि विनम्र अनुज हुँ तर भूईफुट्टाहरूका अगाडि म भीम हुँ ।

अन्त्यमा केही भन्न चाहनुहुन्छ ?

मेरो रचना पढेर, मन पराए र मलाई लेखनका लागि अभिप्रेरित गरिरहनुहुने मेरा आदरणीय पाठकहरूप्रति म सधैं कृतज्ञ छु र भविष्यमा पनि मेरा रचनाहरू पढेर मलाई यसरी नै प्रेरणा र हौसला दिइरहनु हुनेछ भन्ने आशा गर्दछु । यसका अतिरिक्त मेरो लेखनीप्रति ईर्ष्या गर्नेहरूले अझै बढी ईर्ष्या गरून् र उनीहरूको ईर्ष्यालु ऊर्जाले म युवावर्ष मोती पुरस्कारमात्र होइन, साहित्यिक क्षेत्रका अन्य गरिमामय पुरस्कार दिलाउने र मेरो लेखनीलाई युगौं दिगो राख्न सक्ने कालजयी रचनाको सृजना गर्न सकूँ । धन्यवाद !

◆

प्रस्तुति– **राजेश्वरी राणा**

पुस्तक-परिचय

"अध्यात्म विज्ञान"

महोत्तरी निवास भै हाल राष्ट्रिय वाणिज्य बैंकमा दशौं तहमा कार्यरत अध्यात्म विज्ञानका लेखक श्री महेन्द्रलाल कर्णले अध्यात्म विज्ञान सम्वन्धी दोस्रो कृतिका रूपमा 'अध्यात्म विज्ञान' नामक ११९ पेजको पुस्तक २०५८ माघमा श्रीमती मञ्जु कर्णद्वारा प्रकाशित गरिएको छ। यसको मुल्य रु. १२५।- लेखिएको छ। पुस्तकको नाम अनुसार 'विरुवा' र 'पृथ्वी'को चित्रसहितको सान्दर्भिक र आर्कषक आवरण सहित रहेको छ।



अध्यात्म विज्ञान
(SPIRITUAL SCIENCE)
– महेन्द्र लाल कर्ण

विरुवा
पृथ्वी
PLANT

दर्शनलाई आधार बनाएर लेख उपन्यास लेख्ने लेखकहरू भएता पनि अध्यात्म विज्ञानलाई औल्याएर लेखिएको पुस्तक त्यस्मा पनि सर्वसाधारणले बुझ्न सक्ने गरी नेपाली भाषामा लेखिएको आदरणीय खप्तड स्वामी पछिको यो नै पहिलौ पुस्तक भएजस्तो लाग्दछ। यसमा अध्यात्मलाई आजको वैज्ञानिकयुगमा वैज्ञानिक हिसावले समेत प्रमाणित हुने गरी प्रस्तुत गरिएको छ।

यस पुस्तकमा १२ वटा लेखलाई समावेश गरिएको छ। यसमा लेखकले परमात्मा अनन्त, अखण्ड, अप्रिय हुनुहुन्छ उहाँको विषयमा कल्पना गर्न सकिदैन, तर्कको परिधिभित्र ल्याउन सकिदैन एवं समापनमा पनि देखिन सम्भव छैन, अर्थात् परमात्मा कल्पना, तर्क, सपना, अनुमान इत्यादि भन्दा पनि पर हुनुहुन्छ, तर वेदको विषयमा जानकारी प्राप्त गर्नु हामी सबैको कर्तव्य हो कारण जीव र

जगतको संरचना एवं गतिविधि इत्यादि विविध एवं सम्पूर्ण विषयमा ज्ञान प्राप्त होस् भन्ने उपदेशले ईश्वरबाट नै मानिसलाई वेद प्रदान गरिएको हो, यसको सहज अर्थ लगाउन गाह्रो छ निरन्तर अनुसन्धानको आवश्यकता छ भन्ने विचार निकालिएको छ ।

विभिन्न सम्प्रदायका यस्ता महान् धार्मिक ग्रन्थहरू छन् । ती सबैमा यस विश्वको संरचनासम्बन्धी मूल विषयमा हाम्रा वैदिक ग्रन्थहरू जस्तै व्याख्या गरेका छन्, शब्द संरचनाहरू पूर्णत: वैज्ञानिक तरिकाबाट गरिएको छ, कहीं कतै अव्यवस्था छैन । यस्ता ग्रन्थहरूलाई समेत संकलन गरी हाम्रा वैदिक ग्रन्थहरूसँगसँगै सामूहिक रूपमा अनुसन्धान कार्य गरिएको खण्डमा यस जीव र जगतसम्बन्धी खोज कार्यमा थप बल पुग्नेछ एवं मानव मात्र एउटा नयाँ दिशातिर अभिप्रेरित हुनेछन् भनी लेखकीयमा लेखेको छन् ।

यो पुस्तक सबैका लागि पठनीय र सग्रहणीय । यस विधाले निरन्तरता दिंदै जान सकोस्, नेपाल नेपालीको गौरव गाथालाई विश्वमा नै अग्रणी स्थान ओगट्न सकोस् भन्ने हार्दिक कामना समेत गर्दछौं ।

"जिउँदो सिंह"

अमेरिकन नागरिक श्री डी. पावलद्वारा लिखित **"The Living Lion"** नामक नाटकको नेपाली भाषामा अनुवाद गर्ने पाल्पा निवासी भै हाल राष्ट्रिय वाणिज्य बैंकको मुख्य अधिकृत पदमा कार्यरत श्री रामबहादुर पहाडीले 'जिउँदो सिंह' नामक ऐतिहासिक नाटक श्री देबीवहादुर थापाद्वारा प्रकाशित गरिएको छ । यो नाटक ६७ पेज र ऐतिहासिक नक्सासहित रहेको छ । यसको मूल्य रु. ९९।- उल्लेख गरिएको छ ।

यस पुस्तकमा बडाकाजी अमरसिंह थापालाई जिउँदो सिंहको रूपमा प्रस्तुत गरिएको छ । धर्म र युद्ध दुवै अमरसिंह थापाको जीवनको प्रमुख अंग थियो । बाइसे चौविसे राज्यहरू एकीकरण गरेर नथाकेका अमरसिंह, गंगाबाट सतलज नदी र किल्ला काँगडासम्मको विस्तृत भू-भाग आर्जन गर्नेतर्फ तल्लीन हुन थाले । यी प्रचण्ड युद्धवीरले आफ्नो रण चातुर्य साहज, धैर्य र अतुलनीय पराक्रमले विश्वलाई नै आश्चर्य-चकित तुल्यायो । यी महारथीको वोलीचालीमा ओज, मुहारमा शौर्य र तेज थियो । महाकाली, गोरखकाली र वीरभद्रको आशीर्वाद यिनले पाए जस्तो

प्रतीत हुन्थ्यो ।

जिउँदो सिंह

राष्ट्रिय विभूति
बडाकाजी वीर अमर सिंह थापा
(जन्म - वि.सं. १८०८ स्वर्गारोहण वि.सं. १८७३)

महारथी अमरसिंहको वि.सं. १८७१-७२ नेपाल अंग्रेज युद्धबाट देशको सीमा विशाल पार्दै नेपाललाई "Greater Nepal" वनाएर सभ्य सम्मृद्ध राष्ट्रको रूपमा विश्वसामु उभ्याउने दृढसंकल्प, वीर-गाथाको सजीव वर्णन श्री डी. पावेलले आफ्नो नाटकमा सहृदय वर्णन गरेको पाइन्छ। यी महारथीको अन्तर्मनको चित्र उतार्न नाटककार धेरै हदसम्म सफल देखिन्छन् । योद्धाको मूल विचार रात्रीलाई छर्लङ्ग पार्ने कोशिश कलापूर्ण ढंगबाट जसरी भएको छ त्यसरी नै अनुवादक श्री रामबहादुर पहाडीले पनि त्यो यथार्थलाई पक्रन गरेको प्रयत्न यहाँ कम देखिंदैन । जुन राष्ट्रिय भावनास्वरूप उद्घाटित भएको छ । यो अनुवाद पूर्णतया मौलिक जस्तो देखिन्छ । यी विलक्षण प्रतिभाका धनी अमरसिंहको छातीभित्र स्वाधीनताको इतिहास लुकेको पाइन्छ। मातृभूमिको स्नेह र ममताले उनको रगत भिजेको थियो। सुख-सुविधा, ऐस-आरामको आकांक्षा उनले जीवनमा कहिल्यै पनि राखेनन्। जीवनभर जे जति गरे आफू र आफ्नो लागि नभै राष्ट्र र राष्ट्रिय स्वार्थका लागि लागी परेको इतिहासले देखाएको छ।

श्री डी. पावेलद्वारा लिखित 'The Living Lion' को नामक नाटकको अनुवादित "जिउँदो सिंह" पुस्तक पठनीय एवं संग्रहणीय पाइन्छ।

"यो एउटा भरिपूर्ण मरुभूमि"

लमजुङ, दुरडाँडा निवासी भै हाल राष्ट्रिय बीमा संस्थानमा कार्यरत श्री भाग्यशाली अधिकारीले 'यो एउटा भरिपूर्ण मरुभूमि' नामक ६७ पेज कवितासङ्ग्रहको



रूपमा पहिलो कृतिको स्वरूप श्रीमती शशीकला अधिकारीद्वारा २०५८ वैशाखमा प्रकाशित गरेको छ। यस सङ्ग्रहमा ३९ वटा विभिन्न शीर्षकमा लेखिएका कविताहरू समावेश गरिएका छन् । शीर्षक सुहाउँदो आवरण रहेको छ र यसको मूल्य रु. ५०।- (संस्थागत रु. १००।-) उल्लेख गरिएको छ ।

आफूलाई कवि माधव घिमिरेले 'यो एउटा भरिपूर्ण मरुभूमि' कवितासङ्ग्रहमा कवि अधिकारी यो देशमा जन्मन पाएकोमा आफूलाई भाग्यशाली सम्झन्छन् । यी अनुपम प्राकृतिक सौन्दर्यले परिपूर्ण हराभरा नेपालको गीत गाउँछन्, पूर्खाको पूर्व गौरवको र हृदयको हरियालीले परिपूर्ण नेपालीको गीत गाउँछन् । परन्तु दुर्भाग्यवश वनै पनि र मनै पनि प्रदूषणले मरुभूमि बन्दै गइरहेको देख्छन् र व्यङ्ग्यका कविता लेख्छन् । यहाँ उनी नागरिकै नागरिक खचाखच भरिएको देख्छन् तर तिनका राष्ट्रियता देख्दैनन् । यहाँ उनी मानिसै मानिसहरू भरिभराउ भएको देख्छन् तर तिनमा मानवता भएको देख्दैनन् । हुँदाहुँदै यो मानिस मानिसहरूको हूलमा अफैंलाई पनि पागल भएको देखाउँदै आफैलाई पनि व्यङ्ग्य गर्दछन् । यो भनाइ वरिष्ठ कवि श्री माधव घिमिरेको हो ।

कवि भाग्यशाली अधिकारी तीन दशकदेखि नेपाली साहित्यको विकासका लागि साधनरत हुनुहुन्छ र यो क्रम जीवनको अन्तिम पलसम्म रहिरहोस् भन्ने कामना गर्दछौं । यो "एउटा भरिपूर्ण मरुभूमि' कविता संग्रह पठनीय एवं संग्रहित रहेको पाइन्छ ।

◆

नववर्ष २०५९ को सुखद उपलक्ष्यमा समस्त ग्राहक एवं शुभचिन्तकहरूमा सुख, शान्ति तथा प्रगतिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. अम्मरबहादुर चऐडा
नेत्रेश्वरी निर्माण सेवा
गैह्रागाउँ, डोटी

सिजाली कस्ट्रक्सन
वुडहर वजार, डोटी

प्रो. दावा शेर्पा
शेर्पा स्पिड कस्ट्रक्सन
पिपल्लाबजार, डोटी,
फोन– ०९४-४००२६

नववर्ष २०५९ को सुखद उपलक्ष्यमा समस्त ग्राहक, कर्मचारी एवं शुभचिन्तकहरूमा सुख, शान्ति तथा प्रगतिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

विष्णु वम मल्ल
कार्यकारी निर्देशक तथा
नेपाल विद्युत प्राधिकरण परिवार

प्रो विद्यादेवी राजभण्डारी
मेची अटो पार्टस्
अनारमनी–३, विर्तामोड, झापा

प्रो मीनबहादुर कार्की
प्रेम प्रिन्टिङ्ग प्रेस
अनारमनी–३, विर्तामोड, झापा
फोन– ०२३-४०९४६

नववर्ष २०५९ को सुखद उपलक्ष्यमा
समस्त ग्राहक एवं शुभचिन्तकहरूमा सुख,
शान्ति तथा प्रगतिको लागि हार्दिक
मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

शक्ति ग्यास प्रा. लि.
नयाँसडक, पोखरा, कास्की
फोन– ०६१-२३८३५, फ्याक्स– ०६१-२४०५५

प्रो. मिनराज भट्ट
वैजनाथ राइस आयल एण्ड फ्लोर मिल
सुडा गा.वि.स.–१, कंचनपुर
फोन– ०९९-२१७९२

प्रो. नवराज जोशी
महाकाली अनाज केन्द्र
महेन्द्रनगर नगरपालिका-४, कंचनपुर
फोन– ०९९-२१९२१

जि.प्र.का./१७/०५४/०५५

नववर्ष २०५९ को सुखद उपलक्ष्यमा समस्त ग्राहक, कर्मचारी एवं शुभचिन्तकहरूमा सुख, शान्ति तथा प्रगतिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।



तिलक रावल
गभर्नर
तथा
नेपाल राष्ट्र बैंक परिवार

गणेशप्रसाद अधिकारी
अध्यक्ष
तथा
राष्ट्रिय वाणिज्य बैंक परिवार

डा. तुलसी भट्टराई
कार्यवहाक अध्यक्ष
नेपाल सहकारी वित्तीय संस्था लिमिटेड परिवार

नेशनल डेभलपमेन्ट को-अपरेटिभ सोसाइटी लिमिटेड परिवार